वार्षिक प्रगति प्रतिवेदन
२०७८।७९



महालेखापरीक्षकको कार्यालय
अनामनगर, काठमाडौं
नेपाल

प्रतिवेदन तयारीमा संलग्न कर्मचारीहरू

उप-महालेखापरीक्षक श्री महेश्वर काफ्ले

नायब महालेखापरीक्षक श्री बालकृष्ण थापा

नायब महालेखापरीक्षक श्री रविन्द्र प्रसाद देवकोटा

निर्देशक श्री रमेश सुवेदी

निर्देशक श्री राम कुमार शर्मा

निर्देशक श्री तिलक प्रसाद सापकोटा

लेखापरीक्षण अधिकारी श्री विधान अर्याल

लेखापरीक्षण अधिकारी श्री चन्द्रशेर राई

लेखापरीक्षण अधिकारी श्री राजिव वस्नेत

कम्प्युटर विशेषज्ञ श्री विष्णुगोपाल डंगोल

मन्तव्य

सर्वोच्च लेखापरीक्षण संस्थाको प्रचलित मान्यतालाई आत्मसात गर्दै सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन, २०६४ को दफा ४१ बमोजिम आर्थिक वर्ष २०७८।७९ मा महालेखापरीक्षकको कार्यालयले सम्पादन गरेका व्यवस्थापकीय तथा प्रशासनिक कामको यथार्थ स्थिति सार्वजनिक गर्ने अभिप्रायले यो प्रगति प्रतिवेदन तयार गरिएको छ । प्रतिवेदनमा समावेश भएका सूचना एवं जानकारी सबैमा उपयोगी हुने नै छ।

प्रतिवेदन तयारीमा संलग्न र सहयोग पुऱ्याउने सबैमा धन्यवाद दिन चाहन्छु ।

(टंकमणि शर्मा दंगाल)

२०७९ चैत्र

महालेखापरीक्षक

विषय-सूची

क्र.सं.	विषयवस्तु	पृष्ठ
१	पृष्ठभूमि	१
२	संविधान प्रदत्त अधिकार र कर्तव्य	३
३	लेखापरीक्षणमान र कार्यपद्धति	४
४	मानव संसाधन	८
५	आन्तरिक व्यवस्थापन	८
६	महालेखापरीक्षकको कार्यालयको ५९ औँ वार्षिक प्रतिवेदन पेस	१६
७	महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयन	१७
८	सस्थागत सुदृढीकरण	१७
९	आय-व्ययको स्थिति	१७
१०	कार्यालय भवन निर्माण	१९
११	आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार	१९
१२	अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग	२०
१३	राष्ट्रिय तालिम, सेमिनार, गोष्ठीमा सहभागिता	२१
१४	सरोकारबालासँगको सम्बन्ध	२२
१५	लेखापरीक्षण नतिजा	२३
१६	वित्तीय तथा परिपालना लेखापरीक्षण	२४
१७	कार्यमूलक तथा विशेष लेखापरीक्षण	२७
१८	सुधारका क्षेत्रहरु	२७
	निष्कर्ष	४२
तालिका		
१	कर्मचारी दरबन्दी र पदपूर्ति विवरण	४३
२	बढुवा भएका कर्मचारीहरूको विवरण	४४
३	सेवा निवृत्त भएका कर्मचारीहरूको विवरण	४५
४	सरुवा भई आएका कर्मचारीहरूको विवरण	४६
५	आर्थिक वर्ष २०७८।७९ को वार्षिक आर्थिक विवरण (२०८०००१३ चालु)	४७
६	आर्थिक वर्ष २०७८।७९ को वार्षिक आर्थिक विवरण (२०८०००११३ चालु)	४८
७	आर्थिक वर्ष २०७८।७९ को वार्षिक आर्थिक विवरणहरू (२०८०००११४ पुँजीगत)	४९
८	आर्थिक वर्ष २०७८।७९ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१३ चालु)	५०
९	आर्थिक वर्ष २०७८।७९ को वैदेशिक स्रोत समावेश भएका बजेटको वार्षिक आर्थिक विवरण (३०५०११०१४ पुँजीगत)	५१
१०	आर्थिक वर्ष २०७८।७९ को राजस्वको वार्षिक आर्थिक विवरण	५२
११	आर्थिक वर्ष २०७८।७९ को धरौटीको आर्थिक विवरण	५३

१. पृष्ठभूमि

१.१. **कार्यालय परिचयः** नेपालको सर्वोच्च लेखापरीक्षण संस्थाको रूपमा २०१६ सालमा स्थापना भएको हो । नेपालको संविधान र लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई संघ, प्रदेश र स्थानीय तहका सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी लेखापरीक्षण गर्ने जिम्मेवारी प्रदान गरेको छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएकोमा कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । कार्यालयले वित्तीय, कार्यमूलक, सूचना प्रविधि र वातावरणीय लेखापरीक्षण गर्दै आएको छ । महालेखापरीक्षकले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेस गर्ने र राष्ट्रपतिबाट प्रधानमन्त्रीमार्फत व्यवस्थापिका-संसद समक्ष पेस भई व्यवस्थापिका-संसदको सार्वजनिक लेखा समितिमा छलफल हुने गरेको छ र महालेखापरीक्षकले प्रत्येक प्रदेशको कामकारबाहीको सम्बन्धमा अलग अलग वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित प्रदेश प्रमुख समक्ष पेस गर्ने र उक्त प्रतिवेदन मुख्यमन्त्रीमार्फत प्रदेश सभामा पेस हुने गरेको छ । त्यसैगरी प्रत्येक गाउँपालिका र नगरपालिकाको अलग अलग वार्षिक प्रतिवेदन जारी हुने र उक्त प्रतिवेदन सम्बन्धित गाउँपालिका वा नगरपालिकाले स्थानीय तहको प्रचलित कानुनबमोजिम गाउँसभा वा नगरसभामा पेस गरी छलफल हुने गरेको छ ।

१.२. सर्वोच्च लेखापरीक्षण संस्थाको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards of Supreme Audit Institution - ISSAI) २० र २१ मा व्यवस्था भएको पारदर्शिता र जवाफदेहिताको मान्यतालाई अङ्गीकार गरी आर्थिक वर्ष २०७८।७९ मा महालेखापरीक्षकको कार्यालयबाट सम्पादित कामलाई सरोकारवालाहरू समक्ष जानकारीको लागि सार्वजनिक गरिएको छ ।

१.३. **दूरदृष्टि (Vision), गन्तव्य (Mission) र मूल्य मान्यता (Core Values):** संविधान एवं कानुन प्रदत्त जिम्मेवारी निर्वाह गर्न कार्यालयले निम्नबमोजिम दूरदृष्टि, गन्तव्य र मूल्य मान्यताहरू निर्धारण गरेको छः

- **दूरदृष्टि (Vision):** जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुन प्रयत्नशील रहने ।
- **गन्तव्य (Mission):** सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय सेवा प्रदान गर्ने ।
- **मूल्य मान्यता (Core Values):** महालेखापरीक्षकको कार्यालय र कार्यरत कर्मचारीहरूलाई निर्दिष्ट लक्ष्य एवं गन्तव्यतर्फ अग्रसर गराउन निम्न मूल्य मान्यताहरूलाई अङ्गीकार गरिएको छः
  - ***स्वतन्त्रताः*** व्यावसायिक विवेकको प्रयोगमा नकारात्मक प्रभाव पार्ने तत्वहरूसँग सम्झौता नगरी, स्वार्थगत विवादबाट टाढा रही निजी स्वार्थ र डर धम्कीबाट मुक्त रही, निष्पक्ष भई लेखापरीक्षण निष्कर्ष निकाल्ने, व्यहोरा औंल्याउने, लेखापरीक्षण राय व्यक्त गर्ने ।
  - ***निष्ठाः*** लेखापरीक्षणमा निजी वा बाह्य पक्षको स्वार्थबाट प्रभावित नभई इमान्दारिता, स्वच्छता, वस्तुपरकता र सत्यता प्रदर्शन गर्दै लेखापरीक्षण गराउने निकायसँग व्यवहार गर्दा पेशागत निष्ठा प्रस्तुत गर्ने।
  - ***जवाफदेहिताः*** लेखापरीक्षण पेशा र आम नागरिकप्रतिको जिम्मेवारी स्वीकार गर्दै जनताको सामूहिक हितको लागि सार्वजनिक स्रोतको उचित प्रयोग एवं संरक्षणतर्फ ध्यान केन्द्रित गरी कानुनको परिधिभित्र रही जनताको अपेक्षा पूरा गर्न जवाफदेही रहने ।
  - ***पारदर्शिताः*** पक्षपातरहित रायको प्रस्तुतीकरण, लेखापरीक्षणमानको निरन्तर प्रयोग, अन्तर्राष्ट्रिय उत्कृष्ट प्रचलनको अवलम्बन, सूचना, तथ्याङ्क सङ्कलन र विश्लेषणमा व्यवस्थित पद्धतिको अङ्गीकार र निश्चित

आधारमा लेखापरीक्षण नतिजा मूल्याङ्कन गरी सम्पादित कार्यको पारदर्शिता कायम राख्ने र लेखापरीक्षण सेवा प्रदान गर्दा गुणस्तर सुनिश्चित गर्ने ।

- ***व्यावसायिकता:*** व्यावसायिक र दक्ष जनशक्तिमार्फत गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्न कर्मचारीको सेवा प्रवेशपछि शिक्षा र तालिमको साथसाथै निरन्तर सीप विकास गर्ने र स्वाध्ययनलाई निरन्तरता दिने।

१.४. कार्यालयको गन्तव्य एवं लक्ष्य हासिल गर्न तय गरिएको रणनैतिक लक्ष्य र उद्देश्य

दूरदृष्टि

जनिहतका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धनमा विश्वसनीय लेखापरीक्षण संस्था

गन्तव्य

सरोकारवालालाई सार्वजनिक कोषको दक्षतापूर्ण उपयोग सम्बन्धमा आश्वस्त पार्न स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

मूल्य मान्यता

- स्वतन्त्रता
- निष्ठा
- पारदर्शिता
- जवाफदेहिता
- व्यावसायिकता

रणनैतिक लक्ष्य

१ लेखापरीक्षणको गुणस्तर र प्रभाव वृद्धि गर्ने	२ आन्तरिक शासन र स्वतन्त्रता सुदृढीकरण गर्ने	३ संस्थागत तथा व्यवसायिक क्षमता विकास गर्ने	४ वित्तीय अनुशासन र जवाफदेहिता अभिवृद्धि गर्ने	५ सरोकारवालासँगको सम्बन्ध प्रवर्द्धन गर्ने
रणनैतिक उद्देश्य	**रणनैतिक उद्देश्य**	**रणनैतिक उद्देश्य**	**रणनैतिक उद्देश्य**	**रणनैतिक उद्देश्य**
१.१ सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्डसँग आबद्ध लेखापरीक्षण पद्धतिको कार्यान्वयन गर्ने	२.१ आन्तरिक नियन्त्रण प्रणाली सुदृढ गर्ने	३.१ प्रादेशिक संरचना सहितको सांगठनिक स्वरूप तयार पार्ने	४.१ सम्परीक्षण कार्यलाई प्रभावकारी बनाउने	५.१ सरोकारवालाको माग अनुसार सहभागीता बढाउने
१.२ लेखापरीक्षण कार्यमा सूचना प्रविधिको प्रयोगलाई प्रवर्धन गर्ने	२.२ लेखापरीक्षणमा गुणस्तर नियन्त्रण र गुणस्तर आश्वस्तता प्रणालीलाई सुदृढ गर्ने	३.२ पर्याप्त भौतिक पूर्वाधार र सेवा सुविधाको व्यवस्थापन गर्ने	४.२ लेखापरीक्षणबाट औल्याइएका व्यहोराको कार्यान्वनयमा जोड दिने	५.२ सरोकारवालासँगको सम्पर्कलाई बढावा दिने
१.३ समयमा पाठकमैत्री लेखापरीक्षण प्रतिवेदन पेस गर्ने	२.३ सुपरीवेक्षण र मूल्याङ्कन प्रणालीमा सुधार गर्ने	३.३ क्षमता विकासका लागि उपयुक्त योजना तयार गरी कार्यान्वयन गर्ने	४.३ वित्तीय अनुशासन र जवाफदेहिता कायम गर्न योगदान पुर्याउने	५.३ सरोकारवालाहरू बीच विश्वसनीयता कायम गर्ने
१.४ कार्यमूलयक लेखापरीक्षणको गुणात्मक र संख्यात्मक अभिवृद्धि गर्ने	२.४ नैतिक मूल्य र आचार पालनामा ध्यान दिने	३.४ मानव संसाधन विकास योजनालाई अद्यावधिक र कार्यान्वयन गर्ने साथै प्रेरणा र मनोबल सुधार गर्ने।		
	२.५ पूर्ण आर्थिक स्वतन्त्रता हासिल गर्ने			
	२.६ संस्थागत स्वतन्त्रताको कानूनी आधार तयार पार्ने			

१.५. **संगठन संरचनाः** महालेखापरीक्षकको कार्यालयको कार्यबोझ, कार्य प्रकृति र उपलब्ध दरबन्दीको अवस्थालाई दृष्टिगत गरी संगठन संरचना स्वीकृत गरी लागू गरिएको छ । जसअनुसार कार्यालयको प्रमुख पदाधिकारीको रूपमा महालेखापरीक्षक रहने व्यवस्था छ भने नीतिगत विषयमा महालेखापरीक्षकलाई राय सुझाव प्रदान गर्न उप-महालेखापरीक्षकको अध्यक्षतामा केन्द्रीय समन्वय समिति (Central Co-ordination Committee) रहेको छ । यसले लेखापरीक्षण कार्यको अनुगमन तथा मूल्याङ्कनसमेत गर्दछ । महालेखापरीक्षकको मातहतमा शासकीय व्यवस्था, पूर्वाधार विकास, अर्थ राजस्व र आर्थिक तथा सामाजिक सेवा लेखापरीक्षण विभाग हेर्ने गरी चार उप-महालेखापरीक्षक (राजपत्राङ्कित विशिष्ट श्रेणी) र विभागअन्तर्गत विभिन्न महानिर्देशनालय हेर्ने गरी १४ नायब महालेखापरीक्षक (राजपत्राङ्कित प्रथम श्रेणी) को व्यवस्था गरिएको छ । महानिर्देशनालयअन्तर्गत निर्देशक (राजपत्राङ्कित द्वितीय श्रेणी) को नेतृत्व रहने गरी ३७ निर्देशनालयहरूको व्यवस्था गरिएको छ । निर्देशनालयको कार्यसम्पादनका लागि निर्देशकको मातहतमा कार्यबोझअनुसार लेखापरीक्षण अधिकारी (राजपत्राङ्कित तृतीय श्रेणी) देखि कार्यालय सहयोगी (श्रेणीविहीन) सम्मका कर्मचारीहरू रहेका छन् । प्रदेश एवं स्थानीय तहको लेखापरीक्षण गर्नुपर्ने जिम्मेवारी समेतलाई मध्यनजर गरी नेपाल सरकारबाट मिति २०७५।३।३२ मा ६१४ कर्मचारी दरबन्दी स्वीकृति भएकोमा महालेखापरीक्षकको कार्यालयको कार्यक्षेत्रमा बढोत्तरीसँगै प्रदेशस्तरमा समेत कार्यालय खोल्नका लागि चालु आर्थिक वर्षमा ६४३ जना कर्मचारीको दरबन्दी स्वीकृत भएको छ ।

२. संविधान प्रदत्त अधिकार र कर्तव्य

नेपालको संविधानमा राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय वा सो को कार्यालय, अदालत, महान्यायाधिवक्ताको कार्यालय र नेपाली सेना, नेपाल प्रहरी वा सशस्त्र प्रहरी बल, नेपाललगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । यसैगरी पचास प्रतिशतभन्दा बढी शेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षणका लागि कार्यालयबाट परामर्श प्रदान गर्ने गरिएको छ । यस अतिरिक्त संस्थासम्बन्धी विशेष ऐन तथा कार्यकारी निर्णयले गठित समिति, प्रतिष्ठान, विश्वविद्यालयलगायतको लेखापरीक्षण महालेखापरीक्षकले गर्नुपर्ने गरी तोकिएअनुसार कार्यालयबाट लेखापरीक्षण गर्ने गरिएको छ । लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकले लेखापरीक्षण गर्ने तरिका, क्षेत्र, परीक्षण गर्ने कुराहरू र नेपाल सरकारको पूर्ण एवं अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षणको सम्बन्धमा गरिनुपर्ने कामहरूको बारेमा व्यवस्था गरेको छ । लेखापरीक्षण ऐनमा नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण महालेखापरीक्षकद्वारा हुने र अधिकांश स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न लेखापरीक्षकको नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ ।

संविधान एवं कानुनमा व्यवस्था भएबमोजिम महालेखापरीक्षकको कार्यक्षेत्रभित्र देहायबमोजिमको लेखापरीक्षण गर्ने, परामर्श दिने र निर्देशन दिनेसम्बन्धी कार्य पर्दछन्:

- सर्वोच्च अदालत, व्यवस्थापिका-संसदलगायत सबै संवैधानिक अङ्ग, सुरक्षा निकाय र सरकारी कार्यालयहरूको लेखापरीक्षण,
- नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाहरूको लेखापरीक्षण,
- महालेखापरीक्षकले परीक्षण गर्नुपर्ने गरी कानुनद्वारा तोकिएका विश्वविद्यालय, प्राधिकरण, प्रतिष्ठान, विभिन्न कोष, विकास समिति तथा जिल्ला विकास समिति एवं स्थानीय निकायहरूको लेखापरीक्षण,
- नेपाल पक्ष रहेका सन्धि सम्झौताअन्तर्गतका निकायहरूको लेखापरीक्षण,
- नेपाल सरकारको अधिकांश स्वामित्व भएका संगठित संस्थाको लेखापरीक्षक नियुक्तिमा परामर्श,

- लेखासम्बन्धी व्यवस्था मिलाउन र नियमितता ल्याउनको लागि सम्बन्धित सरकारी निकाय वा संगठित संस्थालाई निर्देशन, र
- लेखाव्यवसायको विकास, संरक्षण र संवर्द्धन गर्ने सम्बन्धमा नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थालाई निर्देशन ।

महालेखापरीक्षकले उपर्युक्तबमोजिम लेखापरीक्षण गरी आफूले गरेको कामको वार्षिक प्रतिवेदन संविधानको धारा २९४ अनुसार राष्ट्रपतिसमक्ष पेस गर्नुपर्ने व्यवस्था छ । राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन संघीय संसदसमक्ष पेस गर्न लगाउने व्यवस्था छ । उक्त प्रतिवेदनमा संविधान प्रदत्त जिम्मेवारी पूरा गर्न महालेखापरीक्षकबाट निकायहरूको वित्तीय एवं कार्यमूलक लेखापरीक्षण गर्ने, संगठित संस्थाको लेखापरीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्त सम्बन्धमा आवश्यक निर्देशन दिने, लेखासम्बन्धी कागजात जुनसुकै बखत हेर्ने र लेखाको ढाँचा तोक्नेलगायतका कार्य भई आएको छ ।

३. लेखापरीक्षणमान र कार्यपद्धति

महालेखापरीक्षकको कार्यालयले सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनको सदस्यको हैसियतले सो संगठनबाट स्वीकृत लेखापरीक्षणमान, मार्गदर्शनको क्रमशः कार्यान्वयन गरी लागू गर्दै आएको छ । महालेखापरीक्षकको कार्यालयबाट सो संगठनबाट जारी भएका अन्तर्राष्ट्रिय लेखापरीक्षणमानमा आधारित सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण एवं कार्यमूलक लेखापरीक्षण निर्देशिकाहरू तयार गरी लागू गरिएको छ ।

३.१. **लेखापरीक्षणमानः** कार्यालयले संवैधानिक एवं कानुनी व्यवस्था, लेखापरीक्षणमान, विभिन्न क्षेत्रगत मार्गदर्शन एवं निर्देशिकालाई आधार बनाएर लेखापरीक्षण एवं प्रतिवेदन गर्ने र लेखापरीक्षणको गुणस्तर आश्वस्तता गर्ने गरेको छ । सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय मानदण्ड (International Standards for Supreme Audit Institutions - ISSAI) को आधारमा नेपाल सरकारी लेखापरीक्षण मान (Nepal Government Auditing Standards - NGAS) जारी गरी २०७७।४।१ देखि लागू गरिएको छ । यसबाट वि.सं. २०५३ मा जारी सरकारी लेखापरीक्षण मानदण्ड र वि.सं. २०६३ मा जारी सरकारी लेखापरीक्षण नीति मानदण्ड प्रतिस्थापन भएको छ ।

३.२. **लेखापरीक्षण कार्यपद्धतिः** लेखापरीक्षण ऐन, २०७५ ले महालेखापरीक्षकलाई लेखापरीक्षणको क्षेत्र, पद्धति, तरिका र समय निर्धारण गर्ने अधिकार प्रदान गरेको छ । प्रत्येक वर्ष महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण सञ्चालन गर्नु अघि वार्षिक कार्ययोजना तयार गरी मन्त्रालय/निकायका लेखाउत्तरदायी अधिकृत/सचिवलाई जानकारी दिने गरेको छ । उक्त कार्ययोजनाको आधारमा सम्बन्धित महानिर्देशनालयहरूले मन्त्रालयगत समष्टिगत लेखापरीक्षण योजना र लेखापरीक्षण गर्नुपर्ने प्रत्येक कार्यालयहरूको इकाईगत लेखापरीक्षण योजना तयार गरिन्छ । हरेक वर्ष निश्चित आधारहरू जस्तै कारोबारको परिमाण, प्रकृति, भौगोलिक क्षेत्र आदि पक्षलाई विचार गरी विभिन्न मन्त्रालयमातहत जिल्लामा कार्यसञ्चालन स्तरका कार्यालयहरूको समेत लेखापरीक्षण स्थलगत रूपमा लेखापरीक्षण टोली खटाई सम्पन्न गरिन्छ ।

लेखापरीक्षण मानदण्ड र विभिन्न मार्गदर्शन एवं निर्देशिकाको अधीनमा रही कार्यालयबाट लेखापरीक्षण एवं प्रतिवेदन गर्ने गरिन्छ । लेखापरीक्षण सम्पन्न भएपछि ३५ दिन म्याद दिई प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन लेखापरीक्षण गरिएको निकायलाई स्थलगत रूपमै उपलब्ध गराई सोको एक/एक प्रति तालुक मन्त्रालय, विभाग र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयमा पठाइन्छ । सम्पादित लेखापरीक्षण कार्यको गुणस्तर सुनिश्चित गर्न गुणस्तर मूल्याङ्कन तथा पुनरावलोकन गरी प्रतिवेदन गर्ने पद्धति अवलम्बन गरिएको छ ।

३.३. **लेखापरीक्षण कार्यविधिः** आर्थिक वर्ष २०७८।७९ मा वार्षिक योजना र कार्यक्रमको अधीनमा रही ३२८७ संघिय मन्त्रालय र निकाय (बक्यौता ४८ समेत), १०३१ प्रदेश मन्त्रालय र निकाय (बक्यौता १२ समेत), ७९९ स्थानीय तह (बक्यौता ५५ समेत), ४४८ समिति र अन्य संस्था, ९३ संगठित संस्था को स्थलगत रूपमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन गरिएको छ। लेखापरीक्षणको गुणस्तर अभिवृद्धिका लागि कार्यान्वयन

चरणमा निरीक्षण, सुपरिवेक्षण तथा आचारसंहिता पालनाको अनुगमन गरी गुणस्तर आश्वस्तताको निमित्त सम्पादित कामको पुनरावलोकन गर्ने गरिएको छ ।

लेखापरीक्षण गरिने निकाय र कारोबारको छनौट गर्दा जोखिम मूल्याङ्कनको आधारमा स्वीकृत योजना र कार्यविधि अबलम्बन गरी विस्तृत, संक्षिप्त र आन्तरिक लेखापरीक्षण तथा केन्द्रीय आर्थिक विवरणको आधारमा लेखापरीक्षण सम्पन्न गरिएको छ । कार्यमूलक लेखापरीक्षणको क्रममा केहीमा स्थलगत अवलोकनसहित नागरिक समाज, लाभग्राही समूहलगायत सरोकारवालालाई समेत सहभागी बनाई छलफल तथा अन्तरक्रियामा सहभागी गराई प्राप्त सूचनासमेतको विश्लेषण गरी प्रतिवेदन तयार गरिएको छ ।

३.४. निर्देशिका तथा मार्गदर्शन तर्जुमा

- **सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०:** सरकारी लेखापरीक्षकको निष्ठा, स्वतन्त्रता, निष्पक्षता, गोपनीयता र पेसागत नैतिक आचरण तथा मूल्य मान्यताको पालनाबाट यस कार्यालयको संवैधानिक जवाफदेहिता पूरा गर्न, लेखापरीक्षण कार्यप्रति सरोकारवालाहरूको विश्वास अभिवृद्धि गर्न र सार्वजनिक क्षेत्रमा पारदर्शिता एवं उत्तरदायित्व प्रवर्द्धन गर्न सकिने तथ्यलाई दृष्टिगत गरी कार्यान्वयनमा ल्याइएको "सरकारी लेखापरीक्षकको आचारसंहिता, २०७०" पालनाको अनुगमन समितिबाट अनुगमन हुने गरेको छ ।

- **वित्तीय लेखापरीक्षण मार्गदर्शनः** कार्यालयले कार्यान्वयनमा ल्याएको सरकारी लेखापरीक्षण सञ्चालन मार्गदर्शनलाई सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेको मानदण्डको आधारमा सुधार गर्न वित्तीय लेखापरीक्षण मार्गदर्शन २०७३ तयार गरी लागू गरिएकोले कार्यालयको वित्तीय लेखापरीक्षण अन्तर्राष्ट्रिय स्तरको हुने अपेक्षा गरिएको छ ।

- **नेपाल सरकारी लेखापरीक्षणमान जारीः** लेखापरीक्षणलाई वस्तुपरक, विश्वसनीय र भरपर्दो बनाई लेखापरीक्षण गुणस्तर अभिवृद्धि गर्न साविकमा स्वीकृत भएका सरकारी लेखापरीक्षण मानदण्ड एवं सरकारी लेखापरीक्षण नीति मानदण्ड खारेज गरी देहायअनुसारका "नेपाल सरकारी लेखापरीक्षण मान" (Nepal Government Auditing Standards, NGAS) माननीय महालेखापरीक्षकज्यूबाट स्वीकृत भई २०७७।४।१ देखि लागू हुने गरी कार्यान्वयनमा आएको छ। सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठनले जारी गरेका अन्तराष्ट्रिय लेखापरीक्षण मान (INTOSAI Framework for professional pronouncements, IFPP) मा आधारित रही लेखापरीक्षण ऐन, २०७५ को दफा २९ बमोजिम सो मानदण्ड जारी भएको हो ।

NGAS नम्बर	नेपाल सरकारी लेखापरीक्षण मानको नाम
INTOSAI-P1	The Lima Declaration
INTOSAI-P10	Mexico Declaration on SAI Independence
INTOSAI-P12	The value and Benefits of Supreme Audit Institutions-Making a difference in the life of citizen
INTOSAI-P20	Principles of Transparency and Accountability
ISSAI 100	Fundamental Principles of Public Sector Auditing
ISSAI 130	Code of Ethics
ISSAI 140	Quality control for SAIs
ISSAI 200-299	Financial Audit Principles
ISSAI 300-399	Performance Audit Principles
ISSAI 400-499	Compliance Audit Principles
ISSAI 2000-2899	Financial Audit Standards
ISSAI 3000-3899	Performance Audit Standards
ISSAI 4000-4899	Compliance Audit Standards

३.५. लेखापरीक्षण व्यवस्थापन

- **वित्तीय लेखापरीक्षणः** यो वर्ष ३ हजार २८७ संघीय मन्त्रालय तथा निकायको रू.२८ खर्ब २० अर्ब ३८ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार १३१ को रू.२ खर्ब ९९ अर्ब ५७ करोड, स्थानीय तह ७५३ मध्ये ७४४ र गत वर्षको बक्यौता ५५ समेत ७९९ को रू.१० खर्ब ५१ अर्ब १० करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४४८ को रू.२ खर्ब ६ अर्ब ११ करोड र संगठित संस्था ९३ को रू.३१ खर्ब ५५ अर्ब ९३ करोडसमेत रू.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

- **कार्यमूलक लेखापरीक्षणः** यो वर्ष ६ विषयको कार्यमूलक, १ विषयको परिपालना, १ विषयको वातावरणीय, १ विषयको विशेष लेखापरीक्षण र ३ विषयको सूचना प्रविधि लेखापरीक्षण गरिएको छ ।

- **संगठित संस्थाको लेखापरीक्षणः** यो वर्ष संगठित संस्थातर्फ ९३ इकाईको रू.३१ खर्ब ५५ अर्ब ९३ करोडको लेखापरीक्षण गरिएको छ । सोको अतिरिक्त ३१ संस्थाको रू.११ खर्ब ५२ अर्ब ७६ करोडको लेखापरीक्षणका लागि परामर्श दिइएअनुसार लेखापरीक्षण सम्पन्न भएको छ। प्रतिवेदन अवधिमा कार्यालयको जनशक्तिबाट २ संस्थाको लेखापरीक्षण सम्पन्न भएको छ । समयमा लेखापरीक्षण नगराउने संस्था र पदाधिकारीलाई जिम्मेवार बनाई आवश्यक कारबाही भएको छैन।लेखापरीक्षण ऐन, २०७५ को दफा ११(२) अनुसार संगठित संस्थाले लेखापरीक्षक नियुक्ति गर्दा महालेखापरीक्षकको परामर्श लिनुपर्ने व्यवस्था छ । लेखापरीक्षक नियुक्ति गर्दा परामर्श माग गर्नुपर्ने संगठित संस्थाको संख्या यकिन छैन ।

- **लेखापरीक्षणको अन्तिम प्रतिवेदनः** लेखापरीक्षणका मान्य सिद्धान्तअनुसार लेखापरीक्षण गरिएका वित्तीय विवरणहरू उपर रायसहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नुपर्ने हुन्छ । संगठित संस्थाको अन्तिम लेखापरीक्षण प्रतिवेदन जारी गर्दा सम्बन्धित संस्थाको वित्तीय विवरणउपर राय दिने गरी आएको छ । गत वर्ष अर्थ मन्त्रालय, महालेखा नियन्त्रक कार्यालयलगायत केन्द्रीयस्तरका निकायहरूको अन्तिम प्रतिवेदन र सञ्चितकोषको हकमा रायसहितको अन्तिम प्रतिवेदन जारी गरिएकोमा सो कार्यलाई यस वर्षपनि निरन्तरता दिइएको छ । यो वर्ष सञ्चितकोष समेत केन्द्रीयस्तरका निकाय, मन्त्रालय, नेपाल सरकारको पूर्ण स्वामित्व भएका संगठित संस्थाबाट प्रारम्भिक प्रतिवेदनको प्राप्त प्रतिक्रियासमेतमा कारबाही गरी अन्तिम प्रतिवेदन जारी गरिएको छ ।

- **रायसहितको लेखापरीक्षण प्रतिवेदनः** यो वर्ष महालेखा नियन्त्रक कार्यालयले तयार गरेको सञ्चित कोषको हिसाबउपर रायसहितको प्रतिवेदन उपलब्ध गराइएको छ । केन्द्रीय निकाय र संगठित संस्थाबाट पेस भएका वित्तीय विवरणमा रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सार्वजनिक क्षेत्र लेखामान (NPSAS) मा आधारित वित्तीय विवरण उपर रायः** यो वर्ष नेपाल सरकारका निकायबाट नेपाल सार्वजनिक क्षेत्र लेखामानअनुरूप वित्तीय विवरण पेस भएकोले सार्वजनिक क्षेत्र लेखामानमा आधारित भई तयार भएको वित्तीय विवरणउपर रायसहितको लेखापरीक्षण प्रतिवेदन उपलब्ध गराइएको छ ।

- **सम्परीक्षणः** लेखापरीक्षणबाट कायम भएका सम्परीक्षण गर्न बाँकी बेरुजू आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ र नियमावली, २०७७ को व्यवस्थाअनुसार सम्बन्धित निकायले फर्स्यौट गरी स्थलगत रूपमा नै सम्परीक्षण गराउन अनुरोध गर्ने र अनुरोध भएको १५ दिनभित्र सम्परीक्षणको जानकारी गराउने नीति कार्यालयले लिएको थियो । तद्अनुरूप २०७८ श्रावणदेखि २०७९ आषाढ मसान्तसम्म संघ, प्रदेश, स्थानीय तह तथा अन्य समिति तथा संस्थाहरुले रू.५० अर्ब २७ करोड ६३ लाख सम्परीक्षण गराएका छन् ।

- **वार्षिक लेखापरीक्षण योजनाः** आर्थिक वर्ष २०७७।७८ को कारोबारको लेखापरीक्षण कार्य नियोजित रूपमा छिटो छरितो, मितव्ययी एवं दक्षतापूर्ण तवरले सम्पादन गर्न लेखापरीक्षणको उद्देश्य, पद्धति, क्षेत्र, लेखापरीक्षणमा जोड दिइने विषयहरू, प्रतिवेदन व्यवस्था, लेखापरीक्षणका आधारहरू, गुणस्तर पुनरावलोकन, समिष्टगत योजना, तालिम तथा जनशक्ति विकास, कार्यतालिका लगायतका विषयहरू समेटी वार्षिक लेखापरीक्षण योजना, २०७८ तर्जुमा गरी लागू गरिएको छ ।

- **वार्षिक कार्यतालिकाः** आर्थिक वर्ष २०७८।७९ को कारोबारको लेखापरीक्षण २०७८ भाद्र अन्तिम हप्तादेखी शुरु गरी २०७८ माघ मसान्तसम्ममा सम्पन्न गर्ने र असार मसान्तभित्र वार्षिक प्रतिवेदन पेस गर्ने लक्ष्यसहित कार्यतालिका तयार गरिएकोमा विश्वव्यापीरूपमा देखा परेको कोरोना भाइरसको संक्रमण नियन्त्रण र रोकथामका लागि नेपाल सरकारबाट गरिएको बन्दाबन्दी लगायतको कारण २०७९ वैशाखमा लेखापरीक्षण सम्पन्न गरी २०७९ असारमा वार्षिक लेखापरीक्षण प्रतिवेदन सम्माननीय राष्ट्रपति समक्ष पेस गरिएको छ ।

- **लेखापरीक्षण टोलीको लागि निर्देशनः** जिल्लामा खटिने लेखापरीक्षण टोलीको कार्यसञ्चालन सम्बन्धमा प्रवेश तथा बहिर्गमन बैठक (Entry and Exit Meeting) सम्परीक्षणलगायतका विषय समावेश गरी तयार गरिएको निर्देशनअनुरूप लेखापरीक्षण गर्ने कार्यलाई निरन्तरता दिइएको छ ।

- **सुपरिवेक्षणः** स्थलगत लेखापरीक्षणको सुपरिवेक्षण गर्ने विधि, सुपरिवेक्षकको जिम्मेवारी र सुपरिवेक्षण गरी पेस गरिने प्रतिवेदनको ढाँचा समेटी लागू गरिएको लेखापरीक्षण अनुगमन तथा सुपरिवेक्षण निर्देशिका, २०७४ अनुरूप सुपरिवेक्षण गर्ने कार्य गर्ने गरिएको छ ।

३.६. **गुणस्तर आश्वस्तताः** कार्यालयले लागू गरेको गुणस्तर पुनरावलोकन निर्देशिका, २०६९ अनुसार लेखापरीक्षणका स्थापित मान्यता, नीति तथा कार्यविधि लेखापरीक्षणमा अनुशरण भएको सुनिश्चित गर्न सुपरिवेक्षण तथा आन्तरिक पुनरावलोकनलगायतका क्रियाकलापहरू सम्पादन हुँदै आएका छन् । यो वर्ष वार्षिक लेखापरीक्षण योजना, २०७८ बमोजिम उच्च जोखिमयुक्त निकायका रूपमा पहिचान भएका सबै सरकारी कार्यालयहरूको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीबाट प्रतिवेदन जारी गर्नु पूर्व सुपरिवेक्षक तहबाट पुनरावलोकन गरी प्रतिवेदन जारी गर्ने व्यवस्था मिलाइएको छ। उच्च तहबाट पुनरावलोकन नभएसम्म कुनै पनि लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन सम्प्रेषण नहुने नीति अवलम्बन गरिएको छ । लेखापरीक्षण प्रतिवेदन जारी पश्चातको पुनरावलोकनको लागि निर्देशकहरूको नेतृत्वमा २०७६।७७ मा लेखापरीक्षण सम्पन्न भएका ४१ फाइलको गुणस्तर आश्वस्तता पुनरावलोकन गरी प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदनमा उल्लेख भएका विषयहरू सम्बोधन हुने गरी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) तर्जुमा गरिएको छ ।

४. मानव संसाधन

यस कार्यालयमा निजामती सेवा ऐन, २०४९ बमोजिम नेपाल लेखापरीक्षण सेवा, नेपाल कानुन सेवा, नेपाल विविध सेवाका कर्मचारीहरू आवद्ध रहेका छन् । यस वर्ष कर्मचारी प्रशासन, तालिम र जनशक्ति विकासको अवस्था निम्नानुसार रहेको छः

४.१. **दरबन्दी र पदपूर्तिः** नेपालको संविधान र प्रचलित कानूनबमोजिम संघ, प्रदेश र स्थानीय तहको लेखापरीक्षण गर्न कार्यबोझका आधारमा संगठन तथा व्यवस्थापन सर्भे २०७८।५।३ मा स्वीकृत भएको छ । कार्यालयको नयाँ स्वीकृत दरबन्दीअनुसार ४ उप-महालेखापरीक्षक, १८ नायब महालेखापरीक्षक, ११३ निर्देशक, २५५ लेखापरीक्षण अधिकारी र अन्य कर्मचारीसहित ६४३ दरबन्दी कायम रहेको छ । स्वीकृत दरबन्दीमध्ये ५१३ पदपूर्ति भई १३१ रिक्त रहेकोछ । कुल पदपूर्तिमध्ये ८१ (१५.७९ प्रतिशत) महिला र ४३२ (८४.२१ प्रतिशत) पुरुष कर्मचारी छन् । दरबन्दी एवम् पदपूर्तिसम्बन्धी विवरण तालिका १ मा दिइएको छ ।

४.२. **बढुवाः** यो वर्ष उपमहालेखापरीक्षक पदमा २, नायव महालेखापरीक्षक पदमा ४, निर्देशक पदमा ३०, लेखापरीक्षण अधिकारी पदमा १९ र लेखापरीक्षण अधिक्षक पदमा ४ समेत ५९ जना कर्मचारीको जेष्ठता तथा कार्यक्षमता मूल्याङ्कनको आधारमा बढुवा भएको छ । साथै आन्तरिक प्रतियोगितात्मक परिक्षाद्वारा यस वर्ष ९ कर्मचारीको वढुवा भएको छ । यससम्बन्धी विवरण तालिका २ संलग्न छ ।

४.३. **सेवा निवृत्तः** यो वर्ष उमेर हद र राजीनामा समेतबाट उपमहालेखापरीक्षक २, नायव महालेखापरीक्षक १, निर्देशक १९, लेखापरीक्षण अधिकारी ४, कम्प्युटर अपरेटर १ र कार्यालय सहयोगी १ समेत २८ कर्मचारी सेवा निवृत्त हुनुभएको छ । यस सम्बन्धी तालिका ३ संलग्न छ ।

४.४. **सरुवाः** यस वर्ष विभिन्न पदका १३ कर्मचारीहरू अन्य कार्यालयबाट यस कार्यालयमा सरुवा भई आएका तथा यस कार्यालयबाट पदोन्नति तथा सरुवा भई १४ कर्मचारी अन्यत्र सरुवा भई गएका छन् । साथै यस वर्ष नयाँ नियुक्ति भएका कर्मचारीको संख्या ५३ रहेको छ। यससम्बन्धी तालिका ४ संलग्न छ ।

४.५. **दरबन्दी र कार्यबोझः** स्वीकृत दरबन्दी ६४३ मध्ये लेखापरीक्षणमा प्रत्यक्ष संलग्न रहने दरबन्दी ४९९ सुपरभिजनमा रहने दरबन्दी २२ र सहायकको रूपमा रहने १२२ दरबन्दी रहेको छ । प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने ४९९ मध्ये ४१० मात्र पदपूर्ति भई ८९ पद रिक्त रहेको छ । स्थानीय तहमा प्रत्येक वर्ष बजेटको आकार बढिरहेको, स्थलगत रूपमा लेखापरीक्षण गर्नुपर्ने, कारोबारको जटिलता बढेको आदि कारणबाट स्वीकृत दरबन्दीअनुसार लेखापरीक्षण सम्पन्न गर्न कार्यबोझ बढी रहेकोले प्रत्यक्ष लेखापरीक्षणमा संलग्न रहने पदमा २९ दरबन्दी थप गर्ने प्रस्ताव गरिएकोमा नेपाल सरकार, मन्त्रिपरिषद्बाट २०७८।५।३ मा स्वीकृत भई दरबन्दीमा वृद्दि भएको अवस्था छ ।

४.६. **विभूषणः** संविधान दिवस २०७८ को अवसरमा नेपाल सरकारबाट प्रदान हुने विभूषण तथा पदकबाट महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगाल प्रसिद्ध प्रबल जनसेवाश्री (द्वितीय) बाट विभूषित हुनु भएको छ । त्यसैगरी निर्देशक श्री कुमार थापा प्रबल जनसेवा श्री (चतुर्थ) बाट विभूषित हुनुभएको छ।

४.७. **निजामती सेवा पुरस्कारः** निजामती सेवा दिवस, २०७८ को अवसरमा यस कार्यालयका निर्देशक श्री नेत्रप्रसाद पौडेल उत्कृष्ट निजामती सेवा पुरस्कारबाट पुरस्कृत हुनुभएको छ ।

५. आन्तरिक व्यवस्थापन

५.१. **प्रकाशनः** सूचना सम्प्रेषणलाई प्रभावकारी बनाउन २०७५ आषाढ महिनादेखि मासिक रूपमा लेखापरीक्षण बुलेटिन प्रकाशन गर्ने कार्यको थालनी गरिएकोमा यस वर्ष २०७८ श्रावण देखि २०७९ असार सम्ममा १७ देखि २० अंकका ४ वटा बुलेटिन प्रकाशित गरिएको छ । सरकारी लेखा, राजस्व, लेखापरीक्षणलगायत सार्वजनिक वित्त व्यवस्थापनका सान्दर्भिक विषय तथा कार्यालय गतिविधि समेटी लेखापरीक्षण पत्रिकाको ९३ औं अङ्क २०७८ पौष महिनामा र ९४ औं अङ्क २०७९ असार महिनामा प्रकाशन गरिएको छ । यसबाट वित्तीय व्यवस्थापनका क्षेत्रमा संलग्न व्यक्ति एवं पाठकवर्गका लागि सहयोग मिल्ने अपेक्षा राखिएको छ ।

५.२. **महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७८ कार्यान्वयनः** वार्षिक लेखापरीक्षण योजना, २०७८ बमोजिम वार्षिक लेखापरीक्षण कार्यतालिका सम्प्रेषण एवं बेरुजू फर्स्यौंट सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको उपस्थितिमा नेपाल सरकारका मुख्य सचिव तथा सबै लेखाउत्तरदायी अधिकृतबीच छलफल कार्यक्रमको आयोजना गरिएको थियो। उक्त कार्यक्रममा लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन र बेरुजू फर्स्यौंटलाई प्राथमिकता दिँदै वित्तीय अनुशासन कायम गर्ने सन्दर्भमा सबै लेखा उत्तरदायी अधिकृतलाई सम्माननीय प्रधानमन्त्रीज्यू र माननीय महालेखापरीक्षकबाट निर्देशन भएको थियो ।

वार्षिक लेखापरीक्षण योजना, २०७८।५।२० गते स्वीकृत गरी पहिलो चरणमा विगतको जस्तै म्यानुअल प्रक्रियाबाट ३३ जिल्लाको लेखापरीक्षण सम्पन्न गरिएको थियो । दोस्रो चरणदेखिका सबै लेखापरीक्षण नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) बाट सम्पादन गरिएको छ । पहिलो चरणमा म्यानुअल तरिकाबाट लेखापरीक्षण सम्पन्न भएका निकायको विवरण तथा प्रारम्भिक लेखापरीक्षण प्रतिवेदनसमेत न्याम्समा प्रविष्टि गरी यो वर्षदेखि सबै लेखापरीक्षण विद्युतीय प्रणालीमा आधारित बनाइएको छ । वार्षिक लेखापरीक्षण योजनाले

लेखापरीक्षण गरिने निकायहरूको उच्च, मध्यम र न्यून जोखिमयुक्त कार्यालयमा विभाजन गरेको थियो । उच्च जोखिममा रहेका निकायहरूको सम्बन्धित निकायमा उपस्थित भई विस्तृत रूपमा लेखापरीक्षण गरिएको छ । मध्यम जोखिमका निकायहरूको हकमा जोखिमयुक्त विषयको पहिचान गरी त्यससम्बन्धी विवरण तथा आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन विद्युतीय सूचना प्रणालीमार्फत् प्राप्त गरी छनौट गरिएका कारोबारको सम्बन्धित निकायमा नपुगी दूर लेखापरीक्षण विधिबाट लेखापरीक्षण सम्पन्न गरिएको छ । न्यून जोखिममा रहेका साना निकायको आर्थिक विवरण र आन्तरिक लेखापरीक्षण प्रतिवेदन नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमा प्राप्त हुने व्यवस्था मिलाई दूर लेखापरीक्षण विधिबाट सम्पन्न गरिएको छ ।

५.३. **संसदीय समितिहरूसँगको सम्बन्ध** - लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न संघीय संसदको सार्वजनिक लेखा समिति तथा प्रदेश सभाका सार्वजनिक लेखा समितिहरूसँग निरन्तर छलफल, सम्पर्क र अन्तरक्रिया गरिएको छ । प्रदेश सभाका सार्वजनिक लेखा समितिका सदस्यको क्षमता अभिवृद्धि सम्बन्धी कार्यशालामा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराइएको छ । संसदीय समितिहरूले विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई लेखापरीक्षणको आधारको रूपमा लिने गरिएको छ । यो वर्ष महालेखापरीक्षकबाट प्रदेश लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन सम्बन्धमा मधेश, वाग्मती, गण्डकी, कर्णाली र सुदूरपश्चिम प्रदेश सभाका सार्वजनिक लेखा समितिका पदाधिकारीसँग छलफल गरिएको छ । संघीय संसद र प्रदेश सभाका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराइएको छ ।

५.४. **महालेखा नियन्त्रकबाट अन्तिम एकिकृत वित्तीय विवरण पेशः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यू समक्ष महालेखा नियन्त्रक श्री सुमनराज अर्यालले आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २९ बमोजिम आर्थिक वर्ष २०७७।७८ को केन्द्रीय लेखाको अन्तिम एकिकृत केन्द्रिय वित्तीय विवरण २०७८ कार्तिक ३० मा पेश गर्नु भएको छ । नियन्त्रक श्री अर्यालले १२ वटा भागमा विभाजन गरी प्रतिवेदन तयार गरिएको जानकारी गराउनु भएको थियो। तिनीहरुमा मूल आर्थिक विवरण, संघीय सरकारको सञ्चित कोष, राजस्व, वजेट तथा खर्च, धरौटी, विविध कोष, सोधभर्ना प्राप्ति, नेपाल सरकारको ऋण दायित्व, लगानी, प्रदेश सरकारको आयव्यय, स्थानीयतहको आयव्यय र नेपाल सरकारको सम्पत्ति तथा दायित्व विवरण रहेको बताउनु भयो ।नेपाल सरकारको आ व २०७७।७८ मा विनियोजित बजेट रु १४ खर्व ७४ अर्व ६४ करोड ५४ लाख मध्ये चालु खर्च पूँजीगत र वित्तीय व्यवस्थामा क्रमशः ६४.२२ प्रतिशत २३.९९ प्रतिशत र ११.७९ प्रतिशत रहेकोमा विनियोजित रकमको ८१.१५ प्रतिशत रु ११ खर्व ९६अर्व ६७ करोड ५९ लाख खर्च भएको विवरण प्रस्तुत गर्नुभयो । यो वर्ष विनियोजनको तुलनामा चालु पूँजीगत र वित्तीय व्यवस्थामा क्रमशः ८९.३५ प्रतिशत ६४.६९ प्रतिशत र ६९.९६ प्रतिशत खर्च भएको जानकारी दिनु भयो । राजस्व तर्फ यो वर्ष नेपाल सरकारले ९ खर्व ७६ अर्व ३२ करोड ०९ लाख संकलन गरेको विवरणमा उल्लेख गरिएको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षकज्यूले विगत लामो समयदेखिनै नेपालको सार्वजनिक खर्चको प्रवृत्ति योजनावद्ध ढंगले अगाडि बढ्न नसकेको अवस्था दर्शाउनु भयो ।यसले बजारमा समुचित तरलता व्यवस्थापन नहुँदा वित्तीय क्षेत्रमा उतारचढाव देखिदै आएको र अन्तत्वगत्वा राष्ट्रिय लगानी प्रभावित हुन सक्ने भएकोले त्यस्तो अवस्था आउन नदिन सम्वद्ध सवै पक्षले आआफ्नो क्षेत्रबाट सकारात्मक योगदान दिनु पर्ने आवश्यकता औल्याउनु भयो । महालेखा नियन्त्रक कार्यालयले सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली प्रयोगमा ल्याएतापनि त्यसलाई कार्यालयहरुले पूर्णरुपमा प्रयोग नगर्दा कुल सम्पत्तिको मूल्य न्यून लेखांकन भएको हुन सक्ने विचार राख्नु भयो । कार्यालयहरुले सरकारको राजस्वको अभिलेख राख्दा शीर्षकगत पालनामा पर्याप्त ध्यान नपुर्याउँदा अन्य राजस्व शीर्षकको रकम न्यून देखिएको बताउनु भयो । महालेखापरीक्षकको कार्यालयले यस वर्षदेखि विद्युतीय माध्यमबाट लेखापरीक्षण गर्न कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीलाई महालेखानियन्त्रक कार्यालयले प्रयोगमा ल्याएका सफ्टवेयरसँग जोडिनु पर्ने भएकोले त्यसका लागि आवश्यक सहयोग पुर्याउन आग्रह गर्नुभयो । समयभित्रै अन्तिम एकीकृत वित्तीय विवरणको प्रदिवेदन पेश गरेकोमा

धन्यवाद दिँदै प्रतिवेदनमा सुधार ल्याउन निरन्तर क्रियाशील हुन आवश्यक रहेको बताउनुभयो । सो कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले अन्तर सरकार वित्त हस्तान्तरणको हिसावलाई नीतिगत ढंगबाट सम्वोधन गर्न आवश्यक रहेको बताउनुभएको थियो ।

कार्यक्रममा महालेखा नियन्त्रक श्री अर्यालले २०७७।७८ को संघीय सञ्चित कोषको अतिरिक्त वैदेशिक अनुदान र ऋण सहायता तथा लगानीको लेखा र विनियोजन, राजस्व, धरौटी तथा अन्य कोषहरु सहितको अन्य लेखाको एकीकृत केन्द्रिय वित्तीय विवरणको प्रारम्भिक प्रतिवेदन २०७८ कार्तिक ३० मा पेश गरेकोमा अहिलेको अन्तिम प्रतिवेदनको रकममा ठूलो अन्तर नरहेको बताउनु हुँदै माननीय महालेखापरीक्षकज्यूबाट प्राप्त मार्गनिर्देशनको लागि धन्यवाद व्यक्त गर्नुभएको थियो ।

५.५. **लेखापरीक्षण डोरमा खटिने कर्मचारीलाई अभिमुखीकरणः** माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा कार्यालयबाट आ.व.२०७७।७८ को लेखापरीक्षणको लागि प्रथम चरणको ३३ जिल्ला र निर्देशनालयगत रुपमा स्थलगत खटिने टोली लाई २०७८ भाद्र २३ मा अभिमुखीकरण कार्यक्रम माध्यमबाट सम्पन्न भएको छ। कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यूले लेखापरीक्षण योजना तर्जुमा, कार्य वाँडफाँट र कार्यतालिका, लेखापरीक्षण डोर संचालन र व्यवस्थापन, गुणस्तर निरिक्षण र सुपरिवेक्षण, पेशागत मर्यादा र व्यवहार, लेखापरीक्षण प्रतिवेदन लगायतका विषयमा निर्देशन दिनुभयो। लेखापरीक्षण टोली व्यवस्थापन समुचित ढङ्गले गरी गुणस्तरीय लेखापरीक्षणका माध्यमबाट लेखापरीक्षण व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्ने बताउनुभयो । पेशागत मर्यादा, निष्ठा र आचारसंहिताको पूर्ण परिपालना गर्नेतर्फ उहाँले सहभागीहरूको ध्यानाकर्षण गराउनुभयो ।

साथै कार्यालयले प्रयोगमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग र दोश्रो चरणमा लेखापरीक्षण डोरमा खटिने कर्मचारीलाई मार्गदर्शन सम्बन्धी कार्यक्रम मिति २०७८ मंसीर १५ मा सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले कार्यालयको व्यवस्थापकीय पक्ष, जिम्मेवारी बाँडफाँड, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको प्रयोग र लेखापरीक्षण कार्य सञ्चालन सम्बन्धमा सम्बोधन गर्नुभएको थियो । बाँकी जिल्लाको लेखापरीक्षण कार्य मंसिर तेश्रो हप्ताबाट शुरु गर्न निर्देशन दिनुभयो । कार्यक्रमलाई सम्बोधन गर्दै नयाँ भवन निर्माण पश्चात् कर्मचारीहरुले नयाँ कार्य वातावरणमा प्रविधिको प्रयोग गरी उच्च मनोवलका साथ लेखापरीक्षण कार्य अगाडि बढाउनुपर्ने, महानिर्देशनालयहरुले लेखापरीक्षण डोरको तोकिए बमोजिम कार्य बाँडफाँड गरी माघ मसान्तभित्र लेखापरीक्षण सम्पन्न गर्ने गरी कार्यतालिका बनाउने, लेखापरीक्षणमा खटिने कर्मचारीले पेशागत मर्यादा र कार्यालयबाट तोकिएको आचारसंहिताको पालनालाई विशेष ध्यान दिनुपर्ने, प्रदेश तथा स्थानीय तहको लेखापरीक्षण प्रतिवेदन तयार गर्दा एकरुपता, विश्वसनीयता र त्यसको गुणस्तरका पक्षमा विशेष ध्यान दिने लगायतको विषयमा कर्मचारीहरुलाई निर्देशन दिनुभएको थियो ।

५.६. **लेखापरीक्षण सम्बन्धी प्रदेशगत अन्तर्क्रिया :** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयनका लागि प्रदेश प्रमुखले निर्वाह गर्न सक्ने सकारात्मक भूमिकालाई प्रभावकारी बनाउन यो वर्ष २०७८ चैत्र र २०७९ वैशाखमा मधेश, वाग्मती, कर्णाली, सुदूरपश्चिम र गण्डकी प्रदेशका प्रदेश प्रमुखहरूसँग महालेखापरीक्षकबाट भेटघाट गरिएको थियो । त्यसैगरी महालेखापरीक्षकको कार्यालयको आयोजनामा ती प्रदेशमा प्रदेशस्तरीय अन्तरक्रिया तथा छलफल कार्यक्रम सम्पन्न भएको छ । प्रदेशको लेखापरीक्षणको अवस्था र महालेखापरीक्षकको प्रदेशको वार्षिक लेखापरीक्षण प्रतिवेदन कार्यान्वयन स्थितिका सम्बन्धमा प्रदेशका मुख्यमन्त्री, मन्त्रीहरू, प्रदेश प्रमुख सचिव तथा सचिवहरूको उपस्थितिमा कार्यक्रम सम्पन्न भएको थियो । कार्यक्रममा कार्यालयले कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली, लेखापरीक्षणको अवस्था, महालेखापरीक्षकको प्रदेशको वार्षिक प्रतिवेदनका प्रमुख व्यहोराहरू र तिनीहरूको कार्यान्वयनमा प्रदेशले खेल्न सक्ने भूमिका सम्बन्धमा छलफल भएको थियो । संघीयता कार्यान्वयनको प्रारम्भिक अभ्यासमा रहेका प्रदेशले सार्वजनिक खरिद ऐन, २०६३, आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को व्यवस्था तथा प्रदेशसम्बन्धी आर्थिक कार्यविधि ऐन, कानून र नियमहरू अनुरूप प्रदेशका

लेखा उत्तरदायी अधिकृत र जिम्मेवार पदाधिकारीले कार्य सम्पादन गरी आर्थिक अनुशासन, वित्तीय उत्तरदायित्व, पारदर्शिता र जवाफदेहिता प्रवर्द्धन गर्नुपर्ने विषयमा जोड दिएको थियो।

५.७. **समकक्षी पुनरावलोकन** - सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तराष्ट्रिय संगठन (इन्टोसाई) ले स्वीकृत गरेको सर्वोच्च लेखापरीक्षण संस्थाको कार्यसम्पादन मापदण्ड, २०१६ अनुसार आफूले सम्पादन गरेको लेखापरीक्षण कार्यहरू समकक्षी बाह्य सर्वोच्च लेखापरीक्षण संस्थाबाट पुनरावलोकन गराउनुपर्ने असल अभ्यास रहेको छ । नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयले मूल्याङ्कन गर्न अनुरोध गरेबमोजिम थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था द स्टेट अडिट अफिस अफ द किङ्गडम अफ थाइल्याण्डबाट कार्यसम्पादनको मूल्याङ्कन गराई सोको अन्तिम प्रतिवेदन प्राप्त भएको छ। पुनरावलोकन प्रतिवेदनअनुसार नेपालको कार्यसम्पादनस्तर विभिन्न सूचकका आधारमा उच्च र सन्तोषजनक रहेको छ । समकक्षी पुनरावलोकनबाट प्राप्त सुझावहरूलाई चौथो रणनैतिक योजनामा समावेश गरी सुधारका कार्यक्रमहरू अगाडि बढाइएको छ ।

५.८. **लेखापरीक्षण सल्लाहकार समितिको बैठकः** लेखापरीक्षणको विश्वसनीयता, गुणस्तर तथा प्रभाव अभिवृद्धि गर्दै यसका नीतिगत, कानूनी, प्रक्रियागत तथा व्यावहारिक पक्षहरूमा सुधार ल्याउने उद्देश्यले लेखापरीक्षण सल्लाहकार समितिको गठन गरिएको छ । सल्लाहकार समितिमा महालेखापरीक्षकको अध्यक्षतामा प्रशासनिक, आर्थिक, सामाजिक, साँस्कृतिक लगायत राष्ट्रिय जीवनका महत्वपूर्ण क्षेत्रमा कार्य अनुभव भएका तथा योगदान पुऱ्याएका २१ जना सदस्य रहेका छन् । समितिको कामलाई थप प्रभावकारी बनाउन प्रशासन तथा सुशासन, आर्थिक क्षेत्र, योजना पूर्वाधार, वित्तीय व्यवस्थापन र सामाजिक सेवासमेत ५ उपसमिति गठन गरिएको छ । समय समयमा समितिको बैठक बसी सुझावहरु लिने गरिएको छ ।

५.९. **महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सव कार्यक्रम सम्पन्नः** महालेखापरीक्षकको कार्यालयको ६४ औं वार्षिकोत्सव २०७९ असार १५ गते सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूको प्रमुख आतिथ्यमा शुभकामना, सम्मान तथा पुरस्कार वितरणसहितका कार्यक्रम आयोजना गरी सम्पन्न भयो ।

कार्यक्रमलाई सम्बोधन गर्दै सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले सबैलाई बधाई तथा शुभकामना प्रदान गर्नुहुँदै नवनिर्मित भवनबाट कार्यसञ्चालन तथा कार्यालयले यो वर्षबाट विद्युतीय लेखापरीक्षण प्रणाली थालनी गरेकोमा सराहना गर्नुभयो। तीनै तहका सरकारबाट हुने विकास निर्माण र सेवा प्रवाहमा पारदर्शिताको प्रवर्द्धन गर्न कार्यालय सक्षम हुनुपर्ने, सार्वजनिक निकायहरुबाट बेरुजु फर्स्यौटमा सक्रियता तथा एकै प्रकृतिका विषय र व्यहोरा नदोहोरिने व्यवस्था गर्न आवश्यक रहेको उल्लेख गर्नु भयो । कार्यालयको भौतिक पूर्वाधारको उपलब्धतासँगै कर्मचारीहरूको कार्य वातावरणमा सुधार एवं आधुनिक प्रविधिको प्रयोगमार्फत् सार्वजनिक क्षेत्रमा वित्तीय सुशासन तथा जवाफदेहिता प्रवर्द्धन गर्न मद्दत पुग्न सक्ने विश्वास व्यक्त गर्नुभयो ।

५.१०. **अभिमुखीकरण कार्यक्रमः** कार्यालयले सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पन्न गर्न यो वर्षदेखि कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) को बारेमा जानकारी प्रदान गर्ने उद्देश्यले विभिन्न तहमा त्यससम्बन्धी अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरेको थियो । पहिलो कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव, विभिन्न मन्त्रालय र संवैधानिक निकायका लेखाउत्तरदायी अधिकृतहरूको उपस्थिति रहेको थियो । उक्त कार्यक्रममा यो वर्षदेखि कार्यालयले म्यानुअल लेखापरीक्षण अन्त्य गरी पेपरलेस तथा फेसलेस बनाएको जानकारी दिइएको थियो । साथै कार्यालयले भर्चुअल मध्यमबाट महालेखा नियन्त्रक कार्यालयअन्तर्गतका लेखा समूहका कर्मचारीहरूसहित सातवटै प्रदेशका प्रमुख सचिव, सचिव, प्रमुख जिल्ला अधिकारी, कार्यालय प्रमुख, प्रदेश कोष नियन्त्रक, आर्थिक प्रशासन प्रमुख र विश्वविद्यालयहरुका सम्बद्ध पदाधिकारीहरू तथा जिम्मेवार व्यक्तिलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सञ्चालन सम्बन्धमा अभिमुखीकरण प्रदान गरिएको थियो । सो कार्यक्रममा २ हजार ५०० भन्दा बढी पदाधिकारी तथा कर्मचारीहरूको सहभागिता रहेको थियो ।

५.११. **महालेखानियन्त्रक कार्यालय अन्तर्तगतका कार्यालयलाई *NAMS* सम्बन्धि अभिमुखिकरण कार्यक्रमः** महालेखापरीक्षकको कार्यालयको आयोजना तथा महालेखानियन्त्रक कार्यालयको संयोजनमा सरकारको लेखा राख्ने र प्रतिवेदन गर्ने मुख्य जिम्मेवारी बोकेको महालेखानियन्त्रक कार्यालय र मातहत कार्यालयहरुका लागि मिति २०७८।८।१२ मा लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्बन्धि जानकारी दिने उद्देश्यका साथ एक दिवसिय अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । अभिमुखिकरण कार्यक्रममा सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले जोखिमका आधारमा वर्गीकरण गरिएका लेखापरीक्षण ईकाईको सूचना प्रविधिको आधारमा नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीमार्फत नै लेखापरीक्षण गरिने जनाउँदै करिव १ हजार ८ सय कार्यालयको मात्र लेखापरीक्षण उच्च जोखिमयुक्त लेखापरीक्षण ईकाईको रुपमा स्थलगत लेखापरीक्षणका लागि खटिएका लेखापरीक्षकबाट विस्तृत लेखापरीक्षण हुने जानकारी दिनुभएको थियो ।

सम्बोधनका क्रममा महालेखापरीक्षकज्यूले आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन र नियमावलीमा भएका व्यवस्था बमोजिमका कार्यलाई नै प्रविधिका माध्यमबाट कार्यान्वयन गरिएकोले सबै लेखापरीक्षण ईकाईका जिम्मेवार पदाधिकारीलाई नतिजा प्राप्त हुने गरी प्रणालीमा आबद्ध हुन निर्देशन दिनुभएको थियो । समयमै आन्तरिक लेखापरीक्षण प्रतिवेदन, जिन्सी निरिक्षण प्रतिवेदन तथा आर्थिक विवरणहरु तयार गरी पेश गर्ने तथा सम्पत्ति व्यवस्थापन सम्बन्धि विवरण र प्रतिवेदनलाई अझै अद्यावधिक गरी पेश हुने विश्वास व्यक्त गर्दै उहाँले कार्यक्षेत्रमा खटिएका कर्मचारीले जिम्मेवारीपूर्वक कार्य सम्पादन गर्दा लेखापरीक्षण कार्य सहज भई अन्ततोगत्वा यसबाट आर्थिक अनुशासन र वित्तिय जवाफदेहिता प्रवर्द्धन हुने उल्लेख गर्दै लेखापरीक्षणका विविध तरिका र शैलीका माध्यमबाट प्रतिवेदन गरिने हुँदा सजग र स्वनियन्त्रित भई कार्यसम्पादन गर्न निर्देशन दिनुभएको थियो ।

देशभरका ८१ कोलेनिका र ७ प्रदेश नियन्त्रक कार्यालय र १३ प्रदेश लेखा ईकाईका प्रतिनिधि सहित १ सय ५० भन्दा बढीको सहभागिता सञ्चालन भएको मंसीरको तेश्रो हप्तादेखी लेखापरीक्षण टोली परिचालन हुने जानकारी सहित उहाँले प्रत्यक्ष संलग्नता र भेटघाटका कारण कतिपय अवस्थामा लेखापरीक्षक र लेखापरीक्षण गराउने निकायका पदाधिकारीसँग सम्बन्धित क्रियाकलाप समाचार बन्न पुगेको यथार्थका बिच प्रविधिमा आधारित यसप्रकारको फेसलेस लेखापरीक्षणबाट त्यसप्रकारको चुनौती र जोखिम न्यूनिकरण हुने विश्वास व्यक्त गर्नुभएको थियो ।

५.१२. **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली पाइलट लेखापरीक्षण सम्बन्धी तालिमः** महालेखापरीक्षकको कार्यालयले परामर्शदाता इ एण्ड वाई एलएलपीसँगको सहकार्यमा आयोजना गरेको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) पाइलट लेखापरीक्षण सम्बन्धी १० दिने तालिम मिति २०७८ भाद्र २३ मा सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले सूचना प्रविधिको प्रयोगबाट लेखापरीक्षण कार्यका लागि कर्मचारीलाई तयार गर्न तालिमले महत्वपूर्ण सहयोग पुऱ्याएको विश्वास व्यक्त गर्नुभयो । उहाँले फेसलेस र पेपरलेस अडिट वर्तमानको आवश्यकता रहेको बताउनुहुँदै यसका लागि कर्मचारीले आफूलाई अभ्यस्त बनाउनुपर्ने आवश्यकता औँल्याउनुभयो । उपमहालेखापरीक्षक श्री रामु प्रसाद डोटेलले तालिम सञ्चालनका लागि सहयोग गरेकोमा परामर्शदाता र सक्रिय सहभागिता जनाएकोमा कर्मचारीलाई धन्यवाद ज्ञापन गर्नुभयो । समारोहको सञ्चालन नायब महालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले गर्नुभएको थियो ।

कार्यालयका ८० कर्मचारीको सहभागिता रहेको तालिममा परामर्शदाताका तर्फबाट श्री भवनाथ दाहाल र श्री जगदीश भट्टराईले प्रशिक्षण दिनुभएको थियो । कार्यक्रममा कर्मचारीलाई लेखापरीक्षण सफ्टवेयरका माध्यमबाट लेखापरीक्षण गर्ने विषयमा सैद्धान्तिक र प्रयोगात्मक प्रशिक्षण दिइएको थियो । कार्यक्रम समापन समारोहमा परामर्शदाताका तर्फबाट सञ्जोय कुमार गुप्ताले सहभागीको जिज्ञासाको सम्बोधन गर्नुभएको थियो ।

५.१३. **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली प्रयोग सम्बन्धी प्रशिक्षणः** महालेखापरीक्षकको कार्यालयले प्रयोगमा ल्याएको नेपाल अडिट म्यानेजमेन्ट सिस्टम (NAMS)सफ्टवेयर को प्रयोगका सम्बन्धमा कार्यालयका कर्मचारीलाई प्रशिक्षित गरिएको छ । कार्यक्रलाई सम्बोध गर्नुहँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले आगामी दिनको लेखापरीक्षण सूचना प्रविधिमा आधारित हुने बताउनुहुँदै सो को लागि आवश्यक दक्षता हासिल गर्न निर्देशन दिनुभएको थियो । माननीय महालेखापरीक्षकज्यूले पूर्ण आत्मविश्वासका साथ लेखापरीक्षणमा नयाँ प्रविधिको प्रयोग गर्न लेखापरीक्षक तयार रहनुपर्ने बताउनुभयो ।

कार्यालयले २०७६ कार्तिक ४ गतेदेखि २८ सम्म कर्मचारीलाई सफ्टवेयर प्रयोग विधि सम्बन्धी प्रयोगात्मक प्रशिक्षण दिएको हो । विभिन्न ५ समूहमा सञ्चालित सो कार्यक्रममा कार्यालयका सबै कर्मचारीले सहभागिता जनाउनुभएको थियो ।महालेखापरीक्षकको कार्यालय सुदृढीकरण आयोजनाको परामर्शदाता इण्ड वाई एललपीसँगको सहकार्यमा सम्पन्न तालिममा श्री चार्टड एकाउन्टेन्टस्द्वय श्री भवनाथ दाहाल र श्री जगदिश भट्टराईले सफ्टवेयरको प्रयोगका सम्बन्धमा प्रशिक्षण दिनुभएको थियो ।

५.१४. **अनवरत पेशागत शिक्षा तालिमः** कार्यालयका कर्मचारीका लागि अनवरत पेशागत शिक्षा विषयक तीन दिने तालिम २०७८ भाद्र १३ गते सम्पन्न भएको छ । कार्यक्रमलाई सम्बोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले पेशागत तालिमका माध्यमबाट कर्मचारीको व्यावसायिक क्षमता अभिवृद्धि भई गुणस्तरीय लेखापरीक्षणमा टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो । भविष्यमा लेखापरीक्षणका क्षेत्रमा Faceless/Paperless Audit जस्ता नवीन पद्धति अवलम्वन गर्ने कार्यालयको योजना रहेको जानकारी दिनुहुँदै माननीय महालेखापरीक्षकज्यूले त्यसका लागि आवश्यक ज्ञान र सीप कर्मचारीले हासिल गर्नुपर्ने आवश्यकता औँल्याउनुभयो । कोभिड— १९ महामारीको विषम परिस्थितिकाबीच समेत कार्यक्षेत्रमा अहोरात्र खटेकोमा कर्मचारीको सराहना गर्नुहुँदै उहाँले लेखापरीक्षणका क्रममा पेशागत मर्यादा र निष्ठाको पूर्ण परिपालना गर्न निर्देशन समेत दिनुभयो । विगतमा चैत्र मसान्तमा पेश गर्ने गरिएको वार्षिक प्रतिवेदन यस वर्ष तोकिएको समयमै पेश गर्नका लागि कर्मचारीको निरन्तर क्रियाशीलता, तदारुकताका साथ क्रियाशील रहन उहाँले कर्मचारीलाई निर्देशन दिनुभयो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले जोखिममा आधारित लेखापरीक्षणका विषयमा सहभागीलाई प्रशिक्षण दिनुभएको थियो । त्यसैगरी, उपहालेखापरीक्षक श्री राममाया कुँवरले सामाजिक क्षेत्रको लेखापरीक्षण नायब महालेखापरीक्षक श्री अशोक कुमार कार्कीले कार्यमूलक लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री वामदेव शर्मा अधिकारीले निर्माण आयोजनाको लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री त्रिलोचन आचार्यले कर्मचारी आचारसंहिता, नायब महालेखापरीक्षक श्री वैकुण्ठ अधिकारीले आयकर र मूल्य अभिवृद्धि कर लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले नियमितताको लेखापरीक्षण, नायब महालेखापरीक्षक श्री पदमराज पौडेलले शिक्षा क्षेत्रको लेखापरीक्षण,सम्बन्धमा सहभागीलाई प्रशिक्षण दिनुभएको थियो । त्यस्तै, निर्देशक श्री राजेन्द्रराज ओझाले स्वास्थ्य क्षेत्र तथा महामारीको लेखापरीक्षण र निर्देशक श्री सत्यनारायण थापाले दिगो विकास लक्ष्यको लेखापरीक्षण विषयमा सहभागीलाई जानकारी दिनुभएको थियो । कार्यालयका २०७ कर्मचारीको सहभागिता रहेको तालिम भर्चुअल माध्यमबाट सञ्चालन भएको थियो भने कार्यक्रमको संयोजन नीति, योजना तथा जनशक्ति विकास निर्देशनालयले गरेको थियो । कार्यालयले कर्मचारीको क्ष्माता अभिवृद्धि गर्न हरेक वर्ष यस प्रकारको तालिम सञ्चालन गर्दै आएको छ ।

५.१५. **प्रथम चरणको स्थलगत लेखापरीक्षणको प्रस्तुतीकरणः** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना, २०७८ बमोजिम प्रथम चरण अन्तर्गत विभिन्न ३३ जिल्लास्थित संघीय र प्रदेश कार्यालय तथा स्थानीय तहको स्थलगत लेखापरीक्षण सम्पन्न गरेका टोलीको प्रस्तुतीकरण कार्यक्रम मानीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको समुपस्थितिमा २०७८ कार्तिक १४ देखि १५ सम्म कार्यालयको सभाकक्षमा सम्पन्न भएको छ ।

कार्यक्रममा लेखापरीक्षण टोली प्रमुखले लेखापरीक्षणबाट देखिएका प्रमुख व्यहोरा, लेखापरीक्षणका क्रममा आइपरेका समस्या र सुझावका सम्बन्धमा पावरपोइन्ट प्रस्तुतीकरण गरेका थिए । कार्यक्रममा माननीय

महालेखापरीक्षकज्यूले लेखापरीक्षणलाई उद्देश्यमूलक र विश्वसनीय बनाउँदै समयमै गुणस्तरीय लेखापरीक्षण प्रतिवेदन जारी गर्न कर्मचारीको ध्यानाकर्षण गराउनुभएको थियो । प्रस्तुतीकरण कार्यक्रममा सम्बन्धित उपहालेखापरीक्षक, नायब महालेखापरीक्षक, निर्देशक, लेखापरीक्षण अधिकारी लगायतका कर्मचारीको सहभागिता रहेको थियो ।

५.१६. **न्याम्स प्रणाली व्यवस्थापन एकाई गठनः** माननीय महालेखापरीक्षकज्यूबाट २०७८ कार्तिक ३० मा स्वीकृत नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका, २०७८ को दफा ७ बमोजिम नायब महालेखापरीक्षक श्री घनश्याम पराजुलीको नेतृत्वमा २०७८ मंसीर २ मा न्याम्स प्रणाली व्यवस्थापन एकाई गठन गरिएको छ । समितिका सदस्यहरुमा निर्देशक श्री नारायण प्रसाद पराजुली, श्री निर प्रसाद सुबेदी, निर्देशक (सूचना प्रविधि) श्री रमेशराज सुबेदी, लेखापरीक्षण अधिकारी श्री विष्णु प्रसाद पौडेल, श्री लेख बहादुर थापा, श्री निषभ शाक्य, श्री रस्मिता सिम्खडा र कम्प्युटर अधिकृत श्री सुवास अधिकारी रहनु भएको छ । एकाईले कार्यालयद्वारा लागू व्यवस्थापन प्रणालीको प्राविधिक एवं लेखापरीक्षण सम्बन्धी प्रमुख विषयको तयारी सञ्चालन र प्रतिवेदन गर्नेछ ।

५.१७. **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली कार्यान्वयन सम्बन्धी छलफलः** महालेखापरीक्षकको कार्यालयले सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पन्न गर्न कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (न्याम्स) को बारेमा जानकारी गराउने उद्देश्यले नेपाल सरकारका मुख्यसचिव श्री शंकरदास बैरागी लगायत विभिन्न मन्त्रालय र संवैधानिक निकायका सचिवज्यूसँग छलफल कार्यक्रम सम्पन्न भयो । कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षकज्यू श्री टंकमणि शर्मा, दंगालज्यूले अब लेखापरीक्षण, योजना, प्रतिवेदन, सम्परीक्षण लगायत सम्पूर्ण कार्य सो प्रणालीका माध्यमबाट हुने बताउनुभयो । ६ हजारभन्दा बढी सार्वजनिक निकायले सोही प्रणालीमार्फत लेखापरीक्षण गराउनुपर्ने, न्याम्सको कार्यान्वयनसँगै सार्वजनिक निकायको प्रभावकारिता वृद्धि हुने, बेरुजु न्यूनीकरणमा सहयोग पुग्ने तथा स्वविवेकीय कार्यशैलीलाई निरुत्साहित गर्न सघाउ पुग्ने बताउनुभयो । सो अवसरमा महालेखापरीक्षक शर्माले अब सार्वजनिक निकायको लेखा परीक्षणको काम अनलाइन माध्यमबाट हुने बताउनुभयो । "अब 'म्यानुअल' लेखा परीक्षण हुँदैन, लेखा परीक्षणलाई 'फेसलेस' र 'पेपरलेस' बनाइएको" उहाँले भन्नुभयो । सो प्रणालीलाई सार्वजनिक निकायमा प्रयोगमा रहेको अन्य सफ्टवेरसँग पनि आबद्ध गर्न सकिने, प्रणालीलाई व्यवस्थित गर्न कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन), निर्देशिका, २०७८ समेत जारी गरिसकेकाा, प्रणालीलाई थप परिमार्जन गर्न लेखापरीक्षक र सूचना प्रविधिविज्ञ सम्मिलित व्यवस्थापन इकाइ पनि बनाइएको उल्लेख गर्नुभयो ।

कार्यक्रममा मुख्य सचिव श्री वैरागीज्यूले महालेखापरीक्षकको कार्यालयले नयाँ भवनको शुरुवातसँगै सूचना प्रविधिको माध्यमबाट लेखापरीक्षण गर्न नयाँ कामको थालनी गरेकोमा बधाई व्यक्त गर्नुहुँदै यसको विकास विस्तार र स्थायित्वको लागि शुभकामना दिनुभयो । प्रविधिलाई आत्मसात् गरी वित्तीय सुशासन कायम गर्न यस प्रविधिले सहयोग पुर्याउने उल्लेख गर्नुभयो । यस वर्ष शुन्य बेरुजु वर्ष बनाउने अभियान सञ्चालन गरी बेरुजु फ्छर्योटमा तीव्रता ल्याउने उहाँले बताउनुभयो ।

कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको सम्बन्धमा प्रस्तुतीकरण दिनुभएको थियो । उहाँले कार्यालयको सूचना प्रविधिको प्रयोग गरेर लेखापरीक्षण गर्ने रणनीतिक योजना (२०२१—२०२५) को लक्ष्य हासिल गर्न सो प्रणाली तयार गरिएको बताउनुभयो । उहाँले उक्त प्रणालीले बेरुजु घटाउने तथा लेखा परीक्षण लागत न्यूनीकरण गर्ने बताउनुभयो ।

छलफलमा सहभागी नेपाल सरकारका सचिवहरुले सार्वजनिक निकायको लेखा परीक्षणलाई व्यवस्थित बनाउन ल्याएको उक्त प्रणालीको कार्यान्वयनमा ऐक्यबद्धता जनाउनुभएको थियो । उहाँहरुले सूचना प्रविधिमैत्री जनशक्ति तयार गर्न, सम्पूर्ण सार्वजनिक निकायका प्रमुख तथा लेखा शाखाका जनशक्तिलाई प्रणालीका बारेमा अभिमुखीकरण गराउन, प्रणालीको सुरक्षा तथा पूर्वाधार विकासमा ध्यान दिन अनुरोध गर्नुभएको थियो ।

कार्यक्रममा मुख्यसचिव श्री शंकरदास बैरागीज्यू, विभिन्न मन्त्रालय तथा आयोगका सचिव तथा लेखा उत्तरदायी अधिकृत लगायतको उपस्थिति रहेको थियो ।

५.१८. **बेरुजु फर्छ्यौट प्रगतिको छलफलः** महालेखापरीक्षकको वार्षिक प्रतिवेदन कार्यान्वयन गर्न सार्वजनिक निकायको भूमिकालाई जिम्मेवार र प्रभावकारी बनाउन सघाउ पुर्याउने उद्देश्यले महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारका मुख्य सचिव सहित मन्त्रालय, संवैधानिक निकाय र आयोगका लेखाउत्तरदायी अधिकृतहरुको उपस्थितिमा यो वर्षको बेरुजु फर्छ्यौट प्रगतिको सम्वन्धमा मिति २०७९ जेष्ठ १८ मा छलफल कार्यक्रमको आयोजना गरेको छ । कार्यक्रमको प्रारम्भ गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले हालसम्मको बेरुजु फर्छ्यौट तथा सम्परीक्षण प्रगति स्थिति गत वर्षको तुलनामा त्यति सन्तोषजनक नरहेकोले फर्छ्यौटको वार्षिक लक्ष्य भेटाउन लेखाउत्तरदायी अधिकृतबाट थप तदारुकताको आवश्यकता औंल्याउनु भएको थियो । उहाँले बेरुजु आउनमा कमी ल्याउन र आएको बेरुजु फर्छ्यौट गरी समग्रमा बेरुजुको आकारलाई घटाउन व्यक्तिगत बेरुजु एवं वित्तीय अनुशासनलाई कर्मचारीहरुको वृत्ति विकासमा आवद्ध गर्न उपयुक्त नीतिगत तथा कानूनी प्रवन्ध गर्नुपर्ने धारणा राख्नु भएको थियो ।

उक्त कार्यक्रममा नेपाल सरकारका मुख्य सचिव श्री शंकरदास वैरागीज्यूले यो वर्षको हालसम्मको बेरुजु फर्छ्यौटको प्रगति स्थितिको आआफ्नो मन्त्रालयमा तथा निकायमा समिक्षा गरी उपयुक्त रणनीति सहित बेरुजु फर्छ्यौटमा लाग्न आग्रह गर्नुहुँदै बेरुजु आउने क्रममा कमी ल्याउन वित्तीय अनुशासनलाई प्रवर्द्धन गर्न कानूनमा भएको व्यवस्था अनुसार सवै सरकारी निकायले आन्तरिक नियन्त्रण प्रणाली तर्जुमा गरी त्यसको प्रभावकारी कार्यान्वयन गर्नुपर्ने आवश्यकता माथि जोड दिनुभएको थियो । कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलज्यूले यो वर्षको भाद्र २८ गते सवै मन्त्रालय तथा निकायहरुलाई वार्षिक प्रतिवेदनको कार्यान्वयन स्थिति माग गरिएकोमा आधा दर्जन निकायबाटमात्र सो सम्वन्धी जानकारी प्राप्त भएको विवरण प्रस्तुत गर्नु भएको थियो। उहाँले महालेखापरीक्षकको वार्षिक प्रतिवेदनको सार्वजनिक लेखासमितिमा विभिन्न कारणले समयमै छलफल नहुँदा बेरुजु फर्छ्यौट कार्य अपेक्षित लक्ष्य अनुसार हुन नसकेको बताउनु भएको थियो ।

५.१९. **आईक्यानको अभिमुखीकरण कार्यक्रमः** मुलुकमा लेखा व्यवसायको लागि विश्वसनीय दक्ष जनशक्ति देशभित्रै उत्पादन गर्न नेपाल चार्टड एकाउन्टेन्ट संस्थाको महत्वपूर्ण योगदान रहँदै आएको छ । नेपाल चार्टड एकाउन्टेन्ट संस्था (आईक्यान) ले CAP–1 विद्यार्थीहरुको निम्ति मिति २०७९ असार २८ मा आयोजना गरेको अभिमुखीकरण कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूलाई प्रमुख अतिथिको रुपमा आमन्त्रण गरेको थियो । उक्त अभिमुखीकरण कार्यक्रमको उद्घाटन गर्दै माननीय महालेखापरीक्षकज्यूले नेपाल चार्टड एकाउन्टेन्ट संस्थाले लेखा व्यवसायीलाई आफ्नो पेशाप्रति जिम्मेवार र जवाफदेही बनाउन नियमकीय भूमिका निर्वाह गर्नुको साथै लेखा व्यवसायको विकास, संरक्षण र सम्वर्द्धनमा पनि उत्तिकै महत्वपूर्ण योगदान गरेको बताउनु भएको थियो ।

५.२०. **माननीय महालेखापरीक्षकज्यूबाट प्रदेश लेखापरीक्षण निर्देशनालयलाई निर्देशनः** महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना २०७८ अनुसार दोस्रो चरणको लेखापरीक्षण कार्यमा खटिने लेखापरीक्षकहरुका लागि माननीय महालेखापरीक्षकज्यूबाट लेखापरीक्षण कार्यलाई नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (*NAMS*) को माध्यमबाट सम्पादन गरी उच्चस्तरको लेखापरीक्षण नतिजा समयमै हासिल गर्न आवश्यक निर्देशन प्रदान गर्ने उद्देश्यका साथ प्रदेश लेखापरीक्षण निर्देशनालयहरुसँग छलफल कार्यक्रमको आयोजना गरियो । सो कार्यक्रममा सवै उपमहालेखापरीक्षक नायव महालेखापरीक्षक सम्वन्धित निर्देशनालयका निर्देशक तथा लेखपरीक्षण अधिकारीहरुको उपस्थिति रहेको थियो । उक्त अवसरमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले न्याम्स सफ्टवेयरको सम्वन्धमा जानकारी प्रदान गर्न विभिन्न संयन्त्र निर्माण गरी क्रियाशील बनाईएकोले सो अनुसार अगाडि बढ्न स्यवं लेखापरीक्षणमा खटिने टोलीले आफूलाई थप सक्रिय बनाउन आग्रह गर्नुभयो। विशेषगरी प्रदेश नं २ मा स्थानीय तहको अघिल्लो वर्षको बक्यौता लेखापरीक्षण बाँकी रहेको र यो वर्षको पनि सम्पन्न गर्नु पर्ने भएको हुँदा लेखापरीक्षण कार्यलाई दृष्टिगत गरी मौजुदा जनशक्तिलाई

यथाशीघ्र परिचालन गर्न गराउन निर्देशन दिनु भएको थियो ।त्यसैगरी लेखापरीक्षण प्रतिवेदन जारी गर्दा लेखापरीक्षण गराउने निकायका जिम्मेवार पदाधिकारीसँग छलफल गरेर उनीहरुले पेश गरेका प्रमाण तथा कागजातको आधारमा राख्नुपर्ने वेरुजु समावेश गरी लेखापरीक्षण प्रतिवेदनलाई गुणस्तरी एवं सुधारात्मक बनाउन निर्देशन दिनुभयो ।

सो कार्यक्रममा उपमहालेखापरीक्षक रामुप्रसाद डोटेलले प्रणालीको प्रयोगबाट लेखापरीक्षण हुँदैन कि भनेर कोही पनि भ्रममा नपर्न आग्रह गर्नु हुँदै कार्यान्वयनको क्रममा आउन सक्ने हरेक प्राविधक समस्यालाई समाधान गरेर न्याम्स सफ्टवेयरलाई सफल बनाएर छाडिने बताउनु भयो । लेखापरीक्षणको क्रममा आउन सक्ने प्रणालीगत समस्यालाई तत्काल समाधान गर्न भर्चुअल रुपमा एउटा टिम निरन्तर क्रियाशील रहने जानकारी प्रदान गर्दै लेखापरीक्षण कार्यलाई यथाशीघ्र अगाडि बढाएपछिमात्र न्याम्स सफ्टवेयरका प्राविधिक पाटाहरुको जानकारी हुने भएकोले त्यतातर्फ लाग्न सवैलाई निर्देशन दिनु भएको थियो । उहाँले प्रणालीबाटै लेखापरीक्षण प्रतिवेदन निस्कने भएकोले चेकलिस्ट छनौट गर्दा विशेष ध्यान दिन आग्रह गर्दै डिजिटल प्लेटफर्मबाट लेखापरीक्षण गर्दा लेखापरीक्षण नोट तथा कार्यपत्र सहित समग्र लेखापरीक्षण फाईलको अभिलेख व्यवस्थापन कार्य अत्यन्त सहज हुने विचार व्यक्त गर्नुभयो ।

५.२१. **संगठित संस्थाका लेखापरीक्षकसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्नः** महालेखापरीक्षकको कार्यालयले लेखापरीक्षण प्रतिवेदनलाई गुणस्तरीयता प्रदान गरी त्यसमा आवश्यक सुधार ल्याउन लेखापरीक्षण ऐन २०७५ को दफा १० बमोजिम नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्थाको लेखापरीक्षण गर्न महालेखापरीक्षकको सहायकका रुपमा नियुक्त भएका प्रचलित कानून बमोजिम प्रमाणपत्र प्राप्त लेखापरीक्षक र सोही ऐनको दफा ११ बमोजिम महालेखापरीक्षकको परामर्शमा संगठित संस्थाबाट नियुक्त लेखापरीक्षकहरुसँग मिति २०७८ पुष १६ तथा २०७९ जेष्ठ ६ मा अन्तरक्रिया कार्यक्रम अनामनगरमा स्थित नवनिर्मित भवनमा सम्पन्न गरेको छ ।

कार्यक्रममा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले सम्वोधन गर्दै सवै सार्वजनिक संस्थानहरुमा नेपाल वित्तीय क्षेत्र लेखा मानदण्ड (*NFRS*) मा आधारित वित्तीय विवरण तथा रिपोर्टिङ लागू हुनुपर्नेमा त्यसो हुन नसकेको तर्फ संकेत गर्दै यस सम्वन्धी लेखामान वोर्डको निर्णयलाई स्मरणगर्न सुझाव दिनुभयो । महालेखापरीक्षकको कार्यालयले सम्वन्धित क्षेत्रका विज्ञ तथा सरोकारवालासँग व्यापक छलफल गरी नेपाल सरकारको वार्षिक लेखापरीक्षण प्रतिवेदनमा समावेश गरेका कतिपय खरिद तथा राजस्वसँग सम्वन्धी विषयहरु सार्वजनिक संस्थानहरुमा समेत हुनसक्ने भएकोले तिनीहरुलाई प्रतिवेदनमा समावेश गर्न र संस्थानहरुको लेखापरीक्षकको रुपमा नियुक्ति लिएपछि त्यससम्वन्धी आफ्ना धारणा र दृष्टिकोणमा कार्यालयसँग मतैक्यता राख्न सुझाव दिनु भयो । त्यस्तै उहाँले उद्योगका रुपमा सञ्चालनमा रहेका संस्थानहरुको उत्पादनको वजार मागको अवस्था उच्च हुँदाहुँदै पनि क्षमता अनुसार चल्न नसकेको तथा उत्पादन लागतको सम्वन्धमा प्रतिवेदनमा विश्लेषण गर्न र संस्थानहरुको लेखापरीक्षण प्रतिवेदन केवल वित्तीय विवरणको विश्लेषणमा मात्र केन्द्रीत हुन्छ भन्ने बुझाईलाई परिवर्तन ल्याउने गरी काम गर्न निर्देशन दिनु भएको थियो ।

यस कार्यक्रमहरु मध्ये २०७८ पुष १६ मा महालेखापरीक्षकको सहायकको रुपमा र परामर्शमा नियुक्ति गरिएका गरी ८५ जना तथा २०७९ जेष्ठ ६ मा ९२ जना लेखापरीक्षकहरुको सहभागिता रहेको थियो । कार्यक्रममा उपमहालेखापरीक्षक श्री राममाया कुँवरले समयमै लेखापरीक्षण सम्पन्न गर्न सम्वद्ध सवै पक्षले समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने आवश्यकता औल्याउँदै दुवैखाले संगठित संस्थाहरुको वस्तु तथा सेवा प्रवाहको स्थिति सम्वन्धी व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा समावेश गर्न जोड दिनु भयो । अन्तरक्रिया कार्यक्रमको सञ्चालन नायव महालेखापरीक्षक श्री नेत्र कुमार खत्रीले गर्नु भएको थियो भने लेखापरीक्षणका विविध विषयहरुलाई समेटेर छलफलका लागि आवश्यक कार्यपत्र निर्देशक श्री कमल प्रसाद सिलवालले **प्रस्तुत गर्नुभएको थियो ।**

५.२२. **संगठित संस्थाका प्रमुखहरुसँगको अन्तरक्रिया कार्यक्रम सम्पन्नः** संगठित संस्थाको लेखापरीक्षण कार्यलाई समयमै सम्पन्न गर्न त्यस्ता संस्थाका व्यवस्थापकीय नेतृत्वको महत्वपूर्ण भूमिका रहने भएकोले

महालेखापरीक्षकको कार्यालयले नेपाल सरकारको पूर्ण स्वामित्व भएको संगठित संस्था तथा अन्य संगठित संस्थाका प्रमुख र आर्थिक प्रशासन प्रमुखहरुसँग अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ । सो कार्यक्रममा संगठित संस्थाका प्रमुख र आर्थिक प्रशासन प्रमुख तथा प्रतिनिधि गरी ११३ जनाको सहभागिता रहेको थियो । कार्यक्रममा विभिन्न ८ वटा संस्थानका प्रमुख तथा प्रतिनिधिहरुले चलिरहेको लेखापरीक्षणको अवस्था र विगतको लेखापरीक्षण प्रतिवेदनमा औल्याईएका कैफियत तथा व्यहोराहरुमा गरिएको सुधारका सम्वन्धमा जानकारीहरु प्रस्तुत गर्दै आफ्नो संस्थान सम्वद्ध समस्याका वारेमा धारणाहरु राख्नुभएको थियो ।

अन्तरक्रिया कार्यक्रमलाई सम्वोधन गर्दै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालले सवै सार्वजनिक संस्थानहरु आआफ्नो उद्देश्य अनुसार चल्नु पर्नेमा नचल्दा सरकारको लगानी पूर्ण रुपमा सदुपयोग हुन नसकेको तर्फ संकेत गर्दै कतिपय संस्थानहरुले लामो समयसम्म आफूले गरेको कारोवारको लेखापरीक्षण समेत नगराई बस्ने कार्यलाई नागरिक तथा सरोकारवाला प्रतिको जिम्मेवारी र जवाफदेहिताको वेवास्ताका रुपमा लिनुपर्ने धारणा राख्नु भयो । सरकारले एकाधिकार दिएका संस्थानहरुले नागरिकको आवश्यकता र चाहनालाई केन्द्रमा राखी व्यवस्थापनलाई चुस्त सवल सक्षम र प्रभावकारी बनाएर सरकारको लगानी सम्वन्धी अभिष्टतालाई पूरा गराउन क्रियाशिलता प्रदर्शन गर्नुपर्ने आवश्यकता औल्याउनु भयो । निजी क्षेत्रसँग प्रतिष्पर्धात्मक ढंगबाट वस्तु तथा सेवा प्रवाह गर्ने संस्थानहरुले आफूलाई निजीक्षेत्रसँग पूँजी प्रविधि लगानी व्यवस्थापन आदिमा तुलना गरेर कसरी व्यवसायीक बनाउने र बजारमा वस्तु तथा सेवाको मूल्यमा हस्तक्षेप गरी नियन्त्रण कायम गर्ने भन्ने तर्फ लागेर संस्थानको निरन्तरताको औचित्य साबित गर्नु पर्ने आवश्यकता रहेको बताउनु भयो । सवै सार्वजनिक संस्थानहरुको नियमनकारी निकायको व्यवस्था गरिए पनि तिनीहरुको भूमिका त्यस्ता संस्थानहरुलाई व्यवसायिक र प्रतिष्पर्धात्मक बनाउन प्रभावकारी हुन नसक्दा समग्रमा सरकारी संस्थानहरुको कार्यसम्पादन अवस्था कमजोर हुन गएको हो । सवै सार्वजनिक संस्थानहरुको लेखापरीक्षण गर्न लेखापरीक्षकहरु खटाउने कार्य भईसकेकोले आवश्यक सहयोग पुर्याउन प्रमुखहरुलाई आग्रह गर्दै केही संस्थानहरुको लेखापरीक्षण कार्यले अझै पनि गति लिन नसकेको देखिएकोले त्यसमा गम्भिरता प्रदर्शन गर्न आग्रह गर्नु भयो ।

कार्यक्रममा नायव महालेखापरीक्षक श्री राममाया कुँवरले लेखापरीक्षणलाई समयमै सम्पन्न गराउने गरी भूमिका निर्वाह गर्न र लेखापरीक्षण प्रतिवेदनका सुझावहरुलाई कार्यान्वयन गरी संस्थागत सुशासनमा सुधारमा ल्याउन आग्रह गर्नु भएको थियो ।

५.२३. **नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्बन्धी तालिमः** महालेखापरीक्षकको कार्यालयको आयोजनामा कर्मचारीका लागि नेपाल अडिट म्यानेजमेन्ट सिस्टम (न्याम्स) प्रयोग सम्बन्धी तालिम २०७८ असोज १८ देखि २४ सम्म सम्पन्न भएको छ । लेखापरीक्षणमा सूचना प्रविधिको प्रयोग गर्नका लागि कर्मचारीको दक्षता अभिवृद्धि गर्ने उद्देश्यले आयोजित तालिममा कार्यालयका विभिन्न निर्देशनालयका कर्मचारीको सहभागिता रहेको थियो । कार्यक्रममा परामर्शदाता इन्फो डेभलपर्सका सूचना प्रविधि विज्ञले सहभागीलाई न्याम्स सफ्टवेयरको प्रयोग सम्बन्धमा आधारभूत प्रयोगात्मक जानकारी दिनुभएको थियो । सो अवसरमा नायब महालेखापरीक्षक श्री घनश्याम पराजुली र सूचना प्रविधि निर्देशक श्री रमेश सुबेदीको समेत उपस्थिति रहेको थियो ।

५.२४. **कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिता सम्बन्धी प्रशिक्षण कार्यक्रमः** नेपालको लेखापरीक्षण प्रक्रियामा नागरिक समाजका संस्थाहरुको समेत सहभागिता क्रमशः बढाउँदै लेखापरीक्षणलाई थप विश्वसनीय र प्रभावकारी बनाई मुलुकको आर्थिक प्रशासनमा जवाफदेहिता, पारदर्शीता बढाउन महालेखापरीक्षकको कार्यालयले नागरिक समाज समेतको सहभागितामा कार्यमूलक लेखापरीक्षण गर्ने नीति लिएको छ । यहि परिप्रेक्षमा २०७८ चैत्र ३ देखि ८ सम्म विराटनगर र चैत्र १० देखि १२ सम्म नेपालगन्जमा नागरिक संस्था फ्रिडम फोरमको सहकार्यमा कार्यमूलक लेखापरीक्षणमा नागरिक सहभागिता सम्बन्धी तालिम कार्यक्रम सम्पन्न भएको छ । कार्यमूलक लेखापरीक्षणको योजना तर्जमा, कार्यान्वयन, प्रतिवेदन तथा लेखापरीक्षणमा नागरिक संस्थाको भूमिका सम्बन्धमा प्रशिक्षण भएको यस कार्यक्रममा विराटनगरमा २१ जिल्लाका ४७ र

नेपालगन्जमा २२ जिल्लाका ४८ समेत कुल ४३ जिल्लाका ९५ संस्थाका प्रतिनिधिहरु सहभागी भएका थिए ।

विराटनगरमा सञ्चालित यस तालिम कार्यक्रममा महालेखापरीक्षकको कार्यालयबाट नायव महालेखापरीक्षक श्री नेत्रकुमार खत्री तथा नेपालगन्जमा नायव महालेखापरीक्षक श्री हुमनाथ सुवेदीले लेखापरीक्षणमा नागरिक सहभागिता सम्बन्धमा प्रशिक्षण दिनु भएको थियो ।

५.२५. **खरिदः** कार्यालयलाई आवश्यक मालसामान तथा सेवाहरू सार्वजनिक खरिद ऐन, २०६३ ले तोकेको प्रावधानअनुसार खरिद गर्न खरिद इकाई गठन गरी वार्षिक खरिद योजनाअनुसार बोलपत्र, सिलबन्दी दरभाउपत्र तथा सोझै माध्यमद्वारा खरिद कार्य गरिएको छ ।

क्र सं.	खरिदको विवरण	खरिद विधि	खरिद संझौता रकम (रु हजारमा)
१.	कार्यालय सामान	बोलपत्र	३२,८४
२.	टोनर कार्टिज	सिलबन्दी दरभाउपत्र	११,३३
३.	ल्यापटप	बोलपत्र	१,८२,०८
४.	डेस्कटप	बोलपत्र	२९,९६
५.	फर्निचर नियमिततर्फ	बोलपत्र	१,७३,५३
६.	फर्निचर पेफातर्फ	बोलपत्र	९७,५४
७.	सवारीसाधन भाडा	सिलबन्दी दरभाउपत्र	३०,५१
८.	मोटरसाइकल	क्याटलग सपिङ	४२,८६
९.	स्कुटर	क्याटलग सपिङ	१९,६४
१०.	सर्भर	बोलपत्र	३,०९,७६
	जम्मा		९,३०,०५

५.२६. **विद्युतीय सुशासन (E-Governance):** कार्यालयले आफ्नो कामकारबाहीलाई व्यवस्थित गर्न निम्न विद्युतीय सुशासन प्रणाली लागू गरिएको छः

- कर्मचारीहरूको उपस्थिति, सोको अभिलेख र बिदाको प्रतिवेदन व्यवस्थापन गर्न विद्युतीय हाजिरी (E-Attendance) व्यवस्थालाई निरन्तरता दिइएको छ ।
- कर्मचारीको अभिलेख अद्यावधिक गर्न निजामती किताबखानासँग गत वर्ष सम्झौता गरी सुरु भएको कर्मचारी सूचना प्रणाली (Personnel Information System) सम्बन्धी कार्य चालु रहेको छ ।
- कार्यालयको जिन्सी अभिलेख विद्युतीय माध्यममा राख्ने कार्यलाई निरन्तरता दिइएको छ ।
- कार्यालयको सबै निर्देशनालय तहसम्म कम्प्युटर र इन्टरनेट/इन्ट्रानेट सुविधा पुऱ्याइएको र वेभसाइट www.oagnep.gov.np लाई Static बाट Dynamic बनाई कार्यालय सम्बन्धी सूचनाहरू समावेश गरिएको छ ।
- कार्यालयमा दर्ता कम्प्युटरकृत गरी लेखाङ्कन गर्ने प्रणाली सञ्चालनमा छ ।
- कार्यालयका परिपत्रहरू Electronic माध्यमबाट सम्प्रेषण गर्ने व्यवस्थाको शुरुवात गरिएको छ ।

६. महालेखापरीक्षकको कार्यालयको ५९ औं वार्षिक प्रतिवेदन पेस

महालेखापरीक्षकको ५९ औं वार्षिक प्रतिवेदन सम्माननीय राष्ट्रपतिसमक्ष माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले २०७९।३।२९ मा पेस गर्नुभयो । सो अवसरमा सम्माननीय राष्ट्रपतिज्यूबाट आर्थिक अनुशासन कायम गर्न लेखापरीक्षणको भूमिका महत्वपूर्ण रहने भएकोले प्रतिवेदनमा उल्लिखित व्यहोरा नेपाल सरकारले कार्यान्वयन गर्ने जानकारी गराउनुभएको थियो ।

७. महालेखापरीक्षकको ६ वर्षे कार्ययोजना कार्यान्वयन

माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूको महालेखापरीक्षकमा २०७४।२।८ मा नियुक्ति भए पश्चात् संगठनात्मक व्यवस्था र कार्यप्रणाली सुधार, नीतिगत तथा कानुनी सुधार, लेखापरीक्षण

प्रक्रियामा सुधार, लेखापरीक्षणको प्रभाकारिता र गुणस्तर सुधार, वित्तीय अनुशासन तथा जवाफदेहिता, संस्थागत सम्बन्ध र सञ्चारलगायत विषय समावेश गरी ६ वर्षे कार्ययोजना कार्यान्वयनमा रहेको छ । उक्त कार्ययोजना कार्यान्वयनको मूल्याङ्कन गर्दा संगठन र व्यवस्थापन सर्वेक्षण मार्फत दरवन्दी थप भएको, लेखापरीक्षण ऐन, २०७५ जारी भएको, लेखापरीक्षण प्रक्रिया, विधिमा सुधार भएको, लेखापरीक्षण पूर्वको गुणस्तर आश्वस्तता पुनरावलोकन कार्य शुरु भएको, भवन निर्माणको कार्य सम्पन्न भई नया भवनवाट सेवा प्रवाह भएको, नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) लागू भई आ.व. २०७७।७८ को लेखापरीक्षण प्रतिवेदन यसै प्रणालीमार्फत जारी भई प्रणालीको पुर्ण कार्यान्वयन भएको छ ।

नेपालको संविधानको धारा २४० बमोजिम संवैधानिक परिषद्को सिफारिसमा सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४।२।८ मा नेपालको महालेखापरीक्षकमा नियुक्त हुनुभएका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले सोही मितिदेखि आफ्नो कार्यभार सम्हाल्नु भएको हुँदा २०७९।२।८ मा उहाँको कार्यावधि पाँच वर्ष पूरा भएको अवसरमा मिति २०७९ जेष्ठ ८ मा माननीय महालेखापरीक्षकज्यूको नेतृत्वमा पाँच वर्षको अवधिमा कार्यालयबाट सम्पादन भएका प्रमुख कार्यहरु एवं सुधारहरुको सम्वन्धमा जानकारी दिनुभएको थियो ।

८. नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका स्वीकृत

सार्वजनिक निकायको अन्तिम लेखापरीक्षणलाई सूचना प्रविधिको माध्यमबाट सम्पादन गर्न लेखापरीक्षण ऐन, २०७५ को दफा २९ ले दिएको अधिकार प्रयोग गरी लेखापरीक्षण व्यवस्थापन प्रणाली लागू गर्न जारी प्रणालीलाई व्यवस्थित गर्न जारी नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (व्यवस्थापन तथा सञ्चालन) निर्देशिका माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूबाट २०७८ कार्तिक ३० गते स्वीकृत भएको छ । विद्युतिय माध्यमबाट लेखापरीक्षण कार्य गर्न नेपाल लेखापपरीक्षण व्यवस्थापन प्रणाली(न्याम्स) कार्यान्वयनमा ल्याएको छ । उक्त सफ्टवेयरका माध्यमबाट लेखापरीक्षण कार्य डिजिटल प्रविधिद्वारा गर्न सकिनेछ । लेखापरीक्षण योजना, प्रतिवेदन, सम्परीक्षण लगायतका सबै कार्यमा प्रणालीले सहयोग गर्नेछ । सबै तहको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण प्रतिवेदन तयारी लगायतका विशेषता भएको उक्त सफ्टवेयरलाई CGAS, TSA, LMBIS, RMIS लगायतका अन्य एप्लिकेसनसँग आबद्ध समेत गर्न सकिनेछ ।

९. संस्थागत सुदृढीकरण

विश्व बैङ्कको सहयोगमा सञ्चालित एकीकृत सार्वजनिक वित्तीय व्यवस्थापन सुधार आयोजना (PEFA) अन्तर्गतको कम्पोनेन्ट २ महालेखापरीक्षकको कार्यालयले कार्यान्वयन गरिरहेको छ । यस कार्यालयका लागि स्वीकृत रू.४० करोडमध्ये २०७९ आषाढसम्ममा रू. २५ करोड १ लाख ७८ हजार अर्थात् ६२.५४ प्रतिशत खर्च भइसकेको छ । आयोजनाको अवधि २०७८।७९ सम्म रहेकोमा म्याद थप भई २०७९।८० कायम भएको छ । आर्थिक वर्ष २०७९।८० का लागि रू. ६ करोड ५१ लाख ६० हजार बजेट विनियोजन भएको छ । आयोजनाको हालसम्मको मुख्य प्रगति निम्न रहेको छः

- आयोजनाको परामर्शदाता Ernst and Young LLP सँग २९ अगष्ट २०१९ मा सम्झौता भएकोमा सम्झौता रकम अमेरिकी डलर १५,८३,२४३.०० को ८५ प्रतिशत भुक्तानी भइसकेको छ ।
- परामर्शदाताले १४ नोभेम्बर २०१९ मा Inception Report (प्रारम्भिक प्रतिवेदन) पेस गरिसकेको छ।
- परामर्शदाताबाट Public Audit Restructuring Framework, Risk Based Audit Framework, Completion Report on Developed NAMS, Code of Ethics, Financial Audit Manual, Compliance Audit Manual, Performance Audit Manual, Citizen Participatory Audit Manual, IT Policy, IT Excellence Centre, IT Sectoral Audit Guide को मस्यौदा पेस गरिसकेको छ ।
- आयोजनाअन्तर्गत वित्तीय लेखापरीक्षण प्रतिवेदन जारी, लेखापरीक्षण प्रक्रियामा नागरिक समाज परिचालन, पाइलट अडिट सम्पन्न, लेखापरीक्षण सफ्टवेयर सम्वन्धमा ४०० कर्मचारीलाइ रोलआउट तालिम सम्पन्न, सर्भर प्राप्ती तथा लेखापरीक्षणको प्रभावकारी अनुगमनसम्बन्धी कार्य सम्पन्न भएका छन् ।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको अन्तर्राष्ट्रिय संगठन (INTOSAI) ले जारी गरेका लेखापरीक्षण मानदण्ड (FIPP) को आधारमा नेपाल सरकारी लेखापरीक्षणमान (Nepal Government Auditing Standards - NGAS) जारी गरी लागू गरिएको छ ।

१०. आय–व्ययको स्थिति

१०.१. **विनियोजनः** यस कार्यालयको २०७८।७९ को विनियोजन (चालु, पुँजीगत र अर्थ बजेट) तर्फको आर्थिक कारोबार देहायअनुसार रहेको छः



- ब.उ.शी.नं. २०८०००१३ (माननीय महालेखापरीक्षकज्यूको प्रशासनिक खर्च) तर्फ यो वर्ष रू.२७ लाख बजेट व्यवस्था भएकोमा रू. २१ लाख ७१ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ५ मा छ ।
- ब.उ.शी.नं. २०८००११३ (प्रशासनिक खर्च चालु) तर्फ यो वर्ष रू.४७ करोड ६७ लाख बजेट व्यवस्था भएकोमा रू.४१ करोड २० लाख ९४ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ६ मा छ ।
- ब.उ.शी.नं. २०८००११४ (प्रशासनिक खर्च पुँजीगत) तर्फ यो वर्ष रू. ५ करोड ४८ लाख बजेट व्यवस्था भएकोमा रू.३ करोड ३३ लाख ३५ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ७ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१३ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा चालु) तर्फ यो वर्ष रू.१४ करोड १२ लाख ६६ हजार बजेट व्यवस्था भएकोमा रू.५ करोड २४ लाख ३७ हजार खर्च भएको छ । यससम्बन्धी विवरण तालिका ८ मा छ ।
- ब.उ.शी.नं. ३०५०११०१४ सार्वजनिक वित्तीय व्यवस्थापन सुधार कार्यक्रम (पेफा पुँजीगत) तर्फ यो वर्ष रू.११ करोड २३ लाख २४ हजार बजेट व्यवस्था भएकोमा रू.३ करोड ९ लाख ५९ हजार खर्च भएको छ। यससम्बन्धी विवरण तालिका ९ मा छ ।

- अर्थ बजेटतर्फ सञ्चित बिदा र औषधि उपचार र उपदानमा रु ३ करोड ९१ लाख ८५ हजार खर्च भएको छ। यससम्बन्धी विवरण तालिका १० मा छ ।

१०.२. **राजस्वः** यस वर्ष अन्य विक्रिवाट प्राप्त रकम, परिक्षा शुल्क, अन्य प्रशासनिक सेवा शुल्क, प्रशासनिक दण्ड जरिवाना र जफत, अन्य राजस्व र बेरुजू समेत जम्मा ६ वटा शीर्षकमा रू. ३२ लाख ६६ हजार राजस्व प्राप्त गरी सम्बन्धित शीर्षकमा सञ्चितकोष दाखिला गरिएको छ । राजस्वको आर्थिक विवरण तालिका ११ मा छ ।

१०.३. **धरौटीः** गत आर्थिक वर्षसम्मको जिम्मेवारी रू. २६ लाख ८५ हजारमा यस आर्थिक वर्ष रू. ८४ लाख ३५ हजार प्राप्त भई रू. १ करोड ११ लाख २० हजार आम्दानी भएकोमा रू.६ लाख १३ हजार फिर्ता भई रू.१ करोड ५ लाख ७ हजार बाँकी रहेको छ । धरौटीको आर्थिक विवरण तालिका १२ मा छ ।

१०.४. **लेखापरीक्षण र बेरुजू फस्यौटः** यस कार्यालयको आर्थिक वर्ष २०७७।७८ को कारोबारको लेखापरीक्षण सम्पन्न भई लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन प्राप्त भएकोमा लगती बेरुजू कायम भएको छैन ।

११. कार्यालय भवन समुद्घाटन

सम्माननीय राष्ट्रपति श्रीमती विद्यादेवी भण्डारीज्यूले अनामनगरस्थित महालेखापरीक्षकको कार्यालयको नवनिर्मित "अडिट भवन"को २०७८ मंसिर ९ गते समुद्घाटन गर्नुभएको छ । भवन समुद्घाटन पश्चात सम्माननीय राष्ट्रपतिज्यूबाट मार्गदर्शन सम्बोधन गर्नुहुँदै कार्यालयले नेपालको संविधानले निर्दिष्ट गरे बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेत विचार गरी सरकारी निकायको कारोबार मूल्याङ्कन मार्फत सार्वजनिक वित्तीय क्षेत्रमा पारदर्शिता, जवाफदेहिता र स्वच्छता प्रवर्द्धन गर्न महत्वपूर्ण भूमिका निर्वाह गरेको उल्लेख गर्नुभयो ।सम्माननीय राष्ट्रपतिज्यूले संघीयता पश्चात संघ प्रदेश र स्थानिय तहसम्म कार्यालयको क्षेत्राधिकार विस्तार भएको सन्दर्भमा महालेखापरीक्षकलाई संविधानले सुम्पेको दायित्व दक्षतापूर्वक निर्वाह गर्न र सम्पादन गरेको कामको विश्वसनियता अभिबृद्धि गर्न निरन्तर क्रियाशील रहनुपर्ने उल्लेख गर्नुभयो ।

आर्थिक अनुशासन परिपालना गरी देशको सम्बृद्धिको लागि संघीय सरकार, प्रदेश सरकार र स्थानीयतहको काम कारवाही सम्बन्धमा सुधार योजना बनाई लागू गर्नुपर्ने उल्लेख गर्नुभयो । बर्षेनी बेरुजू रकम बढने तर फर्छ्यौट नहुने अवस्थाको कारण सम्बन्धमा गहन अध्ययन विश्लेषण गरी सुधार गर्नु जरुरी रहेको बताउनुभयो । कार्यालयले प्राचिन विद्वान कौटिल्यद्वारा रचना गरिएको "अर्थशास्त्र" कृतिमा उल्लेख भएको "अथ अर्थानुशासनम्" भन्ने पदावलीलाई मूल आदर्श मानेकोमा एवं परम्परागत पद्धतिको सट्टा सूचना प्रबिधिमा आधारित भई लेखापरीक्षण कार्य गर्न लागेकोमा खुशी व्यक्त गर्नुभयो । साथै, लेखापरीक्षणको गुणस्तरीयता र विश्वसनीयता कायम गर्दै सुशासनको प्रत्याभूति गर्न प्राथमिकताका साथ कार्य गर्ने प्रेरणा मिलोस् भनी शुभकामना व्यक्त गर्नुभयो ।

निर्यातभन्दा आयात बढि भएको, कृषिप्रधान मुलुक कृषि उपजमै परनिर्भर रहेकोले आत्मनिर्भर अर्थतन्त्र निर्माणमा राज्यका सम्बद्ध निकायलाई घच्घच्याउने जस्ता नीतिगत विषयहरुमा महालेखापरीक्षकबाट प्रभावकारी भूमिका निर्वाह गर्न समेत ध्यानाकर्षण गराउनुभएको थियो । सम्माननीयज्यूले नयाँ भवनमा प्रवेशसँगै महालेखापरीक्षकको कार्यालयका कर्मचारीले नयाँ उत्साहका साथ काम गर्ने अपेक्षा रहेको बताउनुभयो। सम्माननीय राष्ट्रपतिज्यूले, भवन निर्माणको क्रममा अहोरात्र खटिनुहुने निर्माण व्यवसायी, प्राबिधिक तथा महालेखापरीक्षकको कार्यालयका कर्मचारी सबैलाई धन्यवाद व्यक्त गर्नुभएको थियो ।

कार्यालय भवन उद्घाटन समारोहमा माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा, दंगालज्यूले नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखापरीक्षकको कार्यालयको भवन सम्माननीय राष्ट्रपतिज्यूबाट समुद्घाटन भएकोमा हार्दिक आभार व्यक्त गर्नुभयो । उहाँले वि सं २०१६ सालमा स्थापना भएको महालेखापरीक्षकको कार्यालय स्थापनाकालदेखि बबरमहलस्थित भवनमा संचालन हुँदै आएकोमा २०७२ सालको भूकम्पका कारण उक्त भवनमा कार्यालय सञ्चालन हुन नसक्ने भएकोले विभिन्न स्थानमा भवन भाडामा लिई कार्यालय संचालन

गरिएको व्यहोरा जानकारी गराउनुभएको थियो । सम्बोधनका क्रममा माननीय महालेखापरीक्षकज्यूले सम्माननीय राष्ट्रपतिज्यूबाट २०७४ मंसीर १८ मा शिलान्यास भई निर्माण कार्य सम्पन्न भएको नवनिर्मित भवनबाट कार्य संचालन हुँदा दैनिक कार्यसञ्चलानमा सहजता हुने एवं कार्य वातावरणमा सुधार आउने विश्वास व्यक्त गर्नुभएको थियो ।उक्त अवसरमा उहाँले कार्यालयबाट यस बर्षदेखि विद्युतिय माध्यमबाट लेखापरीक्षण कार्य गर्न प्रयोगमा ल्याइएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणालीको शुभारम्भ भएको जानकारी गराउनुभएको थियो।

परम्परागत र आधुनिक शैली मिश्रित नवनिर्मित "अडिट भवन" को कुल अनुमानित लागत रु. ८३ करोड १८ लाख रहेकोमा २०७८ कार्तिक मसान्तमा सम्पन्न हुँदा रु. ७३ करोड ९ लाख अन्तिम लागत कायम भएको थियो। निर्माण व्यावसायी लुम्बिनी ⁄ गौरी पार्वती ⁄ शान्ति जे.भी.ले भवन निर्माण गरेको यस भवनको कुल ९ तलामध्ये २ तलामा अण्डरग्राउण्ड पार्किङ्ग रहेको छ । भूँइ तलामा रिसेप्सन, भण्डार कक्ष, पुस्तकालय, चमेना गृह तथा अभिलेख व्यवस्थापन कक्ष रहेको छ भने भवनको पहिलो तलादेखि छैठौं तलासम्म करिब ५ सय कर्मचारीका लागि कार्यालय भवन प्रयोग हुने र सातौं तलामा २ सय जना क्षमताको सभाकक्ष रहेको छ । उक्त समारोहमा स्वागत मन्तव्य व्यक्त गर्दै उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेलले लेखापरीक्षणको गुणस्तर सुधार एवं सूचना प्रविधिको प्रयोग गरी अन्तराष्ट्रियस्तरको बनाउने प्रयास भैरहेको उल्लेख गर्नुभयो ।

उक्त समुद्घाटन कार्यक्रममा सम्माननीय राष्ट्रपतिज्यूबाट संघीय सचिवालय निर्माण तथा व्यवस्थापन कार्यालय,निर्माण व्यवसायी, साइट इन्जिनियरलाई र वास्तुशास्त्री समेत ४ जनालाई प्रशंसापत्र प्रदान गरिएको थियो । कार्यक्रममा संवैधानिक निकायका प्रमुखज्यूहरु, नेपाल सरकारका सचिवज्यूहरु, विभिन्न निकायका प्रमुखज्यूहरु,लेखापरीक्षण सल्लाहकार समितिका सदस्यज्यूहरु, कार्यालयका पूर्व उपमहालेखापरीक्षकज्यूहरु, पूर्व कर्मचारी, सञ्चारकर्मी र कार्यालयका कर्मचारीहरु समेतको सहभागिता रहेको थियो ।

१२. आन्तरिक कार्य प्रणाली तथा लेखापरीक्षण गुणस्तर सुधार

लेखापरीक्षण आन्तरिक कार्यप्रणालीलाई व्यवस्थित गर्न लेखापरीक्षण मानदण्ड, अचारसंहिता जारी गरिएको छ भने क्षेत्रगत मार्गदर्शन स्वीकृत गरी कार्यान्वयन गरिएको छ । त्यस्तै लेखापरीक्षण गुणस्तर अभिवृद्धिका लागि लेखापरीक्षण गुणस्तर नियन्त्रण तथा आश्वस्तता पुनरावलोकनका कार्यक्रम सञ्चालन गरिएका छन् । यससम्बन्धी विवरण देहायबमोजिम प्रस्तुत गरिएको छः

- सर्वोच्च लेखापरीक्षण संस्थाको पेशागत मूल्य र मान्यताको आधारमा वस्तुनिष्ठता, विश्वसनीयता, पेशागत मर्यादा तथा व्यावसायिक कार्य संस्कृतिको विकासका लागि लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन र प्रतिवेदन प्रणालीसँग सम्बन्धित विषयमा सुधारको कार्यलाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षणमा देखिएको कार्य बोझ, जोखिम, जनशक्ति, क्षमतासमेतका आधारमा जोखिममा आधारित लेखापरीक्षण पद्धतिको अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर र विश्वसनीयता अभिवृद्धि गर्दै नतिजामूलक बनाउन कार्यमूलक, विशेष, सूचना प्रविधि र अन्य विविध विषयको लेखापरीक्षणलाई जोड दिने नीति अवलम्बन गरिएको छ ।
- नियमनकारी निकायहरूको लेखापरीक्षणमा विशेष ध्यान दिँदै पूर्ण सरकारी स्वामित्वका संगठित संस्थाहरूको लेखापरीक्षणकालागि आवश्यक जनशक्ति र क्षमता अभिवृद्धि गर्ने नीति अवलम्बन गरिएको छ ।
- लेखापरीक्षणको गुणस्तर अभिवृद्धि गर्न अनुगमन, सुपरिवेक्षण, गुणस्तर नियन्त्रण र आश्वस्तताको कार्यलाई विशेष प्राथमिकतामा राखिएको छ ।
- सार्वजनिक संस्थान तथा संगठित संस्थामा खटिएका लेखापरीक्षकहरूसँग नियमित अन्तरक्रिया तथा छलफलको माध्यमबाट गुणस्तरीय र विश्वसनीय प्रतिवेदन तयारीका लागि निर्देशन दिइएको छ ।

- कार्यमूलक लेखापरीक्षणका लागि आवश्यक सूचना सङ्कलन, लेखापरीक्षण योजना तर्जुमा, कार्यान्वयन, प्रतिवेदन तयारी, प्रतिवेदनको सम्प्रेषण र अनुगमन कार्यमा नागरिक समाज तथा सरोकारवालाको सहभागितालाई निरन्तरता दिइएको छ ।
- लेखापरीक्षण कार्यको समग्र अनुगमनका लागि अनुगमन तथा निरीक्षण निर्देशनालयको स्थापना र परिचालन गरिएको छ ।
- लेखापरीक्षण कार्यको स्थलगत अनुगमन तथा सुपरिवेक्षणका अलवा विद्युतीय माध्यमबाट समेत लेखापरीक्षण प्रतिवेदन जारी गर्नु पूर्व निकायको छनौटका आधारमा सुपरिवेक्षक तथा गुणस्तर आश्वस्तता निर्देशनालयबाट गुणस्तर पुनरावलोकन गर्ने कार्यलाई प्राथमिकता दिइएको छ ।
- लेखापरीक्षण कार्य शुरु गर्नुपूर्व र लेखापरीक्षण सम्पन्न भए पश्चात् देखिएका प्रमुख विषय तथा व्यहोराहरू उपर केन्द्रीयस्तरमा सम्बन्धित लेखाउत्तरदायी अधिकृतहरू छलफल तथा अन्तरक्रिया गर्ने गरिएको छ ।
- कार्यमूलक लेखापरीक्षणको क्षेत्र र दायरा विस्तार गर्न कार्यमूलक तथा विशेष लेखापरीक्षण महानिर्देशनालयका अलवा अन्य सम्बन्धित महानिर्देशनालयबाट समेत कार्यमूलक लेखापरीक्षण गर्ने कार्यको थालनी गरिएको छ ।
- सूचना प्रविधि लेखापरीक्षणलाई विशेष महत्व दिई लेखापरीक्षण कार्यमा अन्तर्राष्ट्रिय विज्ञहरूको समेत संलग्नता गराइएको छ ।

१३. अन्तर्राष्ट्रिय सम्बन्ध एवं सहयोग

वैदेशिक तालिम, अध्ययन र अवलोकनः आर्थिक वर्ष २०७८।७९ मा महालेखापरीक्षकको कार्यालयका अन्य कर्मचारीहरूबाट देहायअनुसारका अन्तर्राष्ट्रियस्तरका कार्यक्रममा भर्चुअल सहभागिता भएको छ ।

पद	*कर्मचारीको नाम*	*कार्यक्रम*	*कार्यक्रमको किसिम*	*आयोजक*	*कैफियत*
निर्देशक	*श्री जयराम घिमिरे*	Combating desertification, food security and sustainable	International workshop	ICED ,Jaipur	2022feb.14 to 16 (online)
निर्देशक	*श्री घनश्याम काफ्ले*				
लेखापरीक्षण अधिकारी	*श्री डुन्नुराज भुसाल*				
निर्देशक	*श्री शंकरप्रसाद पन्थी*	International Workshop on "Combating Desertification, food Security and Sustainable Agriculture"	workshop	iCED Jaipur, GTF of INTOSAI WGEA	*३१ जनवरी देखि ४ फेब्रुअरी २०२२ सम्म*
निर्देशक	*श्री श्यामप्रसाद भण्डारी*	9th International Training Program on "International to Environmental Auditing"	Training	iCED Jaipur, GTF of INTOSAI WGEA	*३१ जनवरी देखि ४ फेब्रुअरी २०२२ सम्म*
निर्देशक	*श्री प्रकाश कुमार खत्री*	INTOSAI WGEA International Webinar on "Renewable Energy and its Audit"	Seminar	iCED Jaipur, GTF of INTOSAI WGEA	*३१ जनवरी देखि ४ फेब्रुअरी २०२२ सम्म*
लेखापरीक्षण अधिकारी	*श्री ठाकुर प्रसाद पण्डित*	International Intensive Training program	Performance Audit	SAI Pakistan	2022 feb.21 to march 11
लेखापरीक्षण अधिकारी	*श्री चेतबहादुर पण्डित*				

पद	कर्मचारीको नाम	कार्यक्रम	कार्यक्रमको किसिम	आयोजक	कैफियत
लेखापरीक्षण अधिकारी	श्री धरणीधर दाहाल				(online)
लेखापरीक्षण अधिकारी	श्री गीता पन्थी				
नायब महालेखा परीक्षक	श्री हुमानाथ सुवेदी	Assosai working Group on SDGs को बैठकमा भाग लिन मनोनयन	छलफल कार्यक्रम	कुवेतको सर्वोच्च लेखापरीक्षण संस्था	अनलाईन
निर्देशक	श्री सत्य नारायण थापा	Assosai working Group on SDGs को बैठकमा भाग लिन मनोनयन	छलफल कार्यक्रम	कुवेतको सर्वोच्च लेखापरीक्षण संस्था	अनलाईन
लेखापरीक्षण अधिकारी	श्री मुकुन्द घिमिरे	Performance Audit on Construction Work (Building)	तालिम	National Audit Academy Malaysia	अनलाईन
लेखापरीक्षण अधिकारी	श्री क्षेत्र वहादुर थापा	Performance Audit on Construction Work (Building)	तालिम	National Audit Academy Malaysia	अनलाईन
नायब महालेखा परीक्षक	श्री चन्द्रकान्त भण्डारी	Recommendation for the INTOSAI Framework of professional pronouncement	छलफल कार्यक्रम	Denmark	मनोनयन गरिएको
निर्देशक	श्री श्याम प्रसाद भण्डारी	लेखापरीक्षक मनोनयन गरिएको सम्बन्धमा	लेखापरीक्षण गर्न	सार्क सचिवालय	मनोनयन गरिएको
निर्देशक	श्री नीर प्रसाद सुवेदी				
लेखापरीक्षण अधिकारी	श्री मुकुन्द घिमिरे	Performance Audit on Construction Work (Building)	तालिम	परराष्ट्र मन्त्रालय दक्षिणपूर्व एशिया तथा प्रशान्त महाशाखा	अनलाईन
लेखापरीक्षण अधिकारी	श्री क्षेत्र वहादुर थापा	Performance Audit on Construction Work (Building)	तालिम		अनलाईन

१४. राष्ट्रिय तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता

२०७८।७९ मा महालेखापरीक्षकको कार्यालयबाट देहायअनुसारका तालिम, सेमिनार तथा गोष्ठीमा सहभागिता भएको छः

पद	कर्मचारीको नाम	कार्यक्रम	आयोजक	कैफियत
निर्देशक	श्री महेश पौडेल	एकिकृत आर्थिक संकेत तथा वर्गिकरण	महालेखा नियन्त्रकको कार्यालय	
नायब महालेखापरीक्षक	श्री विवेकानन्द घिमिरे	*Annual Country Portfolio Review Meeting*	अर्थ मन्त्रालय	*14 to 15 March 2022 at Gokarna Forest Resort, Kathmandu*

पद	कर्मचारीको नाम	कार्यक्रम	आयोजक	कैफियत
निर्देशक	श्री कमल सिलवाल	*Negotiation Skills*	अर्थ मन्त्रालय	मिति २०७८।१२।१३ देखि १५
विभिन्न	५ कर्मचारीहरु	*3rd PEFA Assessment*	सार्वजनिक खर्च तथा वित्तीय उत्तरदायित्व, सचिवालय, अनामनगर काठमाडौं	२०७८।१२।६,७ र ८
लेखापरीक्षण अधिकारी	२५ कर्मचारी	*Basic Administration Training* / सेवा प्रवेश तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल/ सार्वजनिक वित्त व्यवस्थापन तालिम केन्द्र	२०७८।११।०२ गतेदेखि सञ्चालन / २०७८।१२।६ बाट सञ्चालन
नायव महालेखापरीक्षक	श्री पदमराज पौडेल	*Senior Executive Development Program (SEDEP)*	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	२०७८।०४ २५ देखि २०७८।१०।१९ सम्म
नायव महालेखापरीक्षक	श्री त्रिलोचन आचार्य	स्थानीय जवाफदेहिता तथा पारदर्शिता पहल परियोजना	सामुदायिक सारथी काभ्रेपलाञ्चोक	२०७८।०९।०२ र १९ मा भौतिक रुपमा
नायव महालेखापरीक्षक	श्री चद्रकान्त भण्डारी	भ्रष्टचार विरुद्धको संयुक्त राष्ट्रसंघीय महासन्धी कार्यान्वयनका सम्वन्धमा	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	भौतिक रुपमा
नायव महालेखापरीक्षक	श्री चद्रकान्त भण्डारी	नीति सम्वाद कार्यक्रम	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	भौतिक रुपमा
निर्देशक	श्री सत्यनारायण थापा	पर्वतारोहण सम्पर्क अधिकृत	*NATHAM*	२०७८।१०।२७
नायब महालेखापरीक्षक	श्री त्रिलोचन आर्चाय	बेरुजु र सम्परिक्षण	द एसिया फाउण्डेशन	२०७८।११।३०
लेखापरीक्षण अधीक्षक	२२ कर्मचारी	सेवा प्रवेश तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।०१।११ देखि १।१९ सम्म
विभिन्न	५० कर्मचारी	*NAMS* तालिम	महालेखापरीक्षकको कार्यालय	२०७९।०१।२१ देखि १।२६ सम्म
नायब महालेखा परीक्षक	श्री हुमनाथ सुवेदी	*Learning and sharing workshop program on health Financing for Accelerated toward Universal Health coverage in Nepal*	*world Bank Nepal Country Office*	भौतिक उपस्थितिमा
नायब महालेखा परीक्षक	श्री पदमराज पौडेल	नीति निर्माण तथा शासकिय आयाम र पद्धतीका वारेमा छलफल	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान	भौतिक उपस्थितिमा
नायब महालेखा परीक्षक	श्री हुमनाथ सुवेदी	कार्यक्रममा मनोनयन गरिएको	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	

पद	कर्मचारीको नाम	कार्यक्रम	आयोजक	कैफियत
निर्देशक	श्री सत्य नारायण थापा	कार्यक्रममा मनोनयन गरिएको	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	
लेखापरीक्षण अधिकारी	श्री पिंकिकुमारी दास	कार्यक्रममा मनोनयन गरिएको	सार्वजनिक खर्च तथा वित्तिय उत्तरदायित्व सचिवालय	
नायब महालेखा परीक्षक	श्री बैकुण्ठ वहादुर अधिकारी	*Nomination for Protfolio Diagnostic Assessment*	*Residential workshop programme ADB*	भौतिक उपस्थितिमा
निर्देशक	श्री भुमिराज आचार्य	*Nomination for Protfolio Diagnostic Assessment*	*Residential workshop programme ADB*	भौतिक उपस्थितिमा
निर्देशक	१२ कर्मचारी	अभिमुखिकरण तालिम	नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान जावलाखेल	भौतिक उपस्थितिमा

१५. सरोकारबालासँगको सम्बन्ध

१५.१. **लेखाप्रमुख सँग अन्तरक्रिया कार्यक्रमः** महालेखापरीक्षकको कायालयले यो वर्ष देखि कार्यान्वयनमा ल्याएको नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली सम्वन्धमा जानकारी प्रदान गर्ने उद्देश्यले नेपाल सरकारका मन्त्रालय तथा विभागका आर्थिक प्रशासन महाशाखा र शाखा प्रमुखहरुको अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ । सो कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय तथा विभागका आर्थिक प्रशासन प्रमुख गरी ७८ जनाको उपस्थिति रहेको थियो । समारेहलाई सम्बोधन गर्नुहुँदै माननीय महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगालज्यूले आर्थिक अनियमितता तथा राज्यकोषको हानीनोक्सानीलाई नियन्त्रण गर्न लागि समयमै रिपोर्टिङ गर्ने संयन्त्र निर्माण गरी त्यसलाई क्रियाशील बनाउन सकेमा लेखापरीक्षण जोखिम घट्न जाने तथा वेरुजु न्यूनीकरणमा समेत सहयोग पुग्ने धारणा व्यक्त गर्नुहुँदै यसका लागि नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली महत्वपूर्ण पूर्वाधारको रुपमा स्थापित हुनसक्ने विश्वास व्यक्त गर्नु भयो । बेरुजु न्यूनीकरणका लागि आर्थिक प्रशासन प्रमुखहरुको अत्यन्त महत्वपूर्ण भूमिका हुने बताउनुहुँदै यसका लागि बेरुजु नआउने गरी कारोवार गर्न र समयमै फछ्यौंट गर्न तर्फ तदारुकता देखाउन आग्रह गर्नु भयो । उहाँले लेखापरीक्षणमा औल्याईएका व्यहोराहरु असान्दर्भिक तथा अनुपयुक्त लागेमा तत्काल तथ्य र प्रमाणका आधारमा लेखापरीक्षण टोली समक्ष जानकारी गराउन सुझाव समेत दिनुभयो । कार्यक्रममा उपमहालेखापरीक्षक श्री रामुप्रसाद डोटेल तथा महालेखा नियन्त्रक श्री सुमनराज अर्यालको समेत संवोधन रहेको थियो।

१५.२. **संस्थागत सम्बन्ध तथा सञ्चार -** लेखापरीक्षण नतिजाको प्रभाव वृद्धि गर्दै प्रतिवेदन कार्यान्वयन पक्षलाई प्रभावकारी बनाउन संघीय संसद, संसदीय समिति, संघ, प्रदेश र स्थानीय तहका पदाधिकारी, सार्वजनिक संस्थानका पदाधिकारी, निजी क्षेत्र, सञ्चार माध्यम र अन्य सरोकारवालासँग निरन्तर अन्तर्क्रिया र छलफल गर्ने कार्य गरिएको छ । स्थलगत लेखापरीक्षण कार्यक्रमको नियमित अनुगमन, छलफल तथा अन्तरक्रिया, प्रेस नोट, मासिक बुलेटिन, लेखापरीक्षण पत्रिका, वेब-साइट मार्फत् सूचना प्रवाह तथा सञ्चार माध्यमसँगको सम्बन्ध सुदृढ गर्दै वित्तीय अनुशासन पालनाको अवस्था बारे आम नागरिक तहसम्म जानकारी प्रवाह गरिएको छ ।

१५.३. **संसदीय समितिहरूसँगको सम्बन्ध -** लेखापरीक्षणको प्रभावकारिता अभिवृद्धि गर्न संघीय संसदको सार्वजनिक लेखा समिति, अर्थ समिति, दिगो विकास तथा सुशासन समिति, प्रदेश सभाका सार्वजनिक लेखा समितिहरूसँग निरन्तर छलफल, सम्पर्क र अन्तरक्रिया गरिएको छ । संसदीय समितिहरूले विभिन्न विषयउपर अध्ययन, अनुसन्धान र विश्लेषण गरी निकालेका निष्कर्ष समेतलाई लेखापरीक्षणको आधारको रूपमा लिने गरिएको

छ। संघीय संसद र प्रदेश संसदका सार्वजनिक लेखा समितिमा महालेखापरीक्षकको वार्षिक प्रतिवेदन उपर हुने छलफलमा कार्यालयका कर्मचारीहरूलाई सहभागी गराइएको छ ।

१५.४. **अन्तर्राष्ट्रिय सम्बन्ध -** सार्वजनिक लेखापरीक्षणको क्षेत्रमा असल अभ्यासको अनुसरण गरी लेखापरीक्षणलाई अन्तर्राष्ट्रिय स्तरअनुरूप बनाउने, अन्य मुलुकको लेखापरीक्षण अभ्यासबारे जानकारी लिने तथा कार्यालयले गरेका कामहरू अरु मुलुकलाई जानकारी गराउने उद्देश्यले अन्तर्राष्ट्रिय क्षेत्रमा सक्रियतापूर्वक सहभागी हुने नीतिअनुरूप यस वर्ष भएका गतिविधि देहायबमोजिम छन्:

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को सन् २०२१ को सेप्टेम्बरमा भर्चुअल रूपमा आयोजित ५६ औं गभर्निङ बोर्ड बैठक र आठौं एसोसाई कार्यशालामा महालेखापरीक्षकको नेतृत्वमा कार्यालयका अन्य कर्मचारीहरूको सहभागिता रहेको थियो । कार्यक्रमको संयोजन थाइल्याण्डको सर्वोच्च लेखापरीक्षण संस्था स्टेट अडिट अफिस अफ द किङ्गडम अफ थाइल्याण्डले गरेको थियो । सभाले सन् २०१८-२०२४ को वित्तीय प्रतिवेदन स्वीकृति र सन् २०२२-२०२४ को बजेट अनुमोदन गरी सन् २०२१-२०२४ को लागि गभर्निङ बोर्ड र लेखापरीक्षण कमिटीको निर्वाचन गरेको थियो ।

- संयुक्त अधिराज्य बेलायतको अक्सफोर्ड विश्वविद्यालयको ब्लाभेटनिक स्कुल अफ गभर्नमेन्टले सन् २०२१ देखि २०२४ सम्म भ्रष्टाचार नियन्त्रण र सदाचारिता संस्कृति प्रवर्द्धन विषयक च्यान्डलर सेसनमा नयाँ पुस्ताको रणनीतिसम्बन्धी अध्ययन कार्यक्रम सञ्चालन गर्दै आएको छ । सो कार्यक्रममा नेपालका महालेखापरीक्षक श्री टंकमणि शर्मा दंगाललाई विश्वविद्यालयले छनौट गरी आमन्त्रण गरेअनुसार सहभागिता भइरहेको छ ।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) को १५औं महासभाबाट गठन गरिएको दिगो विकास लक्ष्यसम्बन्धी एसोसाई कार्यसमूहको प्रथम बैठक २४ मे २०२२ मा भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । उक्त बैठकको अध्यक्षता कुवेतको स्टेट अडिट ब्युरोले गरेको थियो । सो बैठकमा कार्यालयका एक नायब महालेखापरीक्षक र एक निर्देशकको प्रतिनिधित्व रहेको थियो ।

- इन्टोसाईको लेखापरीक्षण मानक विकास तथा परिमार्जनसम्बन्धी कार्य गर्ने फोरम फर इन्टोसाई प्रोफेसनल प्रोनाउन्समेन्ट नामक संस्थामा सन् २०२० देखि २०२२ सम्मको लागि कार्यालयको सहभागिता रहेको छ । सो संस्थामा इन्टोसाईबाट विश्वव्यापी प्रतिस्पर्धात्मक आधारमा छनौट भई नायब महालेखापरीक्षक श्री चन्द्रकान्त भण्डारीले प्रतिनिधित्व गरिरहनुभएको छ ।

- कार्यालयले इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई.) तथा सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठनबाट सञ्चालित क्षमता अभिवृद्धि कार्यक्रमहरूमा कर्मचारीलाई सहभागी गराएको छ । उक्त संस्थाको अनुरोधमा कार्यालयका कर्मचारीहरूलाई ती संस्थाहरूले आयोजना गरेका कार्यक्रममा स्रोत व्यक्तिको रूपमा समेत पठाउने गरेको छ । एसोसाईले सन् २०२१ मा प्रभावकारी लेखापरीक्षणका लागि लेखापरीक्षण प्रक्रियामा सुधार नामक भर्चुअल सेमिनार कार्यक्रम आयोजना गरेको थियो । उक्त सेमिनारमा एसिया र अरब क्षेत्रका ३१ सर्वोच्च लेखापरीक्षण संस्थाका ३३ जनाको सहभागिता रहेको थियो । सो सेमिनारमा कार्यालयका एक नायब महालेखापरीक्षकले विषय विज्ञको रूपमा योगदान गर्नुभएको थियो ।

- इन्टोसाई डेभलपमेन्ट इनिसिएटिभ (आई.डी.आई) ले विश्वव्यापी कोभिड-१९ महामारीसँग जुध्न राष्ट्रहरूले प्रयोगमा ल्याएका आकस्मिक कोषको पारदर्शिता, जवाफदेहिता र समावेशिता पक्षको परिपालना लेखापरीक्षणसम्बन्धी कार्यक्रम सञ्चालन गरेको छ । उक्त कार्यक्रममा एसियाली सर्वोच्च लेखापरीक्षण संस्थाका ७ सर्वोच्च लेखापरीक्षण संस्था सहभागी रहेका छन् । तीमध्ये बंगलादेश र किर्गिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाको लेखापरीक्षण टोलीलाई मेन्टोरिङ गर्न आई.डी.आई को अनुरोधमा कार्यालयले एक नायब लेखापरीक्षकलाई सहभागी गराएको छ ।

- सर्वोच्च लेखापरीक्षण संस्थाहरूको एसियाली संगठन (एसोसाई) द्वारा सञ्चालित अनुसन्धान परियोजनाअन्तर्गत दूर लेखापरीक्षणः भविष्य एवं चुनौती विषयको प्रथम बैठक १३ मे २०२२ मा भर्चुअल माध्यमबाट सम्पन्न भएको छ । उक्त कार्यक्रममा चीन, भारत, इन्डोनेसिया, फिलिपिन्स, थाइल्याण्ड, नेपाल, अष्ट्रिया, ब्रुनाईसहित १७ एसोसाई सदस्य राष्ट्रको सहभागिता रहेको थियो । बैठकमा कार्यालयका एक निर्देशकको प्रतिनिधित्व रहेको थियो ।
- पाकिस्तानको सर्वोच्च लेखापरीक्षण संस्थाले सन् २०२२ को फेब्रुअरी २१ देखि मार्च ११ सम्म भर्चुअल माध्यमबाट कार्यमूलक लेखापरीक्षणसम्बन्धी इन्टरनेसनल इन्टेन्सिभ तालिम कार्यक्रम सञ्चालन गरेको थियो । उक्त तालिम कार्यक्रममा कार्यालयले ४ जना लेखापरीक्षण अधिकारीलाई सहभागी गराएको थियो ।

१६. लेखापरीक्षण नतिजा

१६.१. **नतिजा सम्प्रेषणः** इन्टोसाई लेखापरीक्षणमानले सर्वोच्च लेखापरीक्षण संस्थाहरूलाई प्रत्येक लेखापरीक्षण नतिजा सम्प्रेषण हेतु लिखित लेखापरीक्षण प्रतिवेदन तयार गर्न सुझाव दिएको छ । नेपालको संविधानअनुसार वर्षभरिमा सम्पादन गरेको कामको प्रतिवेदन व्यवस्थापिका-संसदमा प्रस्तुति एवं छलफलका लागि तयार गर्नु महालेखापरीक्षकको अधिकार एवं कर्तव्य हो । त्यसैले महालेखापरीक्षकबाट गरिने लेखापरीक्षणको नतिजा सम्प्रेषणको ढाँचालाई देहायको चित्रमा प्रस्तुत गरिएको छ ।



१६.२. **लेखापरीक्षण नतिजा सार्वजनिकः** यो वर्ष ३ हजार २८७ संघीय मन्त्रालय तथा निकाय, १ हजार १३१ प्रदेश मन्त्रालय तथा निकाय, गत वर्षको बक्यौता ५५ समेत ७९९ स्थानीय तह, ४४८ विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानहरु तथा ९३ संगठित संस्थाको लेखापरीक्षण सम्पन्न गरी २०७९ असार २९ गते सम्माननीय राष्ट्रपतिज्यूसमक्ष महालेखापरीक्षकको उनन्साठीऔं वार्षिक प्रतिवेदन पेस गरिएको छ भने प्रदेश सरकारको लेखापरीक्षण वार्षिक प्रतिवेदन सोही दिन सातै प्रदेशका माननीय प्रदेश प्रमुखसमक्ष पेस गरिएको छ । उक्त वार्षिक प्रतिवेदनहरु यस कार्यालयको वेभसाइट www.oag.gov.np मा राखिएको छ ।

लेखापरीक्षण गरिएका निकायको विवरण

लेखापरीक्षण गरिएका निकाय र विषय	*संख्या*	*(रू. करोडमा)*

(क)	वित्तीय लेखापरीक्षण			
	१. संघीय मन्त्रालय तथा निकाय (बक्यौता ४८ समेत)		३२८७	२८२०३८
	२. प्रदेश मन्त्रालय तथा निकाय (बक्यौता १२ समेत)		११३१	२९९५७
	३. स्थानीय तह (बक्यौता ५५ समेत)		७९९	१०५११०
	४. समिति र अन्य संस्था (प्रदेशतर्फको ७८ समेत)		४४८	२०६११
	५. संगठित संस्था		९३	३१५५९३
(ख)	कार्यमूलक लेखापरीक्षण	६	-	-
(ग)	परिपालना लेखापरीक्षण	१	-	
(घ)	वातावरणीय लेखापरीक्षण	१	-	-
(ङ)	विशेष लेखापरीक्षण	१	-	-
(च)	सूचना प्रविधि लेखापरीक्षण	३		-
जम्मा			५७५८	७५३३०९

१७. वित्तीय तथा परिपालना लेखापरीक्षण

यो वर्ष ३ हजार २८७ संघीय मन्त्रालय तथा निकायको रू.२८ खर्ब २० अर्ब ३८ करोड र प्रदेश मन्त्रालय तथा निकाय १ हजार १३१ को रू.२ खर्ब ९९ अर्ब ५७ करोड, स्थानीय तह ७५३ मध्ये ७४४ र गत वर्षको बक्यौता ५५ समेत ७९९ को रू.१० खर्ब ५१ अर्ब १० करोड, विश्वविद्यालय, समिति, संस्था, प्रतिष्ठानसमेत ४४८ को रू.२ खर्ब ६ अर्ब ११ करोड र संगठित संस्था ९३ को रू.३१ खर्ब ५५ अर्ब ९३ करोडसमेत रू.७५ खर्ब ३३ अर्ब ९ करोडको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

१७.१. **कारबाही टुङ्गो लगाउनुपर्ने रकम** - संघीय तथा प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फको बेरुजूका अतिरिक्त लेखापरीक्षण बक्यौता, राजस्व बक्यौता, शोधभर्ना लिनुपर्ने वैदेशिक अनुदान तथा ऋण रकमका सम्बन्धमा समयमा नै कारबाही टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.३ खर्ब ४५ अर्ब ५६ करोड ३ लाख रहेको छ ।

(रू. लाखमा)

क्र.स.	*विवरण*	*गत वर्षसम्म*	*यस वर्ष थप / घट*	*अद्यावधिक रकम*
१	*लेखापरीक्षण बक्यौता (प्रदेश समेत)*	१८१९३५	(११२३२७)	६९६०८
२	*राजस्व बक्यौता*	२१५५६८७	९७०४१९	३१२६१०६
३	*शोधभर्ना लिन बाँकी वैदेशिक अनुदान*	९०१३६	२५५६२	११५६९८
४	*शोधभर्ना लिन बाँकी वैदेशिक ऋण*	१२७३४३	(३६५२)	१२३६९१
५	*जमानत बसी दिएको ऋणको भाखा नाघेको साँवा ब्याज*	२०५००	०	२०५००
	जम्मा	**२५७५६०१**	**८८०००२**	**३४५५६०३**

उक्त रकममा अद्यावधिक बेरुजू रू.४ खर्ब ८३ अर्ब ५९ करोड ६५ लाख थप गर्दा कारबाही गरी टुङ्गो लगाउनुपर्ने अद्यावधिक रकम रू.८ खर्ब २९ अर्ब १५ करोड ६८ लाख पुगेको छ । कारबाही टुङ्गो लगाउनुपर्ने रकम बढ्नुमा राजस्व बक्यौता रकम मुख्य कारण रहेको छन् ।

१७.२. **बेरुजूः** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा २(त) मा प्रचलित कानुनबमोजिम पुऱ्याउनुपर्ने रीत नपुऱ्याई कारोबार गरेको वा राख्नुपर्ने लेखा नराखेको तथा अनियमित वा बेमनासिब तरिकाले आर्थिक कारोबार गरेको व्यहोरालाई बेरुजूको रूपमा परिभाषित गरिएको छ।

सोही ऐनले बेरुजूलाई असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की गरी ३ वर्गमा वर्गीकरण गरेको छ। यस कार्यालयले बेरुजू वर्गीकरण गर्दा असुल गर्नुपर्ने बेरुजूमा हिनामिना र मस्यौट, हानि नोक्सानी र अन्य असुल गर्नुपर्ने बेरुजू समावेश गरेको छ भने नियमित गर्नुपर्ने बेरुजूलाई अनियमित भएको, प्रमाण कागजात पेस नभएको, जिम्मेवारी नसारेको र शोधभर्ना नलिएको गरी ४ समूहमा वर्गीकरण गरेको छ। पेश्कीलाई कर्मचारी, मोबिलाइजेसन र अन्य पेश्कीमा वर्गीकरण गरिएको छ।

यो वर्ष संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ लेखापरीक्षणबाट औँल्याइएको बेरुजू रू.१ खर्ब १५ अर्ब ५ करोड ५० लाख रहेको छ । सो बेरुजू अङ्कको वर्गीकरण निम्नानुसार छः

(रू. लाखमा)

वर्गीकरण	संघीय सरकारी कार्यालय	प्रदेश सरकारी कार्यालय	स्थानीय तह	समिति/ अन्य संस्था	जम्मा	कुल बेरुजूको प्रतिशत
१. असुल गर्नुपर्ने	**२६३७४९**	**७०२२**	**५९८०९**	**६८९९**	**३३७४७९**	*२९.३३*
२. नियमित गर्नुपर्ने	**१८८०३५**	**५५०५०**	**३२८२६१**	**१२४७९७**	**६९६१४३**	*६०.५१*
२.१ अनियमित भएको	५२१७७	१६४५२	११७०६२	२१४५३	२०७१४४	*१८.००*
२.२ प्रमाण कागज पेस नभएको	१३४२२०	३८५९६	२१०९७६	१०२८०१	४८६५९३	*४२.२९*
२.३ जिम्मेवारी नसारेको	०	०	०	०	०	*०.००*
२.४ शोधभर्ना नलिएको	१६३८	२	२२३	५४३	२४०६	*०.२२*
३. पेश्की	**४२९२३**	**१२७३९**	**५१०२५**	**१०२४१**	**११६९२८**	*१०.१६*
जम्मा बेरुजू	**४९४७०७**	**७४८११**	**४३९०९५**	**१४१९३७**	**११५०५५०**	**१००**

द्रष्टव्यः १. उल्लिखित पेश्की अङ्कमा म्याद ननाघेको पेश्की समावेश छैन ।

२. संगठित संस्थाहरूको लेखापरीक्षणबाट देखिएको बेरुजूको लगत राख्ने एवं सम्परीक्षण गर्ने कार्य सम्बन्धित निकायबाटै हुने भएकोले उल्लिखित अङ्कमा समावेश छैन ।

१७.३. **मन्त्रालयगत बेरुजूः** संघीय सरकारी कार्यालयतर्फ यो वर्ष रकमगत आधारमा बढी बेरुजू हुने मन्त्रालय निम्नानुसार छन्ः

(रु. लाखमा)

क्र.सं.	मन्त्रालय/निकाय	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क				कुल बेरुजूको प्रतिशत	ले.प.अङ्कको तुलनामा बेरुजू प्रतिशत
			असुल गर्नुपर्ने	नियमित गर्नुपर्ने	पेश्की बाँकी	जम्मा		
१	अर्थ	२१७७२९७३	१२४८५२	७४४०५	१३	१९९२७०	४०.२८	०.९२
२	भौतिक पूर्वाधार तथा यातायात	१२०७४५३	२४१७६	२९५३८	१९९५	५५७०९	११.२६	४.६१
३	भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण	१२००३५०	३७४६२	९८३२	२१०	४७५०४	९.६०	३.९६
४	सञ्चार तथा सूचना प्रविधि	१५३८८५	३६५३१	१९२०	२९५	३८७४६	७.८३	२५.१८
५	कृषि तथा पशुपन्छी विकास	२२०८७८	२९००५	४८०६	४८१	३४२९२	६.९३	१५.५३
६	स्वास्थ्य तथा जनसंख्या	३६४५६९	१६९७	४४८९	६०४२	१२२२८	२.४७	३.३५
७	रक्षा	७४३७६८	२०१८	१६६०	७२४८	१०९२६	२.२१	१.४७
८	शिक्षा, विज्ञान तथा प्रविधि	२५२९३९	२८	१०६७१	६०	१०७५९	२.१७	४.२५
९	राष्ट्रिय पुननिर्माण प्राधिकरण	५४३८१५	४२७	९३७९	८६७	१०६७३	२.१६	१.९६
९	उद्योग, वाणिज्य तथा आपूर्ति	७८१३८	३३९	९५६१	२९	९९२९	२.०१	१२.७१
१०	गृह	८३४२८६	९५	२४४४	६६८३	९२२२	१.८६	१.११
११	अन्य	८३०७४५	७११९	२९३३०	१९०००	५५४४९	११.२२	६.६७
	जम्मा	**२८२०३७९९**	**२६३७४९**	**१८८०३५**	**४२९२३**	**४९४७०७**	**१००**	*१.७५*

उल्लिखित दश मन्त्रालयमा संघीय सरकारी कार्यालयतर्फको कुल बेरुजूको ८८.७८ प्रतिशत रहेको छ । यसैगरी प्रदेश सरकारतर्फ लेखापरीक्षण अङ्कको तुलनामा २.५२ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी कर्णाली प्रदेशको ५.०६ प्रतिशत र सबैभन्दा घटी लुम्बिनी प्रदेशको १.०९ प्रतिशत रहेको छ । स्थानीय तहतर्फ लेखापरीक्षण अङ्कको तुलनामा ४.१८ प्रतिशत बेरुजू कायम भएकोमा सबैभन्दा बढी महोत्तरी जिल्लाको

पिपरा गाउँपालिकामा २३.८७ प्रतिशत र सबैभन्दा घटी ताप्लेजुङ जिल्लाको सिरीजङ्घा गाउँपलिका र प्युठान जिल्लाको मल्लरानी र सरुमारानी गाउँपालिकाको बेरुजू शून्य रहेको छ । यो वर्षको लेखापरीक्षणबाट ५ प्रतिशतभन्दा कम बेरुजू हुने ५३३, ५ देखि १५ प्रतिशतसम्म बेरुजू हुने १९३ र १५ प्रतिशतभन्दा बढी बेरुजू हुने स्थानीय तह १८ रहेका छन् ।

- यो वर्ष ३ हजार २८७ संघीय सरकारी कार्यालयको लेखापरीक्षण गरिएकोमा १ हजार ३४१ कार्यालय (४०.७९ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन । प्रदेश सरकारी कार्यालयतर्फ १ हजार १३१ को लेखापरीक्षण गरेकोमा ३४७ कार्यालय (३०.६८ प्रतिशत) मा उल्लेख्य बेरुजू देखिएन ।

- यो वर्ष ५ हजार २१७ संघीय सरकारी कार्यालय, प्रदेश र स्थानीय तहको (बक्यौता समेत) १ लाख ५५ हजार ८६९ दफा बेरुजू देखिएकोमा ६४ हजार २७ दफा सैद्धान्तिक र ९१ हजार ८४२ दफा लगती बेरुजू कायम भएको छ ।

- संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय, स्थानीय तह, अन्य समिति र संस्थातर्फ यो वर्ष लेखापरीक्षणबाट असुल गर्नुपर्ने देखिएको संघीय सरकारी कार्यालयतर्फका २४ मन्त्रालय/निकाय अन्तर्गतका कार्यालयले लेखापरीक्षणको क्रममा रू.१५ करोड ८३ लाख र प्रारम्भिक प्रतिवेदन पठाएपछि १६ निकाय/मन्त्रालय अन्तर्गतका कार्यालयले रू.१२ करोड २३ लाख तथा गत विगतको बेरुजू सम्परीक्षणको क्रममा १९ निकाय/मन्त्रालय मातहतका कार्यालयले रू.२ अर्ब २८ करोड ७५ लाख, अन्य निकायले रू.१७ करोड ९४ लाख, प्रदेश सरकार मातहतका निकायले रू.११ करोड ४७ लाख र स्थानीय तहले रू.१ अर्ब ३४ करोड ३४ लाखसमेत रू.४ अर्ब २० करोड ५६ लाख असुल गराएका छन् ।

  यो वर्षको संघीय सरकारी कार्यालयतर्फ लेखापरीक्षणबाट असुल गर्न बाँकी देखिएको रू.२६ अर्ब ३७ करोड ४९ लाखमध्ये १० मन्त्रालय/निकायको रू.२६ अर्ब ९ करोड ८१ लाख (९८.९५ प्रतिशत) र बाँकी मन्त्रालय/निकायको रू.२७ करोड ६८ लाख (१.०५ प्रतिशत) देखिएको छ । यससम्बन्धी विवरण अनुसूची ९ र १५ मा छ ।

- संघीय सरकारी कार्यालयतर्फ म्याद नाघेको गत वर्षसम्मको पेश्की रू.७४ अर्ब ८८ करोड ९२ लाख बाँकी रहेकोमध्ये यो वर्ष रू.१५ अर्ब २९ करोड ४४ लाख (२०.४२ प्रतिशत) फर्स्यौट भई रू.५९ अर्ब ५९ करोड ४८ लाख बाँकी रहेको र सोमा यो वर्ष थप भएको रू.४ अर्ब २९ करोड २३ लाखसमेत कुल पेश्की रू.६३ अर्ब ८८ करोड ७१ लाख बाँकी रहेको छ । त्यस्तै संघ र प्रदेशतर्फको समिति, अन्य संस्थातर्फ यो वर्षको रू.१ अर्ब २ करोड ४१ लाख पेश्की बाँकी देखिएको छ ।

१७.४. **तुलनात्मक बेरुजू स्थितिः** संघीय सरकारी निकायतर्फ विगत ३ वर्षको लेखापरीक्षण र बेरुजू अङ्कको तुलनात्मक स्थिति निम्नानुसार छः

(रू. करोडमा)

प्रतिवेदन	लेखापरीक्षण अङ्क	बेरुजू अङ्क	प्रतिशत
सनताउन्नौं	१७,५६,०४	७१,०६	४.०५
अन्ठाउन्नौं	१५,५५,८१	४४,३९	२.८५
उनन्साठीऔं	२८,२०,३८	४९,४७	१.७५

लेखापरीक्षण अङ्कको तुलनामा बेरुजू गत वर्ष २.८५ प्रतिशत रहेकोमा यो वर्ष १.७५ प्रतिशत रहेको छ ।

१७.५. **बेरुजू फर्स्यौटः** यो वर्ष बेरुजू फर्स्यौट तथा सम्परीक्षणको स्थिति देहायबमोजिम छः

(रु.लाखमा)

विवरण/इकाइ	प्रारम्भिक प्रतिवेदन		प्रतिक्रियाबाट फर्स्यौट		यस वर्षको फर्स्यौट हुन बाँकी	
	दफा	रकम	दफा	रकम	दफा	रकम
संघीय सरकारी कार्यालयहरू	२४११४	५४२८८४	३०१	४८१७७	२३८१३	४९४७०७
प्रदेश सरकारी कार्यालयहरू	६९९५	९४२१४	२१७	१९४०४	६७७८	७४८११
स्थानीय तह	५९७४७	४५४९५२	१९५३	१५८५७	५७७९४	४३९०९५
अन्य संस्था समिति (प्रदेश समेत)	३५३६	१७९८९०	७९	३७९५२	३४५७	१४१९३७
जम्मा	**९४३९२**	**१२७१९४०**	**२५५०**	**१२१३९०**	**९१८४२**	**११५०५५०**

१७.६. **बेरुजू न्यूनीकरणः** सरकारको आर्थिक कारोबारमा महालेखापरीक्षकबाट प्रत्येक वर्ष औंल्याइएको त्रुटिलाई सुधार नगरी अनियमित कामको निरन्तरताले बेरुजूको मात्रा बढ्न गई समग्रमा आर्थिक अनुशासनको स्थिति कमजोर देखिएको छ । यस्तो स्थिति आउनमा मूलतः कमजोर आन्तरिक नियन्त्रण प्रणाली, अप्रभावकारी आन्तरिक लेखापरीक्षण, आर्थिक कार्यविधि, खरिदलगायतका कानुनमा रहेका जटिलता र अपर्याप्तता एवं पालनामा कमी, कमजोर अनुगमन तथा नियमन र कर्मचारीतन्त्रमा जिम्मेवारी वहनको स्थितिमा आएको कमी प्रमुख छन् । अनियमित कार्यमा संलग्न व्यक्ति उपर न्यून मात्रामा कारबाही भई दण्डहीनताले प्रश्रय पाएको छ भने वित्तीय जिम्मेवारी पालनाको मूल्याङ्कन गरी प्रोत्साहित गर्ने प्रभावकारी व्यवस्था छैन । कर्मचारीको कार्यसम्पादन मूल्याङ्कनमा वित्तीय जिम्मेवारी वहनको सूचकाङ्कको व्यवस्थासहित उपर्युक्त कमजोरीमा सुधार गर्नु जरुरी छ ।

१८. कार्यमूलक तथा विशेष लेखापरीक्षण

वित्तीय लेखापरिक्षणको अतिरिक्त यो वर्ष ज्येष्ठ नागरिकको संरक्षण र सामाजिक सुरक्षा, बीमा समितिको नियमन, नेपाल नागरिक उड्डयन नियमन, युवा स्वरोजगार कार्यक्रम कार्यान्यवन, उपत्यका विकास प्राधिकरणको भौतिक विकास योजना तर्जुमा र कार्यान्वयन तथा विशेष आर्थिक क्षेत्र सञ्चालन एवं व्यवस्थापन लगायतका ६ विषयको कार्यमुलक लेखापरीक्षण गरिएको, प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सार्वजनिक खरिद कानूनको पालना विषयमा परिपालना लेखापरीक्षण तथा जलवायु परिवर्तनको विषयमा वातावरणीय लेखापरीक्षण भएको देखिन्छ । त्यसैगरी कोभिड-१९ को रोकथाम, नियन्त्रण र व्यवस्थापन विषयको विशेष लेखापरीक्षण भएको छ भने एकल कोष खाता प्रणाली, स्वचालित भन्सार जाँचपास प्रणाली र विद्युतीय सरकारी खरिद प्रणाली समेतका ३ विषयको सूचना प्रविधि लेखापरीक्षण भएको छ ।

१९. सुधारका क्षेत्रहरू

वित्तीय जिम्मेवारी, जवाफदेहिता र पारदर्शिताका माध्यमबाट वित्तीय अनुशासन कायम भई समग्र वित्तीय सुशासन कायम गर्न मद्दत पुग्दछ । यसका लागि बजेट तर्जुमा, निकासा, खर्च प्रणाली, प्रतिवेदन, लेखापरीक्षण एवं अनुगमन र मूल्याङ्कन पक्षमा निरन्तर सुधारको आवश्यकता रहन्छ । संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा तथा लेखापरीक्षण, अन्तर्राष्ट्रिय असल अभ्यासको प्रयोग, सूचना प्रविधिको उपयोग, अभिलेख तथा प्रतिवेदन प्रणालीलगायतका विषयमा भविष्यमा गर्नुपर्ने सुधारका विषयलाई देहायबमोजिम प्रस्तुत गरिएको छः

• अर्थतन्त्र, योजना र बजेट व्यवस्थापन

१. **आत्मनिर्भर अर्थतन्त्र निर्माण -** नेपालको संविधानले निर्देशित गरेको राज्यको आर्थिक उद्देश्य हासिल गर्न देहायको सुधार गर्नुपर्ने देखिन्छः

१.१. देशको अर्थतन्त्रको कुल संरचनामा कृषि क्षेत्रको हिस्सा करिब २४ प्रतिशत रहेको र कृषिको व्यवसायीकरण हुन नसकेको, मल बीउ अभाव रहेको सन्दर्भमा कृषि क्षेत्रलाई व्यावसायिक र आधुनिकीकरण गर्दै राष्ट्रिय अर्थतन्त्रमा योगदान पुग्ने गरी आवश्यक वित्तीय रणनीति र स्पष्ट सञ्चालनगत कार्यनीति लागू गर्नुपर्दछ ।

१.२. राष्ट्रिय अर्थतन्त्रको विकासका लागि स्वदेशी लगानी, श्रम, सीप र कच्चा पदार्थमा आधारित राष्ट्रिय उद्योगधन्दाको संरक्षण र प्रवर्द्धन गर्नुपर्दछ । यसका लागि आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धनलाई बढावा दिनुपर्दछ ।

१.३. राष्ट्रिय हित अनुकूल हुने कुरा सुनिश्चित गरेर मात्र वैदेशिक पुँजी तथा प्रविधि भित्र्याउने व्यवस्था गर्नुपर्दछ।

१.४. राष्ट्रिय उपभोगको संरचनामा सुधार गरी बचतलाई प्रोत्साहन गर्न आवश्यक रणनीति तथा कार्यनीति लागू गर्नुपर्दछ । यसरी प्राप्त हुने बचतलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गर्नुपर्ने देखिन्छ ।

१.५. राष्ट्रिय उद्योगधन्दा र सामाजिक आर्थिक रुपान्तरणमा सकारात्मक योगदान गर्ने लगानीमैत्री राजस्व नीतिको अवलम्बन गर्नुपर्दछ ।

१.६. अत्यावश्यक र उच्च आर्थिक तथा सामाजिक प्रतिफल प्राप्त हुने क्षेत्रमा मात्र ऋण परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ ।

१.७. वैदेशिक मुद्रा आर्जनको स्रोतमा आशातीत सुधार हुन नसकेको र बढ्दो आयातको अवस्थाले शोधनान्तर स्थितिमा चाप पर्न गएकोले व्यापार घाटालाई कुल गार्हस्थ्य उत्पादनको वाञ्छित सीमाभित्र राख्ने गरी वित्तीय तथा मौद्रिक रणनीति लागू गर्नुपर्दछ ।

१.८. सबै प्रकारका आर्थिक क्रियाकलापहरूको पहिचान गर्ने, तिनको तथ्याङ्क सङ्कलन गर्ने, उचित नियमनमार्फत् सबै प्रकारका औपचारिक तथा अनौपचारिक आर्थिक क्रियाकलापहरूलाई अर्थतन्त्रको दायरामा ल्याई यसको आधार बृहत् बनाउन आवश्यक व्यवस्था गर्नुपर्दछ । सार्वजनिक, निजी र सहकारीक्षेत्रको सहभागितामार्फत् उपलब्ध साधन र स्रोतको अधिकतम परिचालन गरी राष्ट्रिय अर्थतन्त्रलाई आत्म निर्भर र सुदृढ बनाउनुपर्दछ ।

२. **दिगो विकास लक्ष्य -** संघीय, प्रादेशिक र स्थानीय सरकार तथा निजी, सहकारी एवं नागरिक समाजसमेतको संलग्नतामा दिगो विकास लक्ष्य प्राप्ति सम्बन्धमा देहायको सुधार गर्नुपर्ने देखिन्छः

२.१. तीनै तहका सरकारले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरी सोलाई योजना, मध्यमकालीन खर्च संरचना तथा बजेटसँग आबद्ध गर्नुपर्दछ । लक्ष्य हासिलका लागि तीनै तहका सरकारबीच समन्वय, सहकार्य र अन्तरसम्बन्ध स्थापित हुनुपर्दछ ।

२.२. दिगो विकास लक्ष्य आफैंमा अन्तरसम्बन्धित रहेका छन् । उक्त लक्ष्य हासिल गर्नको लागि तीन तहका सरकार एवं विषयगत निकायबाट हुने योगदान पहिचान गरी प्रगतिको मापन, मूल्याङ्कन तथा विश्लेषण गर्नका लागि सूचकसहितको डाटा बेस तयार गर्नुपर्दछ । लक्ष्यको कार्यान्वयन तीन तहका सरकारबाट हुने हुँदा सोको तथ्याङ्क एवं सूचना प्रवाह एवं एकीकृत हुने व्यवस्था मिलाई सम्पूर्ण सरकार (होल अफ द गभर्नमेन्ट) को अवधारणाअनुरूप अनुगमन मूल्याङ्कन गर्नुपर्दछ ।

२.३. कोभिड-१९ ले कार्यक्रम कार्यान्वयन तथा लक्ष्य हासिलमा पारेको प्रभाव अध्ययन मूल्याङ्कन गरी सोको असरलाई सम्बोधन गरी बाँकी अवधिभित्र लक्ष्य हासिल गर्न आवश्यक पर्ने स्रोत व्यवस्थापनका लागि सम्बद्ध सबै पक्षसँग समन्वय र सहकार्य गर्नुपर्दछ । त्यसैगरी निर्धारित समयभित्र लक्ष्य हासिल गर्न स्पष्ट कार्ययोजना तयार गरी कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

२.४. दिगो विकास लक्ष्य हासिल गर्नका लागि सरकार, निजी क्षेत्र, गैरसरकारी संस्थालगायत सबै पक्षको भूमिकालाई प्रभावकारी बनाउन विशेष व्यवस्था गर्नुपर्दछ । सबै पक्षहरूले स्वामित्व र अपनत्व लिने गरी आवश्यक व्यवस्था गर्नुपर्दछ ।

२.५. दिगो विकास लक्ष्यको प्रभावकारी कार्यान्वयन गर्न प्रदेश र स्थानीय तहमा समेत आवश्यक नीतिगत, कानूनी र संगठनात्कम संरचना निर्माण गर्नुपर्दछ ।

३. **बजेट व्यवस्थापन -** स्रोत साधनको कुशल बाँडफाँट गर्न बजेट निर्माण, कार्यान्वयन एवं नियन्त्रणसँग सम्बन्धित क्रियाकलापमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

३.१. बजेट तर्जुमा पूर्व नै कार्यक्रम निर्दिष्ट गरी सोहीअनुसार बजेट विनियोजन गर्नुपर्नेमा अनुमान गर्न सकिने प्रयोजनको लागि समेत अर्थ विविध वा अबण्डामा ठूलो बजेट राख्ने र वर्षान्तमा रकमान्तर गर्ने परिपाटी विद्यमान छ । जसले गर्दा वित्तीय नियन्त्रण तथा आर्थिक अनुशासन फितलो भएको र वर्षान्तमा भएको निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठेको हुँदा यस्तो प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ ।

३.२. राष्ट्रिय बजेट प्रणाली बाहिर विभिन्न प्रकारका कोषहरू खडा गरी संसदीय निगरानीबेगर खर्च गरेको जस्ता विषय गत विगतदेखि औंल्याईँदै आएकोमा हालका दिनहरूमा प्रदेश सरकार र स्थानीय तहले समेत कानून बेगर विभिन्न कोषहरूको स्थापना गरी सञ्चालन गरेका छन् । नियमित र विद्यमान संरचनाबाट नै अपेक्षित कार्य सम्पादन गरी कोष खडा गरी बजेट प्रणाली बाहिरबाट खर्च गर्ने प्रवृत्तिमा सुधार गर्नुपर्दछ ।

३.३. रकमान्तर गर्दा प्रचलित विनियोजन ऐनले तोकेको सीमाभित्र रहेर मात्र गर्नुपर्दछ । रकमान्तरको सीमा लागू नहुने अनुदान संख्यामा ठूलो रकम विनियोजन गरी सोबाट अन्य अनुदान संख्यामा रकमान्तर गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्नु आवश्यक देखिन्छ ।

३.४. प्राप्तिको सुनिश्चितता भएपछि मात्र वैदेशिक सहायता बजेटमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ । साथै यथार्थमा खर्च हुने सुनिश्चितता र मध्यमकालीन खर्च संरचनाको आधारमा मात्र बजेट विनियोजन गरिनुपर्दछ ।

३.५. सांसद, संसदीय समिति, सरोकारवालाबीच हुने पूर्व बजेट छलफललाई पारदर्शी एवं नतिजामूलक बनाउनुपर्दछ । बजेट तर्जुमा, मध्यावधि तथा वार्षिक समीक्षा तथा बजेट कार्यान्वयनसम्बन्धी पृष्ठपोषणलाई आगामी बजेट तर्जुमा गर्दा उपयोग गर्नुपर्दछ ।

३.६. पूर्व तयारी चरणमा गर्नुपर्ने कार्य सम्पन्न नभएका आयोजनामा बजेट विनियोजन गर्ने एवं बजेट खर्च हुन नसक्ने अवस्थामा समेत खर्चको आकारमात्र बढाउन फ्रिज नहुने खातामा राख्ने वा संघ संस्थाको खातामा रकम ट्रान्सफर गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

३.७. बजेटले अन्तर्राष्ट्रिय तथा राष्ट्रिय परिवेशलाई विचार गरी आइपर्न सक्ने जोखिमहरूको पहिचान एवं विश्लेषण गर्दै भविष्यमा पर्ने सक्ने आकस्मिक दायित्व वा खर्चलाई मध्यनजर गरी बजेट तर्जुमा गर्नुपर्दछ।

३.८. बजेट तर्जुमा गर्दा नै प्रदेश तथा स्थानीय तहलाई प्रदान गरिने सबै कार्यक्रम र योजना समावेश गर्नुपर्ने र आर्थिक वर्षको बीचमा नयाँ कार्यक्रमको लागि प्रदेश तथा स्थानीय तहमा सशर्त अनुदान हस्तान्तरण गर्ने प्रक्रिया बन्द गरिनुपर्दछ ।

४. **आयोजना व्यवस्थापन -** आयोजना व्यवस्थापनका विभिन्न चरणमा देखिएका समस्या समाधान गर्न देहायबमोजिम सुधार गर्नुपर्दछः

४.१. विभिन्न प्रकारका दबाब तथा प्रभावका आधारमा आयोजना छनौट हुने परिपाटीको अन्त्य गर्दै खुद वर्तमान मूल्य, लागत लाभ विश्लेषण, आन्तरिक प्रतिफल दर, लागत फिर्ता हुने समयावधि आदिको आधारमा प्राथमिकीकरण गरी आयोजना बैङ्क तयार गर्नुपर्दछ । आयोजना बैङ्कभन्दा बाहिरका आयोजना बजेटमा समावेश नगर्ने व्यवस्था कडाइका साथ लागू गर्नुपर्दछ ।

४.२. आयोजनाको अनुगमन र मूल्याङ्कनलाई नतिजामुखी बनाई आयोजना कार्यालय, मन्त्रालयस्तर, राष्ट्रिय योजना आयोग र प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले आधुनिक विधिहरू प्रयोगमा ल्याई अनुगमन मूल्याङ्कन गर्नुपर्दछ । संघ र प्रदेशबाट सञ्चालन हुने आयोजना अनुगमन गर्न आयोजना व्यवस्थापन सूचना प्रणाली तर्जुमा गरी कार्यान्वयनमा ल्याउनुपर्दछ । आयोजना सम्पन्न भएपछि लागत प्रतिफल दरहरूको अवस्था मूल्याङ्कन एवं अनुगमन गर्ने व्यवस्था हुनुपर्दछ ।

४.३. आयोजनाको नेतृत्व र कर्मचारीहरूको कार्यसम्पादनलाई नतिजामुखी तुल्याउन कार्य सम्पादन करार गरी आयोजना अवधिभर आयोजना प्रमुख सरुवा नगर्ने नीति अवलम्बन गर्दै कार्य सम्पादनलाई वृत्ति विकाससँग आबद्ध गरी उत्तरदायित्व वहन गर्नुपर्ने संस्कृतिको विकास गर्नुपर्दछ । आयोजना व्यवस्थापनसम्बन्धी क्षमता अभिवृद्धि गर्न सर्टिफिकेसन कोर्सहरू सञ्चालन गर्नुपर्दछ ।

४.४. निश्चित सूचक र मापदण्डको आधारमा राष्ट्रिय गौरवका आयोजना घोषणा गर्ने तथा तोकिएको समय र लागतमा दक्षतापूर्वक आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस्ता आयोजना कार्यान्वयनका लागि उपयुक्त अनुगमन संयन्त्रसहितको छुट्टै कानूनी व्यवस्था गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

४.५. जग्गाको मूल्याङ्कन वस्तुनिष्ठ नहुँदा क्षतिपूर्ति भुक्तानी सम्बन्धमा विवाद उत्पन्न हुने र न्यायालयमा मुद्दा दायरसमेत गर्ने प्रवृत्तिले आयोजना कार्यान्वयनमा समस्या परेको देखिन्छ । आयोजनाहरूको लागि आवश्यक जग्गा प्राप्ति र क्षतिपूर्ति वितरणको कार्यलाई सरलीकृत, वैज्ञानिक र व्यवस्थित गर्न उपयुक्त कानूनी व्यवस्था गर्नुपर्दछ ।

४.६. पर्याप्त अध्ययन र स्थलगत अवलोकन बेगर ड्रइङ डिजाइन तयार गरेको कारण निर्माण चरणमा आयोजनाको ड्रइङ डिजाइन परिवर्तन गर्नुपर्ने अवस्था सिर्जना भइरहेकोले पर्याप्त अध्ययन बेगर आयोजनाको डिजाइन तयार गर्ने प्राविधिक तथा परामर्शदातालाई जिम्मेवार बनाउनुपर्दछ ।

४.७. एउटै प्रकृतिका आयोजनाहरू विभिन्न निकाय तथा सरकारबाट कार्यान्वयन भैरहेको तथा आयोजना कार्यान्वयनको लागि अन्तरसम्बन्धित रहेका सडक, विद्युत, टेलिफोन, सिँचाइ, खानेपानी, वन जस्ता निकायहरूबीच समन्वयका आधारमा आयोजना कार्यान्वयन गर्नुपर्दछ ।

४.८. निर्माणका लागि आवश्यक पर्ने जनशक्ति, हेभी मेसिन, उपकरणहरू, निर्माण सामग्रीको उपलब्धता र व्यावसायिकता समेतलाई मध्यनजर राख्दै राष्ट्रिय निर्माण क्षमता विश्लेषण गरी राष्ट्रिय आवश्यकतासँग तादात्म्यता हुने गरी निर्माण क्षमता अभिवृद्धि गर्नुपर्दछ ।

- **स्रोत व्यवस्थापन**

५. **वैदेशिक सहायता -** वैदेशिक सहायता परिचालन गर्ने तथा सो सहायतालाई राष्ट्रिय बजेट र प्रतिवेदन प्रणालीभित्र ल्याउने तथा नतिजामा आधारित बनाउने सम्बन्धमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छः

५.१. राष्ट्रको खर्च आवश्यकता र उपलब्ध राष्ट्रिय स्रोतबाट नपुग हुने अवस्थामा राष्ट्रिय हित र प्राथमिकतालाई आधार बनाउँदै वैदेशिक सहायता लिने प्रक्रियालाई थप पारदर्शी बनाउँदै प्राप्त हुने वैदेशिक सहायतालाई राष्ट्रिय बजेट प्रणाली र सञ्चित कोषमार्फत् परिचालन गर्नुपर्दछ ।

५.२. राष्ट्रिय हितअनुकूल उत्पादन र उत्पादकत्व वृद्धि हुने, रोजगारी सिर्जना हुने, आयात प्रतिस्थापन र निर्यात प्रवर्द्धन हुने तथा उच्च प्रतिफल प्राप्त हुने र आत्मनिर्भर अर्थतन्त्र निर्माणमा योगदान गर्ने क्षेत्र वा आयोजनाहरूको लागि मात्र विदेशी सहायता परिचालन गर्नुपर्दछ ।

५.३. वैदेशिक सहायता परिचालन कार्यमा संलग्न हुने जनशक्तिको ज्ञान, सीप एवं दक्षता अभिवृद्धि गर्ने तथा संस्थागत संरचनाहरूलाई सबल बनाउने र संलग्न संस्थाहरूबीच समन्वय गर्नुपर्दछ । ।

५.४. शर्तसहितको वैदेशिक सहायता सकेसम्म स्वीकार नगर्ने नीति अख्तियार गर्नुपर्दछ । आयोजना र कार्यक्रममा आधारित बहुक्षेत्र तथा बहुनिकायमा छरिएको सहयोगभन्दा राष्ट्रिय बजेट सहयोगमा प्राप्त हुने वैदेशिक सहायता प्राप्तिमा जोड दिनुपर्दछ ।

५.५. विकास सहायताको प्रतिबद्धता र यथार्थ प्राप्ति एवं प्राप्ति र उपयोगबीच ठूलो अन्तर देखिएकाले प्रतिवद्धताअनुसार विकास सहायता प्राप्त गर्न एवं प्राप्त भए अनुसार सहायता उपयोग गर्नेतर्फ क्रियाशील हुनुपर्दछ ।

५.६. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूमार्फत् परिचालन हुने वैदेशिक सहायतालाई पारदर्शी र जवाफदेही बनाउन अनुगमन संयन्त्रको विकास गर्ने तथा सरकारी संरचनामार्फत् सहायता परिचालन गर्ने व्यवस्था गर्नुपर्दछ।

५.७. वैदेशिक सहायतामा सञ्चालित आयोजनामा समयमा शोधभर्ना नभएको कारणले राज्यले प्राप्त गर्नुपर्ने अनुदान गुमाउनुपर्ने र सरकारी स्रोततर्फ चाप पर्न जाने भएकोले समयमै शोधभर्ना प्राप्त गर्न थप प्रयास हुनुपर्दछ । प्रदेश तथा स्थानीयतहले खर्च गरेका वैदेशिक सहायताको संघीय सरकारमा प्रतिवेदन गर्ने र समयमै शोधभर्ना माग गर्ने उपयुक्त व्यवस्था मिलाउनुपर्दछ ।

५.८. अन्तर्राष्ट्रिय विकास सहायता परिचालन सम्बन्धमा सबै सरोकारवालाहरूबीच एकरूपता कायम गर्न र राष्ट्रिय प्राथमिकताका आधारमा सहायता परिचालन गर्न कार्यसञ्चालन निर्देशिका बनाई लागू गर्नुपर्दछ ।

६. **राजस्व परिचालन -** आयकर, मूल्य अभिवृद्धि कर, भन्सार, अन्तःशुल्कलगायत गैरकर राजस्व सङ्कलन एवं प्रशासनलाई व्यवस्थित गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

६.१. अर्थतन्त्रका विभिन्न क्षेत्रहरू र व्यवसायको परिवर्तित स्वरूपसमेतको गहन अध्ययन गरी सबै क्षेत्र र व्यवसायलाई करको दायरामा ल्याउनुपर्दछ । खासगरी अनौपचारिक अर्थतन्त्रलाई करको दायरामा ल्याई राजस्व परिचालनमा दक्षता अभिवृद्धि गर्न अन्य सरकारी र नियमनकारी निकायसँग सघन समन्वय एवं सूचनाको अन्तरआबद्धता गर्नुपर्दछ ।

६.२. आर्थिक ऐन, विशेष ऐन, नियम, आदेश वा ऋण अनुदान सहायता सम्झौताअन्तर्गत प्रदान गरिएको राजस्व छुट तोकिएको शर्त तथा प्रयोजनमा सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ । आर्थिक ऐनको द्रष्टव्यबाट राजस्व छुट दिने परिपाटी उपर नियन्त्रण गरिनुपर्दछ । समग्र राजस्व छुटबाट गुम्ने राजस्वको एकीकृत रकमगत विवरण र सो छुटबाट अपेक्षा प्राप्त उपलब्धिलाई संसदमा पेस गर्ने व्यवस्था गर्नुपर्दछ।

६.३. कर असुली सम्बन्धमा विभिन्न कानूनमा व्यवस्था भएका तरिका, विधि र प्रक्रिया अपनाइ राजस्व बक्यौता असुली गर्नुपर्दछ । समयमा कर विवरण नबुझाउने, समयमा कर नतिरी बक्यौता राख्ने करदाताहरूलाई पछिल्ला वर्षमा छुट सुविधा दिने परिपाटीलाई अन्त्य गरिनुपर्दछ ।

६.४. कराधारलाई दिगो र मजबुत गर्न आयातमा आधारित राजस्वको हिस्सालाई घटाउँदै आन्तरिक राजस्वका क्षेत्रहरूको पहिचान र विस्तारमा ध्यान दिनुपर्दछ ।

६.५. भन्सारमा मालवस्तुको घोषणा, वर्गीकरण र मूल्याङ्कनलाई यथार्थपरक र कारोबार मूल्यमा आधारित बनाउन अन्तर्देशीय भन्सार प्रशासनसँग विद्युतीय सूचना आदान प्रदान गर्ने एवं भन्सार दरबन्दी व्याख्यालाई थप स्पष्ट गर्नुपर्दछ ।

६.६. सामाजिक संजाल, सोसियल मिडिया, भर्चुअल मिटिङ्ग प्लेटफर्म, अनलाइन व्यवसायलगायत भौगोलिक सीमाविहीन स्वरूपले हुने विद्युतीय कारोबारलाई करको दायरामा ल्याउनुपर्दछ ।

६.७. एकीकृत कर प्रणालीलाई सबल र सुरक्षित बनाउँदै जोखिमका आधारमा कर परीक्षण गर्ने पद्धतिलाई सुदृढीकरण गरिनुपर्दछ । कर परीक्षणकार्यलाई थप स्वच्छ, मितव्ययी र दक्ष बनाउन कर परीक्षणको क्रममा सम्पादन गरिने करदातासँग सूचना विवरण माग गर्ने, जवाफ लिनेलगायतका क्रियाकलापहरू र कर निर्धारण पश्चात् तयार गरिने प्रतिवेदनहरूसमेत यसै प्रणालीमा आबद्ध गर्नुपर्दछ । करपरीक्षणको अतिरिक्त नियमितरूपमा पेस भएका कर विवरणहरू योजनाबद्ध तवरले अनुगमन गर्ने र अस्वाभाविक देखिएमा शोधखोज एवं कर निर्धारण गर्न सक्ने व्यवस्था हुनुपर्दछ ।

६.८. राजस्वतर्फको आर्थिक विवरण स्वचालित रूपमा तयार हुने र बक्यौता असुलीलगायतका विवरणहरू स्वचालित रूपमा भिडान हुने गरी सूचना प्रविधिमा आधारित एकीकृत कर प्रणाली र राजस्व व्यवस्थापन सूचना प्रणालीका सूचना एक आपसमा भिडान हुने व्यवस्था गर्नुपर्दछ ।

६.९. अनुसन्धानात्मक परीक्षण बढाउँदै कर परीक्षणमा कृत्रिम बौद्धिकताको प्रयोग गर्नुपर्दछ । साथै कर परीक्षण प्रणालीलाई फेसलेस बनाउन प्रयास गर्नुपर्दछ ।

६.१०. राजस्व प्रशासनमा संलग्न जनशक्तिको सेवा प्रवेशको लागि विशिष्टिकृत योग्यता कायम गर्ने एवं कर्मचारीको क्षमता विकास कार्यक्रम सञ्चालन गर्नुपर्दछ । कर निर्धारणको अनुगमन, आन्तरिक एवं समकक्षी पुनरावलोकनमार्फत् सही कर निर्धारण हुने पद्धतिको अवलम्बन गर्नुपर्ने देखिन्छ ।

६.११. करदाताहरूले प्रयोग गर्ने बिलिङ्ग प्रणालीमा विभाग तथा कार्यालयहरूको पहुँच बढाई केन्द्रीय बीजक अनुगमन प्रणालीलाई सबै करदातासम्म लागू गर्नुपर्दछ । साथै बजार अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.१२. करदाताको तर्फबाट आय विवरण प्रमाणीकरण गर्ने लेखापरीक्षकले न्यूनतम रूपमा परीक्षण गरी प्रमाणित गर्नुपर्ने विषय निर्धारण गरी सोको पालना नगर्ने लेखापरीक्षकलाई कारबाही गर्ने व्यवस्था हुनुपर्दछ ।

६.१३. भन्सारमा हुने न्यून मूल्याङ्कन, घर जग्गाको खरिद बिक्रीमा हुने मूल्याङ्कन, बजारमा वस्तु तथा सेवा बिक्री वितरणमा हुने न्यून बीजकीकरण र घर जग्गा बहालमा हुने न्यून आय घोषणालाई निरुत्साहन गर्न सम्बद्ध सबै निकायसँगको सूचना आदनप्रदान गर्ने र बजारको अनुगमनलाई प्रभावकारी बनाउनुपर्दछ ।

६.१४. उद्योग, व्यापार, पेशा, व्यवसाय, संस्था दर्ता गर्ने तथा नियमन गर्ने निकायहरू र कर प्रशासनबीच विद्युतीय माध्यमबाट सूचना प्राप्त गरी कर सूचना सञ्जाल स्थापना गर्नुपर्दछ ।

६.१५. कर निर्धारणसम्बन्धी विवादलाई समयमै निरूपण तथा समाधान गर्ने सम्बन्धमा अध्ययन गरी आवश्यकता र असल अभ्याससमेत विचार गरी उपयुक्त कानूनी र संरचनागत व्यवस्था गर्नुपर्दछ ।

६.१६. सम्बद्ध पक्षहरू बीच मूल्य हस्तान्तरण (ट्रान्सफर प्राइसिङ्ग), आयको खण्डीकरण र कर मुक्ति योजनाको प्रबन्ध हुने कार्यलाई रोकथाम गरी आर्म्स लेन्थ सिद्धान्तअनुरूप सही करारोपणका लागि विदेशी निकायबाट सूचना आदान प्रदान गर्न अन्तर्राष्ट्रिय संघ संस्थाहरूसँग समन्वय र सहकार्य गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

६.१७. उत्पादनमूलक उद्योगहरूले कच्चा पदार्थको प्रतिलब्धि दर, नोक्सानी तथा जर्ती दाबी जस्ता विषयहरूलाई यथार्थपरक बनाउन क्षेत्रगत विषयहरूको अध्ययन गरी सम्बन्धित नियमानकारी निकायसँग समेत समन्वय गरी खास मापदण्ड तय गरी राजस्व परिचालनमा सुधार गर्नुपर्दछ ।

६.१८. गैरकर राजस्वलाई लागत प्रभावी बनाई सेवाप्रवाह, लागत, सुविधा, प्रविधिको उपयोग र समयसमेतलाई ध्यान दिई समयानुकूल पुनरावलोकन गर्नुपर्दछ ।

७. **सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग** - सार्वजनिक निकायको स्वामित्वमा रहेका सम्पत्तिको अभिलेख, संरक्षण र उपयोगमा देहायबमोजिमका सुधार गर्नुपर्ने देखिन्छ

७.१. ऐतिहासिक, धार्मिक, सांस्कृतिक तथा पुरातात्विक महत्वका सम्पदाहरूको संरक्षण तथा उपयोग र सरकारी सार्वजनिक निकाय एवं विश्वविद्यालयको स्वामित्वमा रहेका सार्वजनिक जग्गाजमिनको अतिक्रमण हटाई संरक्षण गरिनुपर्दछ ।

७.२. सम्भव भएसम्म सार्वजनिक खरिद ऐन, २०६३ ले व्यवस्था गरेको बाई ब्याक मेथड खरिद विधि प्रयोग गरी सरकारी सवारीसाधनलगायतका पुराना सम्पत्ति व्यवस्थापन गर्ने र सम्भव नभए लिलाम बिक्री वा नष्ट गर्ने प्रक्रियालाई प्राथमकिताका साथ कार्यान्वयन गरिनुपर्दछ ।

७.३. सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीसम्बन्धी विद्युतीय प्रणालीलाई थप प्रभावकारी बनाई स्थानीय तहसम्म लागू गरी परम्परागत कागजातमा आधारित सम्पत्ति व्यवस्थापन प्रणालीलाई पूर्ण रूपमा विस्थापन गरिनुपर्दछ ।

७.४. सरकारी जग्गा तथा वन क्षेत्रको लिज, भोगाधिकार दिने तथा खानी उत्खनन्लगायत प्राकृतिक स्रोत साधनको उपयोगलाई व्यवस्थित गर्न स्पष्ट मापदण्ड तयार गरी सोको समुचित उपयोग र प्रतिफल प्राप्त हुने ढङ्गले व्यवस्थापन एवं अनुगमन गर्नुपर्दछ ।

७.५. राष्ट्रिय महत्वका अभिलेख, नक्सा, सन्धि सम्झौता तथा ऐतिहासिक दस्तावेजहरूलाई महत्वपूर्ण सम्पत्तिको रूपमा लिएर डिजिटाइजेसन गरी सुरक्षित गर्ने र त्यस्ता कागजातहरूलाई पाण्डुलिपिको रूपमा दीर्घकालसम्म रहने गरी कागजी रूपमै पनि सुरक्षित रहने गरी व्यवस्थापन गर्नुपर्दछ ।

७.६. सार्वजनिक प्रयोगको लागि अधिग्रहण गरिएका जग्गा जमिनको संरक्षण र उपयोग उद्देश्यबमोजिम भए नभएको नियमन गरिनुपर्दछ ।

- **खर्च व्यवस्थापन**

८. **खर्च नियन्त्रणः** अनुत्पादक खर्च नियन्त्रण गरी अधिक प्रतिफल प्राप्त हुने गरी खर्च व्यवस्थापन गर्न देहाय बमोजिम गर्नुपर्ने देखिन्छः

८.१. सार्वजनिक खर्चको कुशलतापूर्वक व्यवस्थापन गर्न चालु खर्चलाई वाञ्छित सीमाभित्र राख्ने प्रयास हुनुपर्दछ। सार्वजनिक ऋणलाई निश्चित सीमामा राख्ने र खर्चलाई प्रतिफलसँग आबद्ध गरी व्यवस्थापन गर्नुपर्दछ ।

८.२. मन्त्रालय तथा विभागबाट हुनसक्ने कार्यका लागि कोष, परिषद, आयोग, बोर्डजस्ता संस्था खडा गरिएकोमा खारेज गर्ने, गाभ्ने तथा प्रदेश र स्थानीय तहलाई तोकिएको कामको लागि संघीय सरकारको संरचना स्थापना गर्ने कार्य रोकिनुपर्दछ । साथै तीनै तहका सरकारसँग सम्बन्धित मन्त्रालय, विभाग तथा कार्यालय तहका सरकारी संयन्त्रलाई चुस्त र प्रभावकारी बनाउन संगठनात्मक सुधार गर्नुपर्दछ ।

८.३. आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली २०७७ बमोजिम स्वीकृत बजेट, कार्यक्रम र उपलब्ध स्रोत समेतको आधारमा उच्च प्रतिफल र गुणस्तर कायम हुने गरी खर्च गर्न तथा वित्तीय उत्तरदायित्व, जिम्मेवारी र जवाफदेहिता वहन गर्ने व्यवस्थाको प्रभावकारी तवरले कार्यान्वयन गर्नुपर्दछ ।

८.४. विश्वव्यापी रूपमा फैलिएको कोभिड-१९ को महामारीको कारणले मुलुकको अर्थतन्त्र र सरकारी राजस्व आम्दानीमा ठूलो असर परेको छ । यस सन्दर्भमा अनुत्पादक खर्च नियन्त्रण गर्न सार्वजनिक खर्चमा मितव्ययिता र प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मार्गदर्शनलाई कडाइका साथ लागू गर्ने, महंगो सवारीसाधन खरिद नगर्ने, विविध खर्च नियन्त्रण गर्ने, बैठक, सभा सम्मेलन, भेला, वार्षिकोत्सव, विदेश भ्रमणलगायतमा हुने खर्चमा नियन्त्रण हुनुपर्दछ ।

८.५. सरकारी कार्यालय वा कर्मचारीले प्रयोग गर्ने भवन, अफिस कोठा, फर्निचर, उपकरण तथा सवारीसाधन सम्बन्धमा कार्यालयको आवश्यकता, कर्मचारी संख्या, कर्मचारीको स्तरसमेतलाई मध्यनजर गर्दै मापदण्ड निर्धारण गरी प्रभावकारी रूपमा कार्यान्वयन गरिनुपर्दछ ।

८.६. विद्यालय र विश्वविद्यालयका शिक्षकहरू तथा स्थानीय तहका कर्मचारीहरूको लागि समेत योगदानमा आधारित निवृत्तभरण प्रणाली लागू गर्नुपर्दछ ।

८.७. कार्यालय सञ्चालनका लागि आवश्यक पर्ने प्रशासनिक बजेट चालु बजेटमा विनियोजन गरी निर्माण कार्यको कन्टिन्जेन्सीबाट प्रशासनिक खर्च गर्ने परिपाटीको अन्त्य गर्नुपर्दछ ।

८.८. परामर्श सेवामा अत्यधिक खर्च भइरहेको परिप्रेक्षमा आयोजनाको ड्रइङ डिजाइन, लागत अनुमान तयारी, सर्वेक्षण, वित्तीय विवरण तयारी जस्ता कार्य विभागीय जनशक्तिबाट गराई वाह्य परामर्शदाताबाट गराउने परिपाटीको अन्त्य गरिनुपर्दछ ।

९. **सार्वजनिक खरिद व्यवस्थापन -** सार्वजनिक खरिद प्रक्रियालाई प्रतिस्पर्धी, स्वच्छ, जवाफदेही, पारदर्शी, मितव्ययी र गुणस्तरीय बनाउन देहायबमोजिमको सुधार गर्नुपर्ने देखिन्छः

९.१. खरिद कानूनमा व्यवस्था भएबमोजिम मालसामान, निर्माण कार्य र सेवाको आवश्यकता पहिचान, खरिद गुरु योजना तथा वार्षिक खरिद योजना तयारी गरिनुपर्दछ । योग्यताको आधार र स्पेशिफिकेशन तयार गर्दा केही निर्माण व्यवसायी, आपूर्तिकर्ता र परामर्शदातालाई मात्र अनुकूल हुने गरी तयार गर्ने, एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट कार्य थप गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

९.२. सार्वजनिक खरिद नियमावलीमा उल्लिखित सीमाभन्दा बढीको काम टुक्राटुक्रा पारी उपभोक्ता समितिलाई दिने, उपभोक्ता समितिहरूले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ । जटिल प्रकृतिका मेसिन प्रयोग गर्नुपर्ने काम उपभोक्ता समितिबाट गराउनु हुँदैन । सरकारी कोषबाट भुक्तानी लिने गरी उपभोक्ता समितिले गर्ने काममा सार्वजनिक खरिद कानूनको पालना हुनुपर्ने र लेखापरीक्षण सम्बन्धमा अनिवार्य व्यवस्था हुनुपर्दछ ।

९.३. विस्तृत परियोजना प्रतिवेदन तयारी, जग्गा प्राप्ति, रुख कटान, विद्युत पोलको स्थानान्तरण, वातावरणीय प्रभाव मूल्याङ्कन र सरोकारवालासँग समन्वयलगायतका सबै पूर्व तयारीका कार्य गरेपश्चात मात्र खरिद व्यवस्थापनको कार्य गर्नुपर्दछ ।

९.४. नेपालभरको निर्माण व्यवसायीले सम्पादन गरिरहेका ठेक्काको विवरण खुल्ने खरिद व्यवस्थापन सूचना प्रणालीको विकास गरी निर्माण व्यवसायीको स्रोत साधन परिचालनको आवधिक मूल्याङ्कन हुने व्यवस्था गर्ने र त्यस्ता व्यवसायीको कार्य संलग्नता एवं प्रगति र स्वामित्वमा रहेका उपकरण, चालु पुँजी, दक्ष जनशक्ति, अनुभव र व्यवस्थापकीय क्षमताको आधारमा निर्माण व्यवसायीले गर्नसक्ने कामको अधिकतम सीमा निर्धारण गर्ने नीति लिनुपर्दछ ।

९.५. सार्वजनिक खरिद प्रणालीको चरणहरू र कार्यप्रक्रिया व्यवस्थित गर्न सार्वजनिक खरिद अनुगमन कार्यालयले निर्देशिका जारी गर्नुपर्दछ । उक्त निर्देशिकामा खरिदका नवीनतम मोडालिटीहरू जस्तै सार्वजनिक निजी साझेदारी, निर्माण स्वामित्व सञ्चालन हस्तान्तरण (बुट), इन्जिनियरिङ प्रोक्योरमेण्ट कन्ट्र्याक्ट एवं सञ्चालन तथा वित्तीय लिजको प्रस्ताव आह्वान एवं मूल्याङ्कन प्रक्रियासमेत समावेश गरिनुपर्दछ ।

९.६. बोलपत्रमा अत्यधिक न्यून दर कबोल गरेको कारण कामको गुणस्तरमा समस्या देखिएको एवं ठेक्का अधुरो छाडने प्रवृत्ति बढ्दै गएकोले सोलाई निराकरण गर्न न्यूनतम र अधिकतम कबोल गर्नेको बोलपत्रलाई हटाई बाँकी बोलपत्रको कबोल अङ्कलाई औसत गर्दा हुने रकमसँग नजिक कबोल अङ्क रहेको बोलपत्र स्वीकृत गर्ने कानूनी व्यवस्था हुनुपर्दछ ।

९.७. प्रदेश तथा स्थानीय तहले सार्वजनिक खरिदको कानूनी व्यवस्था गर्दा वर्तमान सार्वजनिक खरिद ऐनले अनुसरण गरेका सिद्धान्त र मान्यतामा प्रतिकूल नहुने व्यवस्था मिलाउनुपर्दछ । सार्वजनिक खरिद अनुगमन कार्यालयले जारी गरेका बोलपत्रसम्बन्धी कागजातहरू प्रदेश र स्थानीय तहले समेत कार्यान्वयन गर्नुपर्दछ ।

९.८. बोलपत्र वा प्रस्ताव मूल्याङ्कनबाट छनौट भएका आपूर्तिकर्ताहरूको कबोल मूल्यमा देशभरका सबै कार्यालयहरूले संरचनात्मक करार सम्झौता गरी तोकिएको मूल्यमा खरिद गर्न सक्ने व्यवस्था गर्नुपर्दछ।

९.९. विद्युतीय खरिद प्रणाली अनिवार्य रूपमा लागू गरी दातृ निकाय तथा राष्ट्रबाट गरिने खरिदमा समेत सो प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । ठेक्काको कार्यान्वयन र भुक्तानीमा समेत उक्त प्रणाली प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

९.१०. खरिद एक प्राविधिक विषय भएकोले सार्वजनिक खरिद प्रक्रियामा संलग्न हुने कर्मचारिको दक्षता वृद्धि गरिनुपर्दछ ।

९.११. खरिद प्रक्रियामा हुने ढिलाइलाई न्यून गर्न बजेट सुनिश्चितताको आधारमा खरिद पूर्वका क्रियाकलापहरू जस्तै मानव संसाधनको तयारी, कार्यस्थल तयारी, ड्रइङ/डिजाइन तथा लागत अनुमान तयारी, बोलपत्र कागजात, सूचना प्रकाशन जस्ता कार्यहरू समयमै गरिनुपर्दछ ।

९.१२. भेरिएसन पश्चात् कार्य सम्पादन जमानतको रकम थप गर्ने वा नगर्ने तथा भेरिएसन जारी गर्दा प्रतिशतको आधारमा स्वीकृत गर्ने अधिकारी तोकिएको भए पनि प्रतिशत निर्धारण लागत अनुमान वा सम्झौता रकमका आधारमा गर्ने सम्बन्धमा अन्यौलता रहेकोले कानूनी स्पष्टता हुनुपर्दछ ।

९.१३. स्वदेशी वा विदेशी फर्मसंग ज्वाइन्ट भेन्चर गरी निर्माण कार्य गर्नको लागि छनौट हुने तर कम अनुभव भएको वा स्वदेशी फर्ममात्र संलग्न भई निर्माण कार्य गर्ने प्रवृत्तिलाई नियन्त्रण गर्न ज्वाइन्ट भेन्चर सम्बन्धी स्पष्ट व्यवस्था गर्नुपर्दछ । साथै एक प्रयोजनका लागि खडा गरिएको ज्वाइन्ट भेन्चरले निरन्तर कार्य गर्ने व्यवस्था अन्त्य गर्नुपर्दछ ।

९.१४. सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ मा विभिन्न श्रेणीका पदाधिकारीलाई खरिदसंग सम्बन्धित कार्य गर्ने अधिकार दिएको छ । प्रदेश तथा स्थानीय तहमा सोबमोजिमका पदाधिकारीहरू नहुने भएकाले अन्यौल रहेको छ । निकायको प्रकृतिअनुसार अधिकार सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था गर्नुपर्दछ ।

१०. **अनुदान -** कृषि, उद्योग तथा सेवा क्षेत्रलाई प्रोत्साहन गर्न अनुदान दिने र कमजोर वर्गलाई सहायता दिने परिपाटीलाई व्यवस्थित गर्न निम्नानुसार सुधार गर्नुपर्ने देखिन्छ :

१०.१. अनुदान तथा सहायता उपलब्ध गराउने कार्य आवश्यकतामा आधारित हुनुपर्दछ । अनुदान तथा सहायता प्रदान गर्दा राजस्व आम्दानी हुने, उत्पादकत्व वृद्धि गर्ने, क्षमता विकास हुने, रोजगारी सिर्जना हुने, पुँजी निर्माण हुने, सामाजिक आर्थिक रुपान्तरण हुने, व्यावसायिक दक्षता अभिवृद्धि हुने जस्ता पक्षमा ध्यान दिई सोको उपलब्धि सुनिश्चित हुने व्यवस्था मिलाउनुपर्दछ । वर्तमानमा रहेको आगत (इन्पुट) मा अनुदान दिने परिपाटीलाई अन्त्य गरी नतिजामा आधारित अनुदान प्रदान गर्ने व्यवस्था कार्यान्वयन गर्नुपर्दछ ।

१०.२. तीनै तहका सरकारबाट अनुदान र सहायता वितरण गर्ने परिपाटीमा बढोत्तरी भएको अवस्थालाई मध्यनजर गरी अनुदान र सहायता वितरणका लागि स्पष्ट कानूनी व्यवस्था हुनुपर्दछ ।

१०.३. अनुदान तथा सहायतामा संघ, प्रदेश र स्थानीय तहबाट दोहोरोपना नहुने, लाभग्राही छनौट पारदर्शी हुने, उपभोगका लागि अनुदान तथा सहायता प्रदान नगर्ने, सधै एउटै लाभग्राही लाभान्वित नहुने, अनुदानबाट व्यक्ति विशेषले भन्दा समुदायले लाभ लिने, लागत सहभागिताका आधारमा मात्र अनुदान प्रदान गर्ने जस्ता विषयलाई ध्यान दिई सोको लागि वस्तुगत मापदण्ड तथा विधि तय गर्नुपर्दछ । अनुदान र सहायताको विवरण सार्वजनिक गरी यसलाई पारदर्शी, मितव्ययी र जवाफदेही बनाउनुपर्दछ ।

१०.४. अनुदान तथा सहायता उपयोगको निरन्तर अनुगमन गर्नुपर्दछ ।अनुदानबाट उत्पादन तथा उत्पादकत्वमा योगदान पुगेको र जनताको जीवनस्तरमा सकारात्मक परिवर्तन आए नआएको सन्दर्भमा मूल्याङ्कन गर्नुपर्दछ । अनुगमन तथा मूल्याङ्कनको नतिजाका आधारमा अनुदान कार्यक्रम र कार्यविधिमा सुधार गर्नुपर्दछ ।

१०.५. नेपाल सरकारले प्रदेश तथा स्थानीय तहलाई र प्रदेश सरकारले स्थानीय तहलाई अनुदान उपलब्ध गराउँदा उक्त तहको खर्चको आवश्यकता तथा राजस्व क्षमताका आधारमा उपलब्ध गराइने वित्तीय समानीकरणको हिस्सा वृद्धि गर्ने र सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा कम गर्दै जानुपर्दछ । आन्तरिक आयबाट आत्मनिर्भर हुने स्थानीयतहलाई समेत समानरूपमा अनुदान दिने परिपाटी पुनरावलोकन गर्नुपर्दछ ।

- **सेवा प्रवाह**

११. **सार्वजनिक सेवा प्रवाह -** सार्वजनिक निकायले उपलब्ध स्रोत साधनको अधिकतम उपयोग गरी सेवा प्रवाहलाई मितव्ययी, प्रभावकारी र दक्षतापूर्वक सञ्चालन गर्न देहायबमोजिमका सुधार गर्नुपर्दछः

११.१. सेवा प्रवाहको समय, दूरी र लागत घटाउने तथा त्यस्तो सेवा प्रवाहलाई सुरक्षित, भरपर्दो र दिगो बनाउन विद्युतीय तथा मोबाइल गभर्नेन्ससँग आबद्ध गरी सेवा प्रवाह गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

११.२. सेवाग्राहीसँगको प्रत्यक्ष सम्पर्कका कारण सेवा प्रवाहमा हुने अनियमितता, ढिलासुस्ती, मोलाहिजा, व्यक्तिगत सम्बन्धका आधारमा प्राथमिकता र अधिकारको दुरुपयोगलगायतका गलत क्रियाकलाप नियन्त्रणका लागि विद्युतीय शासनको अवधारणाअनुरूप सूचना प्रविधि प्रणालीमा आधारित कागजरहित एवं फेसलेस सेवा प्रवाह गर्नुपर्दछ ।

११.३. सेवा प्रवाहमा संलग्न पदाधिकारी र जनशक्तिको विद्यमान घुमाउरो उत्तरदायित्व प्रणाली अन्त गरी सेवाग्राहीप्रति सीधै उत्तरदायी र जवाफदेही हुनुपर्ने प्रणाली लागू गर्नुपर्दछ । यसका लागि गुनासो व्यवस्थापनमा सामाजिक सञ्जाल र विद्युतीय माध्यमको प्रयोग गरी अनुगमन मूल्याङ्कन प्रणालीलाई व्यावहारिक रूपमा कार्यान्वयन गर्नुपर्दछ ।

११.४. क्षतिपूर्तिसहितको नागरिक बडापत्र राखी सोबमोजिम सार्वजनिक निकायले सेवाप्रवाह गरे नगरेको, समयमै सेवा प्रवाह नगरेकोमा सेवाग्राहीलाई क्षतिपूर्ति दिने व्यवस्था लागू भए नभएको सम्बन्धमा प्रभावकारी अनुगमन हुनुपर्दछ ।

११.५. सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाइ, सेवाग्राही सन्तुष्टि सर्वेक्षण, पत्रकार सम्मेलनका माध्यमबाट सार्वजनिक सेवाका सम्बन्धमा पृष्ठपोषण लिई सेवा प्रवाह सुदृढीकरण गर्नुपर्दछ।

११.६. सामाजिक सुरक्षा कार्यक्रम खण्डीकृत रूपमा विभिन्न निकायबाट सञ्चालित भएकोले सोलाई निराकरण गर्न सामाजिक सुरक्षासम्बन्धी एकीकृत नीति तयार गरी एक सामाजिक सुरक्षा समन्वय एकाइ स्थापना गरी सोमार्फत् सम्पूर्ण सामाजिक सुरक्षासम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाउनुपर्दछ।

११.७. सेवा प्रवाहलाई गुणस्तरीय र प्रभावकारी बनाउन चक्रीय समय प्रणाली, टोकन प्रणाली, लेआउट व्यवस्थापन र हेल्पडेस्क, कार्यविधि, प्रक्रिया एवं फाराम सरलीकरणलगायतका व्यवस्था कार्यान्वयनमा ल्याउनु पर्दछ ।

११.८. निजी तथा सार्वजनिक स्वास्थ्य सेवा प्रवाह गर्ने अस्पताल, क्लिनिक तथा विद्यालयहरूको सेवा सञ्चालन मापदण्ड, गुणस्तर र शुल्क निर्धारण गरी अधिकार क्षेत्रअनुसार संघ, प्रदेश र स्थानीय तहले नियमित अनुगमन गर्नुपर्दछ ।

११.९. सेवा प्रवाहमा सिर्जनशीलता र नवीन प्रविधिको प्रयोग बढाउने, अन्तर्राष्ट्रिय अनुभवको आदान-प्रदान तथा असल अभ्यासलाई सेवा प्रवाहको अवस्था हेरी प्रयोगमा ल्याउनुपर्दछ । संघ, प्रदेश र स्थानीय तह तथा अन्य सार्वजनिक निकायले गर्नुपर्ने सेवाप्रवाहमा दोहोरोपना नहुने व्यवस्था मिलाउनुपर्दछ ।

१२. **सूचना प्रविधिको उपयोग -** सूचना प्रविधिको उपयोग गरी संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सेवा स्वच्छ, पारदर्शी र विश्वसनीय बनाउने सन्दर्भमा देहायबमोजिम सुधारहरू गर्नुपर्ने देखिन्छः

१२.१. संघ, प्रदेश र स्थानीय तहका निकायबाट प्रवाह हुने सबै सेवाहरूलाई सर्वसुलभ, भरपर्दो, विश्वसनीय र मितव्ययी बनाउन सूचना प्रविधिको उपयोगमा जोड दिनुपर्दछ ।

१२.२. सरकारी निकायहरूले प्रयोगमा ल्याएका सूचना प्रणालीहरूको अभिलेख राख्ने, प्रणालीलाई एकीकृत गरी नियमन गर्ने तथा निकायगत अन्तरसम्बन्धित सूचना आदानप्रदान एवं उपयोग गर्न सक्ने प्रणालीको विकास गर्नुपर्दछ ।

१२.३. सुचना प्रविधिको प्रयोगका लागि खरिद गरिने सफ्टवयर तथा उपकरणको प्राविधिक तथा सेक्युरिटि अडिट अनिवार्य गरी तोकिएको मापदण्ड बमोजिम सफ्टवयर निर्माण भएको सुनिश्चित गरे पश्चात् मात्र कार्यान्वयन गर्नुपर्दछ । एकीकृत कार्यालय व्यवस्थापन प्रणालीको कार्यान्वयन गरी कागजरहित सरकारको अवधारणालाई मूर्तरूप दिनुपर्दछ ।

१२.४. कार्य सञ्चालनमा एकरूपता ल्याउन निकायको कार्यप्रकृतिअनुरूप आवश्यक पर्ने सफ्टवेयर विकास गरी संघ, प्रदेश र स्थानीयतहका निकायले प्रयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । कार्यालयपिच्छे सफ्टवयर खरिद गर्ने कार्यलाई निरुत्साहित गर्नुपर्दछ ।

१२.५. विद्युतीय र डिजिटल कारोबार सञ्चालनलाई व्यवस्थित र विश्वसनीय बनाउन उपयुक्त कानूनी व्यवस्थाको तर्जुमाका साथै विद्युतीय हस्ताक्षरसम्बन्धी व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।

१२.६. सरकारी निकायले छुट्टाछुट्टै डाटा सेन्टर सञ्चालन गर्ने कार्य आर्थिक, प्राविधिक एवं सुरक्षाको दृष्टिकोणले समेत चुनौतीपूर्ण देखिएकाले सरकारी एकीकृत डाटा सेन्टरलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप विकास गरी सबै सरकारी निकायले प्रयोग गर्ने अनिवार्य व्यवस्था मिलाउनुपर्दछ ।

१३. **संस्थान व्यवस्थापन -** सार्वजनिक संस्थानको वित्तीय व्यवस्थापनमा देहायबमोजिम सुधार गर्नुपर्ने देखिन्छः

१३.१. सार्वजनिक संस्थानको कार्यकुशलता अभिवृद्धि गरी प्रभावकारी रूपमा सञ्चालन र व्यवस्थापन गर्न संस्थान सञ्चालनको स्पष्ट नीति, एकीकृत कानून, रणनीतिक योजना तथा व्यावसायिक कार्ययोजना तर्जुमा गरी कार्यन्वयन गर्नुपर्दछ ।

१३.२. संस्थान सञ्चालक समितिमा व्यावसायिक दक्षता भएका विशेषज्ञलाई जिम्मेवारी दिने र व्यावसायिक कार्य योजनाको आधारमा प्रतिस्पर्धा गराई कार्यकारी प्रमुखको नियुक्ति गर्ने र कार्यकारी प्रमुखसँग कार्य सम्पादन करार गरी वार्षिक कार्यसम्पादन मूल्याङ्कनका आधारमा निरन्तरता दिने वा नदिने व्यवस्था मिलाउनुपर्दछ ।

१३.३. संस्थानको व्यावसायिक कार्ययोजना, कार्यक्षेत्र र कार्यबोझका आधारमा नयाँ संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी कर्मचारीको पद तथा संख्या यकिन गर्नुपर्दछ । कर्मचारीले सम्पादन गर्नुपर्ने कार्य विवरण एवं कार्यसम्पादन सूचकका आधारमा कर्मचारीको मूल्याङ्कन गरी वृत्ति विकाससँग आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३.४. सार्वजनिक संस्थानमा सरकारले गरेको शेयर तथा ऋण लगानी, ब्याज तथा लाभांश प्राप्तिको लेखाङ्कनलाई नियमित भिडान गरी अद्यावधिक गर्नुपर्दछ । वित्तीय योजना तयार गरी नेपाल सरकारलाई तिर्नुपर्ने ऋणको साँवा ब्याज समयमै भुक्तानी गर्नुपर्दछ ।

१३.५. सार्वजनिक संस्थानले प्रदान गर्ने सेवा, प्रतिस्पर्धात्मक क्षमता, सञ्चालन लागत एवं सान्दर्भिकता विश्लेषण गरी सञ्चालनमा रहेका संस्थानमध्ये सरकारी संलग्नता कायमै हुनुपर्ने, विनिवेश गर्नुपर्ने, व्यवस्थापन करार, नीजि क्षेत्रलाई सञ्चालन गर्न दिने, गाभ्ने वा खारेज गर्ने सम्बन्धमा स्पष्ट प्रारूपसहितको प्राथमिकता निर्धारण गर्नुपर्दछ ।

१३.६. संस्थानमा आर्थिक अनुशासन कायम गर्न नेपाल वित्तीय प्रतिवेदन मान पूर्णरूपमा कार्यान्वयन गरिनुपर्दछ। आन्तरिक नियन्त्रणलाई प्रभावकारी बनाई समयमै अन्तिम लेखापरीक्षण सम्पन्न गर्नुपर्ने र लेखापरीक्षणबाट देखिएका ब्यहोरा कार्यान्वयन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१३.७. सार्वजनिक संस्थानको स्वामित्वमा भएका जग्गा, जमिन, भवनलगायतका सम्पत्तिको उचित संरक्षण र उपयोग गर्दै सोको व्यवस्थित अभिलेख राखी नियमित प्रतिवेदन गर्नुपर्दछ ।

१३.८. संस्थानको सञ्चालन खर्चलाई वाञ्छित सीमाभित्र राख्न उपयुक्त नियन्त्रण पद्धति अवलम्बन गर्नुपर्दछ । प्रविधिमा आएको परिवर्तनसँगै संस्थानको संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी दरबन्दी पुनरावलोकन गर्नुपर्दछ ।

१३.९. निजीकरण गरिएका संस्थानमा समाधान हुन नसकेका विवाद निरुपण गर्नुपर्दछ । निजीकरण गरिएका संस्थानको सम्झौतामा उल्लिखित प्रावधान कार्यान्वयनको नियमित अनुगमन गर्नुपर्दछ । खारेज भएका वा सञ्चालनमा नरहेका संस्थानको मेसिनरी औजार, जग्गा, भवन, तथा उपकरणको लगत लिई उपयोगको व्यवस्था गर्नुपर्दछ ।

१४. **मानव संसाधन व्यवस्थापन -** संघ प्रदेश र स्थानीय तहमा मानवीय संसाधन व्यवस्थापनसँग सम्बन्धित देहायको सुधार गर्नुपर्ने देखिन्छ ।

१४.१. उपयुक्त व्यक्तिलाई उपयुक्त समय र स्थानमा पदस्थापनाको सिद्धान्तको व्यावहारिक प्रयोग गर्ने, कर्मचारी उत्प्रेरणा र मनोबल अभिवृद्धि गर्ने, सरुवा तथा बढुवालाई अनुमानयोग्य बनाउने र नेतृत्व क्षमता मूल्याङ्कन गरी विभागीय प्रमुख, आयोजना प्रमुखलगायतको जिम्मेवारी दिने व्यवस्था अवलम्बन गर्नुपर्दछ ।

१४.२. मानव संसाधन व्यवस्थापनमा रहेका समस्याहरू समाधान गर्न समसामयिक मानव संसाधन नीति, रणनीति एवं कार्यनीतिको व्यावहारिक कार्यान्वयनमा जोड दिने, सबै तहका सरकारबाट सुस्पष्ट मार्गचित्र सहितको एकीकृत मानव संसाधन विकास र व्यवस्थापन योजना निर्माण गर्नुपर्दछ ।

१४.३. प्रदेश र स्थानीय तहमा दरबन्दीबमोजिम जनशक्तिको पदपूर्ति यथासमयमा हुन नसकेकोले विकास निर्माणलगायतका कार्य सम्पादन गर्न सम्बन्धित क्षेत्रका प्राविधिकको कमी उल्लेखनीय रहेको स्थिति छ। तसर्थ दरबन्दी पुनरावलोकन गरी आवश्यक दरबन्दीअनुसार पदपूर्ति गर्ने व्यवस्था मिलाउनुपर्दछ।

१४.४. प्रतिस्पर्धात्मक तवरले काम गर्न सक्ने ज्ञान, सीप तथा क्षमताको विकास गर्ने स्वदेशी तथा विदेशी तालिम प्रदान गरी त्यस्ता जनशक्तिको प्रभावकारी तवरले उपयोग गर्ने व्यवस्था मिलाउनुपर्दछ । निजामती कर्मचारीको राष्ट्रिय तालिम नीति परिमार्जन गरी तालिमलाई व्यावसायिक बनाउनुपर्दछ । राष्ट्र सेवकमा विषय सान्दर्भिक अद्यावधिक ज्ञान र सीपलाई निरन्तरता दिन र कुशलता अभिवृद्धिका लागि हरेक वर्ष न्यूनतम समयावधिको तालिम लिनुपर्ने व्यवस्था गर्नुपर्दछ ।

१४.५. निजामती सेवा र अन्य सरकारी सेवाको जनशक्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनुपर्दछ । विश्वविद्यालयको पाठ्यक्रममा निजामती वा अन्य सरकारी सेवामा आवश्यक पर्ने ज्ञान र सीप समावेश गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

१४.६. निजामती र अन्य सरकारी सेवाबाट अवकाश प्राप्त जनशक्तिको ज्ञान, सीप र अनुभवलाई सरकारी सेवामा उपयोग गर्ने नीतिगत तथा कानूनी व्यवस्था मिलाउनुपर्दछ ।

१४.७. भविष्यमा आवश्यक पर्ने जनशक्तिको वैज्ञानिक प्रक्षेपण गरी सोहीबमोजिम जनशक्ति उत्पादन हुने व्यवस्था मिलाउनुपर्दछ ।

• लेखाङ्कन तथा प्रतिवेदन र आन्तरिक नियन्त्रण

१५. **लेखाङ्कन तथा प्रतिवेदन -** आर्थिक कारोबारको लेखा राख्ने र सरोकारवालाको आवश्यकताअनुरूप प्रतिवेदन गर्ने व्यवस्थामा देहायको सुधार गर्नुपर्दछ ।

१५.१. सरकारले अपनाएको नगदमा आधारित नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) लाई अन्तर्राष्ट्रिय सार्वजनिक क्षेत्र लेखामान (इप्सास) मा भएको परिवर्तनबमोजिम अद्यावधिक गर्नुपर्दछ । नेपाल सार्वजनिक क्षेत्र लेखामान (नेप्सास) को आधारमा महालेखापरीक्षकबाट स्वीकृत ढाँचामा वित्तीय विवरण तयार गर्नुपर्दछ । साथै कार्यात्मक वर्गीकरण, दिगो विकास लक्ष्य संकेत, लैंगिक उत्तरदायी बजेट संकेत, जलवायु परिवर्तन बजेट संकेतसमेतको आधारमा लेखाङ्कन र विवरण प्रस्तुत गर्ने व्यवस्था गर्नुपर्दछ।

